# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

२७

पूर्णाङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संकृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ फूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

वर्ष ७ अङ्क ३

## [इतिहास-प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक —

देवीप्रसाद भण्डारी

(संशोधन-मण्डलद्वारा)

सहयोगी —

रामजी तेवारी

# विषयसूची


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | विद्वत्पूजा | —नयराज पन्त | १२७–१५३ |
| | *प्रस्तावना* | *१२७-१३०* | |
| | *आदरणीय ऐतिहासिक शिरोमणि शाज्यू* | *१३१-१५३* | |
| २. | नेपालमा भएको मुसलमानी आक्रमण | —बाबुराम आचार्य | १५४–१६१ |
| ३. | मनकामनाका पुजारी | —बाबुराम आचार्य | १६२ |
| ४. | देवप्रयागका पण्डा तेवारीको खाताबहिमा | —बाबुराम आचार्य | १६२ |
| ५. | राजाहरूका गोत्र | —बाबुराम आचार्य | १६३ |
| ६. | गोरखाविजयकालका घटना | — बाबुराम आचार्य | १६३–७४ |
| ७. | राजेन्द्रविक्रम शाहको शासन | —बाबुराम आचार्य | १७४–१७७ |
| ८. | जङ्गबहादुर | —बाबुराम आचार्य | १७८ |
| ९. | १९३८ सालको पर्व | —बाबुराम आचार्य | १७८–१८० |
| १०. | सङ्घर्ष केको लागि ? | —नयराज पन्त | १८०–१८५ |
| ११. | हाम्रो वक्तव्य | | १८६–१८७ |
| १२. | विह्वलता | — नयराज पन्त | १८८ |

# विद्वत्पूजा

## प्रस्तावना

मेरा मातामह पं. भुवननाथ पाँडेको देखरेखमा म हुर्केको हुँ । पाँच वर्षको उमेरदेखि म उहाँकै कोठामा सुत्न खेल्न बस्न लागेको हुँ । उहाँको पुर्ख्यौली ज्यौतिषविद्या नै पढेर मैले जीवनयापन गरें । वि. सं. १९७७ सम्म उहाँ रानीपोखरी संस्कृतपाठशालामा ज्यौतिषका अध्यापक हुनुहुन्थ्यो । त्यसै वर्ष श्री ५ महाराजाधिराजको दरबार नारायणहिटीमा अध्यापक भई उहाँ सर्नुभयो । उहाँपछि श्रीगुरु पं. हेमनाथ भट्ट रानीपोखरी पाठशालामा ज्यौतिषका अध्यापक हुनुभयो । वि. सं. १९९७ मा श्रीगुरु पं. हेमनाथ भट्टको स्वर्गबास भयो । त्यसै बर्ष म रानीपोखरी पाठशालामा ज्यौतिषको अध्यापक नियुक्त भएँ । त्यस वर्षदेखि अहिले वि. सं. २०२९ सम्म ज्यौतिष पढाएर नै मैले जीवनवृत्ति चलाएर आएको छु । मेरा मातामहको स्नेह र शिक्षा मैले नपाएको भए ज्यौतिषशास्त्र पढ्ने पढाउने भई यस रूपमा मैले उत्रनु गाह्रै थियो । इतिहासविषयको पहिलो शिक्षा पनि मैले मेरा मातामहबाटै पाएको हुँ । सबभन्दा ठूलो कुरा मैले मातामहबाट पाएको शिक्षा एकपत्नीव्रत, फुर्सद पायो कि लेखपढ गर्न थालिहाल्ने खालि नबस्ने बानी र अर्काको पैसामा लोभलालचा नगरी ईमानदारीसँग जीवन बिताउने गुण हुन् । यी सबै गुण मैले मेरा मातामहबाहेक अन्त एउटै मानिसमा पाउन सकेको छैन । सम्भव छ, अरूको नगीचमा म त्यसरी नबसेको हुनाले त्यसो भएको होला । तैपनि मेरो हृदयमा मेरा मातामहप्रति भक्ति तथा आदर छ ।

नेपालको इतिहासको विषयमा मैले केही काम गरेको छु । नेपालको इतिहासविषयमा काम गर्ने मनुष्यहरूका लेखलाई खोजी खोजी मैले पढेको तथा सङ्ग्रह गरेको छु तथा केहीको व्यक्तिगत सम्पर्कमा पनि म रहेको छु । ऐ. शि. बाबुराम आचार्यको निकटतम सम्पर्कमा म धेरै वर्ष रहेको छु । जस्तो अवस्थामा जति कष्ट सहेर नेपालको इतिहासको अन्वेषण तथा अध्ययन उहाँले गर्नुभयो, त्यति कष्ट सहेर अन्वेषण तथा अध्ययन गर्ने मनुष्य मैले आजसम्म देखेको छैन । यो पनि सम्भव छ, अरूको नगीचमा म त्यसरी नबसेको हुनाले त्यसो भएको होला । तैपनि मेरो हृदयमा ऐ. शि. ज्यूप्रति आदर छ[१] ।

पढ्ने पढाउने काममा लागेको हुनाले ग्रन्थको अर्थ सकेसम्म बुझ्ने काममा म लागेको छु ।

---

१.वि. सं. १९९६ देखि म लिच्छविअभिलेखको सङ्ग्रह गरी अनुवाद तथा व्याख्यासमेत प्रकाश गर्ने उद्योगमा लागेको थिएँ । मैले वि. सं १९९६ ज्येष्ठ ४ गते बुधवार त्यसको प्रारम्भ गरेको थिएँ । त्यसको प्रारम्भका श्लोक यस्ता थिए––

ग्रन्थको ठीकसँग अर्थ गर्न सक्ने विद्वान्हरूमा पण्डितवर पद्मप्रसाद भट्टराईज्यूलाई मैले श्रेष्ठतम ठानेको छु[२] । यो पनि सम्भव छ, अरूको नगीचमा म त्यसरी नपरेको हुनाले त्यसो भएको होला । तैपनि मेरो हृदयमा पद्मप्रसादज्यूप्रति आदर छ ।

मेरा मातामहको स्वर्गवास वि. सं. २००० पौष २४ गते शनिवार भएको हो । त्यसै वेला उहाँको जीवनचरित्र मैले लेखेको थिएँ । त्यसलाई प्रकाश गर्ने इच्छा त थियो,

---

यत्रो देश र कालको अवधिमा प्राचीन गाथा–श्रुति
पाइन्छन् जति ती सबैकन यहाँ पल्टाइ हेरे पनि ।
सच्चा मानव–धर्म–पालक कुनै पाइन्न जस्ले सम
ती रामैकन मात्र भित्र दिनहूँ संझीरहोस् यो मन ।।१।।
प्यारा ! मित्र ! यथार्थ सत्य घटना प्राचीन नेपालका
केही जान्न उपाय छन् यदि भने यी लेख नै छन् यहाँ ।
यो सम्झीकन एकपल्टतक ता आलोचना यो गर,
केही सार हुनन् अवश्य यसमा, खोजी त केही गर ।।२।।
सादा सुन्दर शब्दमा सहज नै प्रौढत्वको साथमा
केही क्लिष्ट विचार गर्नु नपरी झल्काउने भावना ।
सच्चा संस्कृत–वाक्य–बन्ध सहजै सिक्ने भए कामना
हेरे लिच्छवि–राज्यका गुण–कथा–सत्कीर्तिका यी शिला ।।३।।

वि. सं. २००२ सम्म लिच्छविइतिहासविषयका ३ कापी मैले तयार गरिसकेको थिएँ । त्यसै वेलातिर सो पुस्तक समाप्त गरी बाबुराम आचार्यमा समर्पण गरुँला भन्ने विचारले मैले तलका पद्य रचना गरेको थिएँ —

भारतीपदसेवाप्तज्योतिर्द्योतितमानसे ।
सौजन्यसद्गुणाधारे विद्यामात्रपरिग्रहे ।।१।।
सरस्वतीभक्तजनसमादरपरायणे ।
अगाधप्रत्नतत्त्वाब्धिप्राप्तमुक्तालसद्गले ।।२।।
जन्मभूमिभक्तिमूर्तौ श्रीबाबुरामशर्मणि ।
निर्मलप्रतिभाद्युत्या जाते सन्मार्गदर्शिनि ।।३।।
समाप्तोऽयं सुप्रबन्धो लिच्छविकीर्तिदीपकः ।
तदीयपदपाथोजद्वन्द्वे भक्त्या समर्पितः ।।४।।

२. पूर्णिमा १६ अङ्कका ४१५–४१८ पृ. ।

तर त्यस वेलाका नानाथरीका बन्धनले मैले त्यसो गर्न सकिनँ । उहाँले मुहूर्तविषयको एक ग्रन्थ लेख्नुभएको छ । त्यसलाई त्यसैका साथ प्रकाश गराउँला भन्दा भन्दै यतिका वर्ष बितिसके । तैपनि प्रकाश गराउन मैले सकेको छैन । सो प्रकाश गराउने मेरो इच्छा छँदैछ ।

वि. सं. २०२० मा सूर्यसिद्धान्तअनुसार आश्विनमा अधिमास परेको थियो । त्यस वेला पञ्चाङ्गविवेचकसमितिका अध्यक्ष पण्डितवर पद्मप्रसाद भट्टराईज्यू हुनुहुन्थ्यो । उहाँको अध्यक्षतामा भदौमा सोह्रश्राद्ध, कार्तिकमा दसैँ गर्ने निर्णय भयो । केही मानिसहरूले यसको विरोधमा हल्ला मच्चाए । आफ्नो कमलो स्वभावअनुसार दैवसंयोग ऐ. शि. ज्यू विपक्षमा खडा हुनुभएछ । त्यस वेला म धर्मसङ्कटमा परेँ । किनभने ऐ. शि. ज्यू तथा पण्डितवर पद्मप्रसाद भट्टराईज्यू दुवैजना मेरा आदरणीय हुनुहुन्छ । उहाँहरूको सम्बन्ध पनि ससुरा जुवाइँको छ । धार्मिक विषयमा शास्त्रकै प्रामाण्य हुने हुनाले मैले ससुराको पक्ष नलिई जुवाइँको पक्ष लिएँ । यसबाट ऐ. शि. ज्यूको उपरमा मैले केही अनादर गरेको होइन, आफ्नो कर्तव्य मात्र पालन गरेको हुँ भन्ने मेरो धारणा छ । जे भए पनि त्यो जालबाट म उम्केँ, ऐ. शि. ज्यू जालमा पर्नुभयो भन्ने मलाई लाग्छ । किनभने दृग्गणितवादको हल्ला मच्चाउनेहरूले त्यस वेला किन हल्ला मच्चाएका थिए भन्ने कुरा हालसालैको कुराले स्पष्ट गरिदिएको छ[३] ।

ऐ. शि. ज्यू इतिहासविषयका अगाधपाण्डित्यशाली विद्वान् हुनुहुन्थ्यो तापनि धर्मशास्त्र ज्यौतिषशास्त्रहरूमा उहाँको ज्ञान केही सीमाभित्रै थियो । परन्तु उहाँलाई अघि सारी आफ्नो स्वार्थसाधन गर्न खोज्नेहरूको बहकाउमा उहाँ लाग्नुभयो र यथार्थ कुरा उहाँलाई निवेदन गर्न मैले पूर्णिमाको पन्ध्रौँ अङ्कमा त्यस विषयका कुरा विस्तारपूर्वक लेख्नुपर्‍यो ।

ऐ. शि. ज्यूलाई आराम नहुँदा म उहाँको दर्शन गर्न सधैँ जान्थेँ । धेरै पटक त उहाँ वीरअस्पतालमै बस्नुभएको थियो । एक पटक वि. सं. २०२३ तिर कान्तिअस्पतालमा उहाँ बस्नुभएको थियो, त्यहाँ पनि म गएको थिएँ । उहाँलाई आराम नहुँदा म उहाँको घरमा पनि जान्थेँ । यस पाली वि. सं २०२९ मा बिरामी भई वीरअस्पतालमा उहाँ बस्नुभएको रहेछ । उहाँको दर्शन गर्न म पाँच पटक त्यस अस्पतालमा गएको थिएँ ।

अब ऐ. शि. ज्यूसँग भेटघाट हुने कुरा गयो । उहाँको इतिहासविषयको ज्ञान सर्वोत्कृष्ट छ भन्ने म सम्झन्छु । यस कारण उहाँका अप्रकाशित सबै लेख प्रकाशित होऊन् भन्ने मेरो इच्छा छ । आफूले वि. सं. १९९० वा त्यसभन्दा अलिकतापछि लेखेको नेपालमा भएको मुसलमानी आक्रमण भन्ने अन्वेषणात्मक लेख उहाँले त्यस वेला प्रकाश गराउन सक्नुभएन[४] । त्यो लेख मैले वि. सं. १९९५ तिर अविकल सारेर राखेको थिएँ । त्यसलाई अब प्रकाश गराउनु असल

३. परिशिष्टमा छापिएको सङ्घर्ष केको लागि भन्ने निबन्ध ।
४. पूर्णिमा १५ अङ्कका ३२५–३२६ पृ. ।

सम्झी पूर्णिमाको यस अङ्कमा प्रकाशित गराएको छु । गोरखाविजयकालका घटना[५] र राजेन्द्रविक्रम शाहको शासन पनि उहाँले परिश्रमपूर्वक तयार गर्नु भएको थियो । त्यसलाई पनि मैले अविकल सारेर राखेको थिएँ । त्यसलाई पनि अहिले प्रकाशित गराएको छु । साथै उहाँले लेख्नुभएका १९३८ सालको पत्र आदि ५ वटा अरू लेख पनि मसँग रहेका थिए । अप्रकाशित ती साना–साना लेखलाई पनि मैले यहाँ प्रकाश गराएको छु । गोरखाविजयकालका घटना र राजेन्द्रविक्रम शाहको शासन आदि ४० वर्ष जति पहिले तयार पारिएका र नेपालमा भएको मुसलमानी आक्रमण पनि ३८,३९ वर्ष जति पहिले लेखिएकोले त्यहाँ केही संशोधन आवश्यक भइसकेका छन् । ऐ. शि. ज्यूले पनि यस विषयमा केही संशोधन गर्नु भएको छ । पूर्णिमाहरूमा पनि यस विषयमा केही संशोधन आइसकेका छन् । तैपनि अहिले तात्कालिक लेखलाई जस्ताको तस्तै प्रकाश गर्दा उहाँले उस बेला गर्नुभएको अन्वेषण स्पष्ट हुने हुनाले यहाँ जस्ताको तस्तै प्रकाश गरिएको छ । उहाँबाट सारी लिएका पत्रहरूलाई उहाँको नामसाथ प्रकाश गराउँदै आएको छु[६] तथा भविष्यमा पनि गर्दै जानेछु ।

तात्कालिक घटनाको प्रभाव मेरो हृदयमा अत्यन्त पर्छ । ऐ. शि. ज्यूको मृत्युको घटनाले मेरो हृदय अत्यन्त विकल भयो र म उहाँसँगको आफ्नो सम्बन्धलाई झलझल देख्न लागेँ । यस अवस्थामा मैले उहाँको विषयलाई लिई ४० पद्य बनाएँ । तिनलाई यहाँ पहिले स्थान दिई अरूलाई क्रम मिलाई प्रकाश गराएको छु ।

—नयराज पन्त

संशोधन–मण्डल

वि. सं. २०२९ भाद्र २९ गते बुधवार — १०/३७४ वटु सबलबहाल

काठमाडौं, नेपाल

---

५. पूर्णिमा ५ अङ्कको ६० पृ. ।

६. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग) का १९ पृ., २८ पृ., ५३ पृ., ५६ पृ., ७७ पृ., ७९ पृ., १०० पृ., १०१ पृ. ।

ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग) का १ पृ., ७७ पृ., ९६ पृ. ।

इतिहास–संशोधनको प्रमाणप्रमेयका २८८ पृ., २९२ पृ., २९८ पृ. ।

अभिलेख–सङ्ग्रह (पहिलो भाग) का १३ पृ., १६ पृ. ।

पृथ्वीनारायण शाहको उपदेशका ३९२ पृ., ४३६ पृ., ९२९ पृ., ९३२ पृ., ९६२ पृ., ९८६ पृ., ११५४ पृ., ११६९ पृ. ।

पूर्णिमा ४ अङ्कको ६१ पृ., ६ अङ्कका १४ पृ. २३ पृ., ७ अङ्कको ५३ पृ., ८ अङ्कको ७ पृ., १० अङ्कको ४९ पृ., १६ अङ्कको ३८५ पृ., १७ अङ्कको १९ पृ., २२ अङ्कको १४१ पृ. ।

# आदरणीय ऐतिहासिकशिरोमणिज्यू

**जन्म्यौ तिमी पण्डितका भई सुत, पढ्दै गयौ शैशवदेखि संस्कृत ।**
**यहाँ र काशी दुइटा प्रदेशमा शिक्षा लिएथ्यौ गणितादिशास्त्रमा ।।१।।**

बाबुराम आचार्यज्यू मलाई तिमी भनी सम्बोधन गर्नुहुन्थ्यो–

श्री

पं. नयराज

तिम्रो बुद्धचरित पठाएको छ. वख्तमानसिंहसंग रहेको धोकलसिंहको शिलालेखको नकल अशुद्ध छ. तिमीसंग रहेको नकल दिए बेस होला. समितिका निमित्त होइन. मेरानिमित्त चाहिएको छ.

बाबुराम

म उहाँलाई तपाईं भनी सम्बोधन गर्थें ।

यहाँ पद्य भएको हुनाले

बाल्ये सुतानां सुरतेऽङ्गनानां स्तुतौ कवीनां समरे भटानाम् ।
त्वङ्कारयुक्ता हि गिरः प्रशस्ताः कस्ते प्रभो मोहभरः स्मर त्वम् ।।९८।।

(भोजप्रबन्ध)

[केटाकेटीमा छोराछोरीले, सुरतमा स्त्रीले, स्तुतिमा कविले, लडाइँमा सिपाहीले तँ तिमी भनेको नै सुहाउँछ । हजुरलाई यो के माद चढेको हो ?]

यस उक्तिको अनुसरण गरी यहाँ तिमी प्रयोग गरिएको हो ।

पण्डितका सुत = पण्डित धर्मदत्त आचार्यका छोरा ।
जन्म–वि. सं. १९४४ फाल्गुन २९ गते शनिवार ।

काठमाडौंमा र काशीमा व्याकरणमध्यमा र ज्यौतिषमध्यमाको शिक्षा तथा स्वतन्त्र अध्ययन ।

**बझाङका भूपतिसाथ सङ्गम तिम्रो भयो, वृत्ति मिल्यो तिमीकन ।**
**ती भूप विद्याव्यसनी निकै थिए, नयाँ नयाँ ग्रन्थ रची छपाउँथे ।।२।।**

बझाङका भूपति = बझाङ्गी राजा कर्णल जयपृथ्वीबहादुरसिंह ।

| पुस्तकको नाम | प्रकाशनमिति | रचयिताको नाम |
|---|---|---|
| (१) बालबोध नम्बर १ | वि. सं. १९५८ | राजा जयपृथ्वीबहादुरसिंह |
| (२) श्रेस्तादर्पण पहिलो किताप (तेस्रो संस्करण) | वि. सं. १९६० | " |
| (३) शिक्षादर्पण दोस्रो भाग (भारतको कुरा) | वि. सं. १९६४ | " |
| (४) शिक्षादर्पण तेस्रो भाग (जापानको कुरा) | " | " |
| (५) डिफेन्स | " | राजा जयपृथ्वीबहादुरसिंहले र कर्णेल जुद्धबहादुर राउतले उल्था गरेको |
| (६) बृगेड | वि. सं. १९६५ | " |
| (७) भूगोलविद्या (सानो) | | राजा जयपृथ्वीबहादुरसिंह |
| (८) भूगोलविद्या (ठूलो) | वि. सं. १९६७ | " |
| (९) प्राकृतव्याकरण अर्थात् पर्वतीय भाषाको व्याकरण | वि. सं. १९६९ | " |

मदनपुरस्कारपुस्तकालयका पुस्तक हेरी यो सूची तयार पारिएको हो । जयपृथ्वीबहादुर-सिंहका पुस्तक अरू पनि हुनन् ।

मेरा मामा सेरुनाथ पाँडे र मेरी आमाकी फुपूका छोरा कविराज पाँडे मिली बनाएको सरल बीजगणित वि. सं. १९८१ मा प्रकाशित भएको हो । सो पुस्तक लेखिँदा म ९, १० वर्षको थिएँ । कोठामा धेरै किसिमका बीजगणित फिँजिएका हुन्थे । बाबुरामको बीजगणित यो हो भन्ने कुरा पनि मैले त्यहाँ सुनेको थिएँ । पशुपति प्रेसका प्रबन्धक दुर्गादेव पाँडे (प्राध्यापक साम्बदेव-का पिता) ले बाबुराम कस्ता मान्छे रहेछन्, बीजगणित छपाए, लाँदैनन्, हाम्रो पैसा परिरहेछ, कि हामीलाई नै छोडिदिऊन्, त्यसो पनि गर्दैनन् भनी गनथन गरेको मैले सुनेथें । पछि वि. सं. १९९८ तिर म पनि बीजगणित लेख्न लागेको थिएँ । त्यस वेला नेपालीमा बीजगणित कसकसले कहिले कहिले लेखेका रहेछन् भनी जान्ने इच्छा मलाई भयो र खरीदार बाजेसँग तपाईंले बीजगणित कुन सालमा लेख्नुभएको हो भनी मैले सोधें । उहाँले मेरो बीजगणित तिमीले कहाँ देख्यौ र भनी भन्नुभयो । मैले माथिको कुरा भनें । ए, त्यो बीजगणित मैले बनाएको होइन, बझाङ्गी राजाले बनाएका हुन्, मैले प्रबन्ध मात्र गरिदिएको हुँ भनी उहाँले भन्नुभएको थियो ।

तौं भूपको सङ्गतबाट नूतन विचारधारा मिलिगो तिमीकन ।
नयाँ नयाँ पुस्तक पढ्न तत्पर तिमी भयौ बुद्धिविकासखातिर ।।३।।

नेपालका शासक चन्द्रकी सुता बझाङका भूपतिकी थिइन् प्रिया ।
श्रीचन्द्रकै आश्रयमा रहीकन ती भूप गर्थे निज कार्यपालन ।।४।।

चन्द्र =श्री ३ महाराज चन्द्रशमशेर जङ्गबहादुर राणा (शासनकाल– वि. सं. १९५८–१९८६) ।
चन्द्रकी सुता = खगराजदिव्येश्वरी (यो नाम श्रीबखतमानसिंह बस्न्यातबाट प्राप्त भएको हो ।)

विचारधारा ससुरा जुवाइँको मिलेन, भो विह्वलता जुवाइँको ।
नेपालको त्याग गरेर भारत गई बसे ती नृपति प्रियासित ।।५।।

जयपृथ्वीबहादुरसिंहको विषयमा श्रीकमल दीक्षितको कागतीको सिरपनामक ग्रन्थका ८–१७ पृष्ठमा र पूर्णिमा ८ अङ्कको ७४ पृष्ठमा पनि केही कुरा छन् ।

सर्‌यौ तिमी श्रीगुरु हेमराजको विभागमा संस्कृतशिक्षणादिको ।
प्रबन्ध गर्दै उनकै सहायक भएर तिम्रो बितिगो निकै वय ।।६।।

श्रीगुरु हेमराज = माहिला गुरुज्यू ।

उनताका पाठशाला-बन्दोबस्तका २ फाँट थिए । अङ्ग्रेजी फाँटका डाइरेक्टर जनरल बहादुर शमशेर, जनरल मृगेन्द्रशमशेर, जनरल शारदाशमशेर, जनरल मृगेन्द्रशमशेर क्रमैसँग भए । नागरी फाँटका डाइरेक्टर गुरुज्यू हेमराज, जनरल मृगेन्द्रशमशेर, गुरुज्यू हेमराज क्रमैसँग भए । नागरी फाँटले संस्कृतपाठशाला र भाषापाठशालाको प्रबन्ध गर्थ्यो ।

विद्या विद्यारुचि हेमराजमा थियो तथा पुस्तकराशि साथमा ।
थियो, त्यसैले उनका सहायक हुँदा मिल्यो औसर पढ्न पुस्तक ।।७।।

स्वदेशका पण्डितको समागम हुने थियो स्थान त्यही निकेतन ।
चल्थे कुरा शास्त्र र लोकका पनि, वक्ता थियौ एक त्यहाँ तिमी पनि ।।८।।

प्राचीनविद्यापठनार्थतत्पर विदेशका पण्डितवर्गखातिर ।
खुला रहन्थ्यो गुरुराजको घर, ती दृश्य गर्थ्यौ श्रुति-नेत्र-गोचर ।।९।।

सिल्भेन लेभी आदि विद्वान्हरूसँग हेमराजज्यूको समागमलाई बाबुराम आचार्यले प्रत्यक्ष देख्नुभएको थियो । त्यसको वर्णन उहाँ बराबर गर्नुहुन्थ्यो ।

निकै पुरानो युगदेखि सञ्चित नेपालभूमीश्वरगेहमा स्थित ।
आई बसे पुस्तक नव्य गेहमा श्रीवीरको नाम लिएर साथमा ।।१०।।

दैवात् त्यही सुन्दर पुस्तकालयसँगैसँगै नूतन भव्य आलय ।
बन्यो र अड्डा त्यसमा खडा भयो, नियुक्ति तिम्रो त्यसमै हुँदो भयो ।।११।।

वीरपुस्तकालयसँगसँगै बनेको त्रिचन्द्रकलेजको भवनमा पाठशालाबन्दोबस्तअड्डा रहेको थियो । सो अड्डाको नागरी फाँटका हाकिम खरीदार बाबुराम आचार्य हुनुहुन्थ्यो ।

विदेशका पण्डितवर्गखातिर खुला रहन्थे सब पुस्तकालय ।
स्वदेशका पण्डितवर्गखातिर भने थिए नित्य कपाटसंवृत ।।१२।।

सब पुस्तकालय = वीरपुस्तकालय, केसरपुस्तकालय, हेमराजको पुस्तकालय (भारतीभवन) ।

विदेशका पण्डितवर्गसंमुख अध्यक्षको साथ भई सहायक ।
पुग्थ्यौ तिमी पुस्तकराशिसंमुख, सुन्थ्यौ कुरा खूप भएर उत्सुक ।।१३।।

चातुर्यले वा पदजन्यशक्तिले वा कर्मचारीसँग साँठगाँठले ।
श्रीवीरको पुस्तकको निकेतन आधा खुले झैं हुन गो तिमीकन ।।१४।।

मिल्थ्यो जसै फुर्सद क्यै तिमीकन, पसेर त्यै पुस्तकको निकेतन ।
हेर्थ्यौ कुनै पुस्तक सार्दथ्यौ पनि, यै रीतले ज्ञान बढाउँथ्यौ तिमी ।।१५।।

नयाँ पुराना अभिलेख चाखले पढ्थ्यौ, चिठीपत्रहरू प्रयत्नले ।
खोज्थ्यौ र पढ्थ्यौ, अनि सार्दथ्यौ पनि यै काममा सक्त हुँदै गयौ तिमी।।१६।।

चिठी शिलापत्रहरू लिईकन वंशावलीलाइ गरी परीक्षण ।
प्रमाणशाली इतिहास लेखनको प्रारम्भ तिम्रो श्रम-बुद्धिबाट भो ।।१७।।

नानाथरी मानिससाथ सङ्गम गर्दा र सुन्दा तिनका कुराकन ।
आनन्द तिम्रो मनलाइ लाग्दथ्यो, केहीनकेही पर दृष्टि पुग्दथ्यो ।।१८।।

इत्यादि धेरै गुणले गरीकन तिम्रो भयो विस्तृत भित्र लोचन ।
धेरैजसो ता अनुमानले पनि मिलाइदिन्थ्यौ घटनाहरू तिमी ।।१९।।

मेरा मातामह पं. भुवननाथ पाँडेका साथी पं. धर्मदत्त आचार्य (ऐ. शि. ज्यूका पिता) हुनुहुन्थ्यो । मेरा मातामहलाई भेट्न खरीदार बाबुराम आचार्य कहिलेकहीँ आउनुहुन्थ्यो । यस कारण मलाई उहाँले केटाकेटीदेखि नै चिन्नुभएको थियो । मेरो र उहाँको गाढा सम्बन्ध भने वि. सं. १९९५ देखि भएको हो ।

खरीदार बाबुराम आचार्यले मसँग भएको पहिलो समागमताका (वि. सं. १९९५ तिर) नै प्रसङ्गवश भन्नुभएको थियो– अब नेपालमा राणाशासन बीस वर्षभन्दा बढ्ता रहन सक्तैन । मैले यसको कारण के हो भनी उहाँसँग प्रश्न गरेँ । त्यसको जवाफमा उहाँले राणाराज्य अङ्ग्रेजी साम्राज्यको भरमा अडिरहेछ; वि. सं. १८१४ मा अङ्ग्रेजले बङ्गालविजय गरी भारतमा आफ्नो साम्राज्यको जग हाले; त्यसको ५० वर्ष जतिपछि वि. सं. १८६२ मा मरहट्टालाई हराई भारतको मुख्य शक्तिको रूपमा अङ्ग्रेजको उदय भयो; त्यसको ५० वर्ष जतिपछि वि. सं. १९१४ मा भारतमा उठेको विद्रोहलाई दमन गरी अङ्ग्रेजले एशियामा मुख्य स्थान प्राप्त गरे; त्यस वेलादेखि यूरोपको शक्तिको संमुख एशियाली शक्ति टिक्न सक्दो रहेनछ भन्ने सिद्ध भयो; त्यसको ५० वर्ष जतिपछि वि. सं. १९६२ मा जापानले रूसलाई हराई त्यस कुराको खण्डन गरिदियो; अहिले भारतमा अङ्ग्रेजविरोधी शक्तिहरू नयाँ रूपमा क्रमशः उठ्न लागिरहेछन्; त्यस कारण वि. सं. १९६२ को पचास वर्ष जतिमा अर्थात् वि. सं. २०१४ मा भारतबाट अङ्ग्रेजी साम्राज्य बिदा हुन्छ; भारतबाट अङ्ग्रेजी साम्राज्य गएपछि नेपालबाट राणाशासन त्यसै जान्छ भनी भन्नुभएको थियो । त्यसमा द्वितीय महासमरको कारणले अलि चाँडो भयो ।

भारत स्वतन्त्र भएपछि वि. सं. २००४–५ तिर एक दिन आचार्यज्यूसँग भेट हुँदा पाकिस्तान पूर्व र पश्चिम मिलेर बनेको छ; पूर्वपट्टिको भाग पाकिस्तानसँग छुट्टिएला कि के गर्ला; यसमा तिमी के भन्छौ भनी उहाँले मसँग सोध्नुभयो । म आजभोलि पढ्ने पढाउने काममा विशेष रूपले लागेको छु; जनसम्पर्क मेरो कम छ; यस कारण मैले गरेको राजनीतिविषयको विचार त्यति पक्का हुँदैन भनी मैले उहाँलाई जवाफ दिएँ । अहिले पूर्व बङ्गाल छुट्टिई बङ्गलादेश बनेको देख्दा उहाँको विचारशीलताको प्रमाण मिल्छ ।

पक्षे रूपघने पदेऽस्य दिवसे द्विघ्ने तिथौ तत्समे
कर्णे मासि यमोनतद्घनमिते मासैकयुक्ते घने ।
कार्णे भे त्रिघने युतावखिलयुग्दन्तघ्नविश्वोनके
शाके पङ्क्तिमितैः सुमैर्विलसितो ग्रन्थोऽन्वगात् पूर्णताम् ।।४।।

(दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको दुर्गार्चनकल्पतरुको उपसंहारको श्लोक, यो श्लोक पूर्णिमा ९ अङ्कका ४६–४७ पृष्ठमा सानुवाद छापिएको छ ।)

मैले यस श्लोकको अर्थ गर्न निकै प्रयत्न गरें, तर मिलाउन सकिनँ । मेरा मातामहसँग यस विषयमा मैले सोद्धा उहाँले धेरै बेर मिहिनेत गर्नुभयो, तर जम्मै सङ्गति मिलाउन सक्नुभएन । पछिबाट खिन्न भएर हाम्रा बाबु बाजेले पुस्तक बनाए, हामी त्यसको अर्थ गर्न पनि नसक्ने भयौं भनी उहाँले भन्नुभयो । प्रसङ्गवश मैले सो श्लोकको अर्थ के होला भनी खरीदार बाजेसँग प्रश्न गर्दा उहाँले पख, म त्यसको अर्थ गरिदिउँला भन्नुभयो र त्यसको २,४ दिनपछि आफ्नो अड्डाको टहलुवाको हात आफ्नो हस्ताक्षरले लेखिएको तल उद्धृत पत्र मकहाँ पठाउनुभयो । सो पत्र अहिले पनि मसँग छँदैछ–

| | |
|---|---|
| पक्षे रूपघने | $१^३ = १$ |
| पदेऽस्य दिवसे | $\sqrt{१} = १$ |
| द्विघ्ने तिथौ | $१ \times २ = २$ |
| तत्समे कर्णे | $= २$ |
| मासि यमोनतद्घनमिते | $२^३ - २ = ६$ |
| मासैकयुक्ते घने कार्णे भे | |
| मास + १ + करण$^३$ | |
| ६ + १ + ८ | $= १५$ |
| त्रिघने युतौ | $३^३ = २७$ |
| अखिलयुक् | ५४ |

दन्तघ्नविश्वोनिते ५४ × ३२–१३ = १८१५ शाके ★

पंक्तिमितैः समैः [चत्वारिंशद्वर्षैः सह]

विलसितो ग्रन्थोऽध्यगात्पूर्णताम्

यस हिसावले लक्ष्मीपतिको जन्म शकाब्द १६७५मा देखिन्छ. संभवतः तिथि पनि आश्विन शुक्ल द्वितीया हो.

यस पत्रलाई मैले वारंवार पढें, मातामहलाई पनि देखाएँ । खरीदार बाजेले गर्नुभएको वर्ष महीना इत्यादिको गणित उत्तम देखियो । लक्ष्मीपतिको जन्म वि. सं. १८१५ वैशाख २७ गते भएको हो (पूर्णिमा ७ अङ्क ६६ पृ.) । उनको चिना मातामहलाई कण्ठ जस्तै थियो । यस कारण

---

★ यहाँ शुद्ध रूप १७१५ हुनुपर्नेमा खरीदार बाजेको कलम चुकेर १८१५ भएको हो । किनभने उहाँको गणितबाट नै १७१५ हुन आउँछ ।

बाबुरामले अर्थ त राम्रोसँग गरेछन्, लक्ष्मीपतिको जन्ममा ५ वर्ष फरक खायो, पङ्क्तिको अर्थ १० हुन्छ ४० हुँदैन भनी मातामहले भन्नुभयो । फेरि मूलग्रन्थ तथा अमरकोश पल्टाई मूल श्लोकमा सुम (*) भनेको फूल अर्थात् तरु(रूख)का खण्ड अर्थात् दुर्गार्चनकल्पतरुका अध्याय भन्ने हो, सम होइन, वर्षलाई बुझाउने त समा शब्द हो भन्ने कुरा मातामह र म भई निर्णय गऱ्यौं । यताबाट बाबुरामजीको गणितविषयको प्रतिभा र संस्कृतभाषाविषयको अलिकता कमजोरी पनि देखिन्छ ।

जे जानियो त्यो कसरी अडाउने, पुस्तानुपुस्ता कसरी सिकाउने ।
विद्याविषे उन्नति हुन्छ के गरी, गराउने बुद्धिविकास के गरी ।।२०।।
कसो गरे कर्मठ शिष्य बन्दछन्, स्वराष्ट्रलाई दरिलो गराउँछन् ।
इत्यादि गर्दै बहुधा परीक्षण बनाउँथे पूर्वज पाठचको क्रम ।।२१।।

रहस्यमेतद् देवानां न देयं यस्य कस्यचित् ।
सुपरीक्षितशिष्याय देयं वत्सरवासिने ।।२४।।
(सूर्यसिद्धान्त छेद्यकाधिकार)

[राम्रोसँग परीक्षा गरिएको विद्यार्थीलाई ग्रहणको चित्र बनाउने यस विद्यालाई एक वर्ष लाई पढाउनू ।]

ग्रहणविषयको ज्ञान सिक्न एक वर्षको समय चाहिन्छ, त्यसभन्दा कम समयमा यो सिक्न सकिँदैन भन्ने भाव यहाँ देखाइएको छ ।

दिव्यं ज्ञानमतीन्द्रियं यदृषिभिर्ब्राह्मं वसिष्ठादिभिः
पारम्पर्यवशाद् रहस्यमवनीं नीतं प्रकाश्यं ततः ।
नैतद् द्वेषिकृतघ्नदुर्जनदुराचाराचिरावासिनां
स्यादायुःसुकृतक्षयो मुनिकृतां सीमामिमामुज्झतः ।।९।।
(सिद्धान्तशिरोमणि छेद्यकाधिकार)

[वसिष्ठ आदि ऋषिले परम्पराबाट ग्रहगतिको यस ज्ञानलाई पृथ्वीमा ल्याएका हुन् । आफ्नो द्वेष गरेर हिँड्ने, कृतघ्न, दुर्जन, दुराचारी, अचिरावासी (पढ्नुपर्ने समयसम्म नबस्ने) लाई

---

(*) दुर्गार्चनकल्पतरुको यो श्लोक हरप्रसाद शास्त्रीको अ क्याटलग् अफ् पाम्–लीफ् यान्ड् सिलेक्टेड् पेपर् म्यानुस्क्रिप्ट्स् बिलङ्इङ् ट द् दरबार् लाइब्ररि, नेपाल् (नेपाल वीरपुस्तकालयमा रहेका ताडपत्र र कागतमा लेखिएका पुस्तकहरूको सूची) पहिलो भागको १८८ पृष्ठमा छापिएको छ । त्यहाँ सम पाठ छापिएको छ । यसले गर्दा पनि खरीदार बाजेलाई भ्रम परेको हो । यो श्लोकको अर्थ हरप्रसादले पनि गर्न सकेका छैनन् । किनभने उनले ग्रन्थरचनासमयमा प्रश्नचिह्न हालेका छन् (१८७ पृ.) ।

यो ज्ञान नसिकाउनू । यो नियम ऋषिहरूले बाँधेका हुन् । ऋषिले बाँधेको यस नियमलाई नाघ्ने मानिसको धर्म पनि आयु पनि घट्छ ।]

वि. सं. १९९० मा आफ्नो २० वर्षको उमेरमा मैले सूर्यसिद्धान्त पढेको हुँ । वि. सं. १९९१ मा आफ्नो २१ वर्षको उमेरमा मैले सिद्धान्तशिरोमणि पढेको हुँ । त्यस वेला सूर्यसिद्धान्तहरूका माथिका उक्ति फजूलका हुन् अथवा आफ्नो हातमा विद्याको अधिकार राख्न खोज्ने चलाक मानिसका कुरा हुन् भन्ने मैले सम्झेको थिएँ । आफूले जानेको कुरा ठाउँ कुठाउँमा भन्दै हिँड्थें । यसो गर्दा नै विद्याको प्रचार हुन्छ, राष्ट्रको उन्नति हुन्छ भन्ने मैले संझेको थिएँ । वि. सं. १९९७ मा म रानीपोखरी संस्कृतपाठशालामा अध्यापक नियुक्त भएँ । वि. सं. १९९९ मा म नेपाली भाषाप्रकाशिनी समितिको उपसमितिको सदस्य भएँ । त्यस वेला पनि मेरो विचार माथिकै थियो । मैले नत कुनै योग्य विद्यार्थी नै तयार पार्न सकें, नत समितिमा बसेर केही गहकिलो काम नै गर्न सकें । हुनत मैले हुन्ज्यालसम्म परिश्रम गरेर पढाएको थिएँ । मसँग पढेर मानिस आचार्य परीक्षा पनि पास भएका थिए । उनीहरूले पढेर आखिरमा ल्याएको निचोड संस्कृतविद्या निरर्थक हो भन्ने कुरा नै पछि म सुन्न लागें । ने. भा. प्र. स. को उपसमितिको बैठकमा बीचमा १,२ पटकबाहेक म हरेकमा उपस्थित भएको छु । यो कुरो सो उपसमितिको निर्णय लेख्ने पुस्तक हेरे थाहा हुन्छ । समितिले मकहाँ जाँच्न पठाएका पुस्तकको पनि ] मैले परिश्रमपूर्वक परीक्षा गरी सकभर चाँडै समितिमा प्रतिवेदन चढाउने गरेको थिएँ । यो कुरो पनि समितिका पुराना कागतपत्र हेरे थाहा हुन्छ । यसो भएर पनि त्यहाँ मैले अरू कुरो त परै जाओस्, आफूले लेखी प्रकाश गर्न दिएका पुस्तक पनि प्रकाश गराउन सकिनँ । आफूले पढाएका विद्यार्थी र तिनका मातापिताहरूबाट पनि बराबर म तिरस्कार पाउन लागें । त्यस वेला पनि मेरो आँखा खुलेन । राणाशासनले विद्याप्रचार गर्न नदिएको हो भन्ने बुद्धिमा म अडें । राणाशासन गयो । वि. सं. २००९ देखि इतिहास–संशोधन चलाउने उद्योगमा म लागें । वि. सं. २०१४ सम्म इतिहास–संशोधन गर्ने विद्यार्थीमा तीन खण्डका दुइ खण्ड जति त्यसका विरोधी भई निस्के । मेरो आँखा खुल्न लाग्यो । वि. सं. २०१५ मा मलाई एक नयाँ घटनाको अनुभव भयो । संक्षेपमा सो घटना यस प्रकारको छ– पं. चूडानाथ भट्टरायका भाइहरू (मामाका छोरा), साला तथा छोरालाई समेत वि. सं. २००३ देखि (छोराचाहिं केही वर्षपछि आएका थिए ।) मैले निःशुल्क पढाउँदै आएको थिएँ । वि. सं. २०१५ मा छोराले मकहाँ पढ्न छोडे । (भाइहरूले वि. सं. २०१० मा छोडेथे, सालाले वि. सं. २०११ मा छोडेथे ।) त्यसको केही दिनपछि उहाँ पण्डितजीकहाँबाट मलाई लिखित निन्दास्वरूप गुरुदक्षिणा प्राप्त भयो । यस कुराले त्यस वेला त मलाई अत्यन्त दुःख लागेको थियो । परन्तु यसैले मलाई सूर्यसिद्धान्त सिद्धान्तशिरोमणिका माथिका श्लोकको राम्ररी अर्थ लाइदिएकोले दत्ता त्रेयका २४ गुरु भए कैं यो घटना पनि मेरो लेखा एउटा गुरु नै भएको छ भन्ने भाव मेरो मनमा

चढेकोले मेरो मनबाट सो दुःख हटेको छ। प्राचीन विद्वान्हरूले अनुभव गरेरै नियम बनाएका रहेछन् भन्ने कुरा मैले बल्ल राम्ररी बुझें।

नापृष्टः कस्यचिद् ब्रूयान्न चान्यायेन पृच्छतः।
जानन्नपि हि मेधावी जडवल्लोक आचरेत् ॥११०॥
अधर्मेण च यः प्राह यश्चाधर्मेण पृच्छति ।
तयोरन्यतरः प्रैति विद्वेषं वाऽऽधिगच्छति ॥१११॥
धर्माथौं यत्र न स्यातां शुश्रूषा वापि तद्विधा ।
तत्र विद्या न वप्तव्या शुभं बीजमिवोषरे ॥११२॥

(मनुस्मृति २ अध्याय)

[सोध्न नआउनेलाई आफैंले भन्न नजानू। बेकाइदासँग सोध्नेलाई पनि नभन्नू। बुद्धिमान्ले जाने तापनि लाटो जस्तो भएर बस्नू। बेकाइदासँग जो भन्छ अथवा जो सोध्छ, ती दुइटामा एउटा मर्छ अथवा तिनीहरूमा झगडा हुन्छ। जसलाई पढाएर धर्म अर्थ केही हुँदैन, जो विद्यार्थी राम्रोसँग पढ्न पनि चाहँदैन, त्यसलाई नपढाउनू। किनभने त्यहाँ पढाएको विद्या ऊषर (बाली नसप्रने जग्गा) मा रोपेको असल बीउ जस्तै हुन्छ।]

(पूर्णिमा १३ अङ्कको ५७ पृष्ठबाट)

सूर्यसिद्धान्तहरूका कुरालाई मनुले यहाँ अलि खुलाएर लेखेका छन्। कवि कालिदासले पनि यो कुरा बोलेका छन्। जस्तै–

ज्ञाने मौनं क्षमा शक्तौ त्यागे श्लाघाविपर्ययः ।
गुणा गुणानुबन्धित्वात् तस्य सप्रसवा इव ॥२२॥

(रघुवंश १ सर्ग)

[दिलीप जानेर पनि चूप लागेर बस्थे, शक्ति भएर पनि सहन्थे, दान गरेर पनि उड्कँदैनथे।]

प्राचीन आचार्यहरूले पढ्ने पढाउने रीति राम्रोसँग दिएका छन्। उदाहरणको लागि ३ वटा साना उद्धरण यहाँ दिइन्छन्–

पच्छोर्द्धर्चशः सर्वां च तृतीयेन सहानुवर्तयन् ॥५॥

(पारस्करगृह्यसूत्र द्वितीय काण्ड तृतीय कण्डिका)

[पहिलो पटक पाउ पाउ, दोस्रो पटक आधा आधा ऋचा (श्लोक), तेस्रो पटक पूरा ऋचा वटु (विद्यार्थी) का साथ गुरुले आवृत्ति गर्दै जानू।]

(इतिहास–संशोधन ५४ क्रमागत सङ्ख्याको २ पृष्ठबाट)

यहाँ गुरुले विद्यार्थीलाई शुद्ध उच्चारणका साथ ग्रन्थ घोकाउने विधि दिइएको छ।

क्षितिजेऽजादिं कृत्वा गोलं भ्रमयन् प्रदर्शयेत् सर्वम् ।
उक्तमनुक्तं चान्यच्छिष्याणां बोधजननार्थम् ।।२३।।
कोटिर्नरः शङ्कुतलं च बाहुश्छेदः श्रुतिस्त्र्यस्रसहस्रमेवम् ।
उत्पाद्य सद्यः स्फुटगोलविद्यैश्छात्राय शास्त्रं प्रतिपादनीयम् ।।४९।।

(सिद्धान्तशिरोमणि त्रिप्रश्नवासनाधिकार)

[क्षितिजमा मेष आदि राशिलाई पारी गोल घुमाउँदै माथि भनिएका यी कुरा र अरू कुरा पनि चेलाहरूलाई बुझाउँदै देखाउनू ।

शङ्कु कोटि हुन्छ, शङ्कुतल भुज हुन्छ, हृति कर्ण हुन्छ । यस्ता हजारौं त्रिभुज खरखर बनाउँदै गोलविद्या राम्ररी जान्ने गुरुले चेलालाई शास्त्र पढाउनुपर्छ ।]

(पूर्णिमा २ अङ्कको ७७ पृष्ठबाट)

यहाँ गुरुले विद्यार्थीलाई अनेकन् उदाहरण आफूले बनाई बनाई पढाई विधि दिइएको छ ।

क्षीरौदनमांसौदनाभ्यां ह वा एष देवांस्तर्पयति । य एवं विद्वान् वाकोवाक्यमितिहास-पुराणमित्यहरहः स्वाध्यायमधीते । त एनं तृप्तास्तर्पयन्ति सर्वैः कामैः सर्वैर्भोगैः ।

(शतपथब्राह्मण ११।५।७।९)

[जो मानिस दिनदिनै वाकोवाक्य (प्रश्नोत्तररूपको ग्रन्थ) इतिहास तथा पुराण आफैं पढ्दछ, त्यसले दूधभातले र मासुभातले देवतालाई तृप्त गराउँछ । तृप्त भएका देवताहरूले त्यसलाई (पढ्नेलाई) सबै इच्छा सबै भोग पुऱ्याइदिएर तृप्त पारिदिन्छन् ।]

(ऐतिहासिक पत्रसङ्ग्रह पहिलो भागका ७–८ पृष्ठबाट)

यहाँ गुरुसँग पढिसकेपछि विद्यार्थीले आफूले पढेको कुरा आफैंले दिनकादिनउध्रनुपर्छ भन्ने कुरा बताइएको छ ।

राणाशासन गएपछि प्रजातन्त्रशासन आयो । महाविद्यालय, विश्वविद्यालय खुले । पढ्ने पढाउने काममा अघिको अपेक्षा निकै बढ्ता खर्च हुन लाग्यो । तर विद्याको स्तर माथि चढेको छैन, बरु निकै तल ओर्ह्लेको छ । यो कुरो प्रत्यक्ष छ । यस्तो हुनाको कारण के हो, यसमा खोजी हुनु आवश्यक छ ।

**परन्तु तिम्रो मन पाठ्यरीतिमा लाग्दैनथ्यो, दाढ्र्य थिएन चित्तमा ।**
**मौका विचारी जुन बोल्न जान्दथे, ती धूर्त तिम्रा प्रिय बन्न सक्तथे ।।२२।।**

वि. सं. २००२–३ तिर ने० भा० प्र० स० मा एकदिन खरीदार बाजेले केरो लक्ष्मण छत्रेको ग्रहकोष्ठक लिएर आउनुभएको रहेछ । सो दिन उपसमितिको बैठक बस्ने हुनाले म पनि त्यहाँ पुगेको थिएँ । नाटककार गोपालप्रसाद रिमालजीहरू पनि त्यहाँ हुनुहुन्थ्यो । रिमा-

लज्यूहरूसँग आचार्यज्यू भन्न लाग्नुभएको थियो– तपाईँहरूलाई म १ घण्टामा ग्रहण गर्न सिकाइदिन्छु; ल आउनोस्; सिक्नोस्; मैले पुस्तक ल्याएको छु; जोड घटाउ गुणन भागहार जान्ने मान्छेले १ घण्टामा ग्रहण गर्न सिक्न सक्छ । परन्तु नाटककारहरू आफ्नै धुनमा मस्त हुनुहुन्थ्यो, अनेकन् ठट्टा चलिरहेका थिए । यसै गरी सो दिन बित्यो । आचार्यज्यूले ग्रहण गर्न सिकाउनुभएको मानिस मैले आजसम्म देखेको छैन ।

खरीदार बाजेको आँखा निकै कमजोर भएपछि उहाँ एकपल्ट पटनातिर आँखाको औषधि गराउन जानुभएको थियो । धेरै चुरोट खाएर यस्तो भएको हो; चुरोट खान छोडिदिनुहोस्; तपाईँको आँखा जति बिग्र्यो बिग्र्यो; त्योभन्दा बढ्ता बिग्रदैँन; बरु सप्रेला भनी डाक्टरले भने; औषधि पनि दिएका छन्; अबदेखि म चुरोट खान्नँ भनी आचार्यज्यूले यहाँ आई भन्नुभयो । केही दिनसम्म चुरोट खानु पनि भएन । पछि कोही मान्छेले बाटामा भेटेर ए खरीदार बाजे १, २ सर्को त तान्नुहोस्, के हुन्छ र भन्दा उहाँ अड्न सक्नुभएन । चुरोट खाने व्यसनले उहाँलाई फेरि विस्तारै समात्यो । यो घटना मैले प्रत्यक्ष गरेको हुँ ।

खरीदार बाजे पहिले विक्रमसंवत्का पक्षपाती हुनुहुन्थ्यो; पछि ईसवीसंवत्को पक्षपाती भई निस्कनुभयो; त्यसपछि विक्रमसंवत्बाट विक्रमशब्द हटाउने र महीनाको नयाँ नामकरण गर्ने कुराको प्रचार गर्न लाग्नुभयो (पूर्णिमा ९ अङ्कको ८१ पृ., ११ अङ्कको ९९ पृ., १५ अङ्कका २२८–२२९ पृ.) । यस्तो प्रतिज्ञा गरे तापनि उहाँले विक्रमसंवत्का महीना गते लेख्ने पूर्वसंस्कार भने छोड्न सक्नुभएन (नेपालको संक्षिप्त वृत्तान्तका १०६ पृ., १०७ पृ., १०८ पृ., श्री ५ बडामहाराधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीका ३५८–३५९ पृ.) । विक्रमादित्यको अस्तित्वको प्रमाण गाथासप्तशतीमा जो पाइन्छ (पूर्णिमा १५ अङ्कको २४० पृ.), सो कुरो मैले पहिले खरीदार बाजेकै टिपोटबाट थाहा पाएको हुँ ।

**उठ्ता कुनै प्रश्न कुनै तिमीकन सोधेर बन्थे स्वयमेव विज्जन ।**
**कुनै तिमीलाइ दुही दुहीकन लेखेर गर्थे धनमान आर्जन ।।२३।।**

काम पर्दा खरीदार बाजेसँग सोध्न आउने मानिस जति भने पनि हुन्थे । एकपल्ट पाठशालाबन्दोबस्तअड्डामा खरीदार बाजेसँग म कुरा गरेर बसिरहेको थिएँ । धर्मप्रचारक पं. कोमलनाथ अधिकारीज्यू आउनुभयो । कोमलनाथजी आफूले बनाएको राणास्तुति सुनाउन लाग्नुभयो । बीचबीचमा कोमलनाथजी खरीदार बाजेसँग प्रश्न पनि गर्नुहुन्थ्यो । कोमलनाथजीले सो पुस्तक लेखी श्री ३ जुद्धबाट निकै प्राप्ति गर्नुभयो । कोमलनाथजीले खरीदार बाजेप्रति कृतज्ञता गरेको भने थाहा पाइएन ।

सूर्यविक्रम ज्ञवालीज्यूका ग्रन्थमा दुइवटा उत्तम कोटिका छन् । ती हुन्– पृथ्वीनारायण शाह र अमरसिंह थापा । यी दुवै पुस्तकमा खरीदार बाबुराम आचार्यको प्रशस्त परिश्रम परेको छ ।

सो कुरा ती ग्रन्थका भूमिका तथा परिशिष्टबाट स्पष्ट हुन्छ । रायल नेपाल एकेडेमीमा बालचन्द्र शर्माको छत्रच्छायामा बसी ज्ञवालीज्यूले आफ्नै बुद्धिले लेख्नुभएको नेपाल-उपत्यकाको मध्यकालीन इतिहासमा बाबुरामजीको हात परेको छैन । सो पुस्तक कस्तो छ भन्ने कुरालाई पूर्णिमा २४ अङ्कका ३३०–३३१ पृष्ठ हेरे स्पष्ठ हुन्छ ।

**परन्तु तिम्रो श्रमले गरीकन स्वदेशमा भो जुन बोध आर्जन ।**
**त्यो बोधको पालन औ प्रवर्द्धन गर्ने भने हाय भएन क्वै जन ।।२४।।**

(१५) तपाईं खूद नेपालको इतिहास शिरोमणि हुनु भएको नाताले आफ्नो क्षेत्रमा उत्तराधिकारी पनि बनाउनु भएको छ कि ?

"अहँ छैन । बनाउन त खोजेको हूँ, तर सबै जना किताप छपाएर पाठ्यक्रममा राखेर पैसा कमाउने हतारमा छन् । सबै चोरै चोर, को मेरो उत्तराधिकारी बन्न खोज्छ र ?"

(वि. सं. २०२६ माघ फाल्गुन चैत्रको दैलोमा छापिएको इतिहास शिरोमणिज्यू संगको भेटघाटबाट, सो अङ्कको ६० पृ.)

**थिएन तिम्रो मन चाटुकारको, थिएन बोली पनि चाटुकारको ।**
**अत्यन्त नै उच्च विचार यो थियो, परन्तु यो दुर्गुण नै यहाँ भयो ।।२५।।**

पाठशालाबन्दोबस्तका इन्स्पेक्टर (पाठशालानिरीक्षक) भैरवमान प्रधानले प्रसङ्गवश एकदिन मसँग भन्नुभएको थियो–म एकदिन आफ्ना हाकिम खरीदार बाजेको घर गएको थिएँ । खरीदार बाजे तमाखु खाँदै लेख्न लागिरहेका रहेछन् । चिलिममा आगो निभिसकेको थियो । खरीदार बाजे भने सुइँसुइँ तमाखु तान्दै लेखिरहेका थिए । एक घण्टा जति यसै गरी बित्यो । यसपछि खरीदार बाजेसँग राम्रोसँग कुरा हुन लाग्यो । खरीदार बाजेको यस्तै स्वभाव छ । प्रधानजीले मसँग यो कुरा गर्नुभएको वि. सं. १९९२–९३ तिर हो । त्यस वेला खरीदार बाजेको आनीबानी मलाई थाहा थिएन । यस कारण प्रधानजीसँग खरीदार बाजे कसको चाकडी गर्छन् भनी मैले सोधें । कसैको पनि चाकडी गर्दैनन्; लेख लेख्छन्; दार्जिलिङ्गमा पठाउँछन्; अस्ति पनि पठाए; उनका आन्द्राभुँडी सब बाहिर छन्; गुरुज्यू (माहिला गुरुज्यू) र जर्नेल (मृगेन्द्रशमशेर) पनि उनीसँग उस्तो खुशी छैनन्; काम जान्ने हुनाले केही गर्दैनन् भनेर प्रधानजीले भन्नुभएको थियो ।

अस्ति पजनीमा महाराज (श्री ३ महाराज जुद्धशमशेर) बाट बाबुराम खरीदार भनेका तिमी हौ भनी सोधनी भयो; त्यस वेलामा मौका परेको थियो; राम्रोसँग बिन्ती चढाएको भए आफू पनि सुब्बा हुन सक्थे; हामीलाई पनि बनाउन सक्थे; उनी त हुँ भनेर पछि हटे; यो बाहुन आफू पनि बिग्र्यो; हामीलाई पनि बिगार्‍यो भनेर वि. सं. १९९६–९७ तिर खरीदार बाजेका मातहतका कारिन्दाहरूले गनथन गरेको मैले परम्पराबाट सुनेको थिएँ ।

वि. सं. १९९८ मा खरीदार बाजेको आँखा निकै कमजोर भयो र पजनीको दिन वा पजनीको १, २ दिनअगाडि आँखा जँचाउनू भन्ने सरकारी आज्ञा भएछ । त्यस वेलाका आँखाका विशेषज्ञ डाक्टर योग्यमानकहाँ खरीदार बाजे आँखा जँचाउन जानुभएछ । उहाँको साथमा टहलुवा गम्भीर मगर पनि गएका रहेछन् । गम्भीरले पछि मसँग भन्थे– खरीदार बाजे कस्तो मान्छे । डाक्टरकहाँ अलि हुल थियो । डाक्टरसँग अलि नम्र भएर बोल्नुपर्थ्यो । खरीदार बाजेले ए मलाई अबेर भयो, चाँडै गरिदिनुपर्‍यो भनी डाक्टरसँग कडा गरी बोल्नुभयो । डाक्टरले पनि यसो हेरेर यस्तो आँखाले पनि जागीर खान हुन्छ भनी लेखिदिए ।

वि. सं. २००२–३ तिर ने. भा. प्र. स. का अध्यक्ष कवि बालकृष्णशमशेरले सरस्वतीपूजानामक संस्था खोल्नुभएको थियो । आफू पनि अड्डाको समयसम्म अड्डामा बसेर नियत रूपले लेख्ने नियममा रहन लाग्नुभएको थियो । त्यस वेला एकदिन प्रसङ्गवश म समितिमा पुगेको थिएँ । खरीदार बाजेको विषयमा बालकृष्णज्यूसँग मेरो कुरा भयो । मैले खरीदार बाजेसँग त्यति धेरै विद्या छ, तैपनि उहाँलाई दुःख छ भन्ने कुरा बालकृष्णज्यूसँग गरें । बालकृष्णज्यूले खरीदार बाजे चाकडी गर्दैनन्; मुखमा जे आयो प्वाक्क बोलिदिन्छन्; यस्तो गरेर विद्याले मात्र कसरी काम चल्छ; के गर्नु; यस्तै हो भनी

मतिमतां च विलोक्य दरिद्रतां विधिरहो बलवानिति मे मतिः ।

–यो श्लोक भन्नुभयो ।

वि. सं. १९९० को माघको भूकम्पमा श्री ३ जुद्धको सवारी पश्चिम तराईमा भएको थियो । तात्कालिक कम्याण्डरइनचीफ रुद्रशमशेर आदिबाट काठमाडौँउपत्यकाको अवस्थाको वर्णन श्री ३ महाराजमा जाने नै भयो । खरीदार बाबुराम आचार्यले काठमाडौँउपत्यकाको भ्रमण गरी त्यस अवस्थाको विस्तृत वर्णन लेखी सवारीमा माहिला गुरुज्यूकहाँ र अरूहरूकहाँ पनि संक्षिप्त वर्णन लेखी विस्तृत वर्णन मैले माहिला गुरुज्यूकहाँ पठाएको छु भन्ने भावको पत्र पठाउनुभएछ । पछि माहिला गुरुज्यू सवारीबाट आएपछि आफ्नो ढोकामा स्वागतार्थ उभिएका मानिसहरूको सामुन्ने नै बाबुराम तिमीलाई धन्यवाद छ, तिम्रो चिठी आएपछि नै हामीलाई सबै कुरा थाहा भयो भनी भन्नुभयो । यो कुरा मेरा मातामहबाट मैले सुनेको हुँ । बबरमहलमा जनरल बबरशमशेरले बाबुरामजीलाई तिम्रो चिठी नआएसम्म सवारीमा हामीलाई यहाँको कुरा राम्रो थाहा भएको थिएन; तिम्रो चिठीले हामीलाई आनन्द गरायो; तिमीलाई धन्यवाद छ भनी भन्नुभयो । यो कुरा मैले मेरा मामाको मुखबाट सुनेको हुँ ।

नेपाली निबन्धप्रतियोगिताको परीक्षाफल शिक्षाविभागका तालुकवाला जनरल मृगेन्द्रशमशेरलाई चढाउन म बबरमहल गएको थिएँ । म सो चढाई बाहिर निस्कें । आफ्नो छोरालाई टोखामा राख्ने कुराको प्रबन्ध मिलाउन खरीदार बाजे पनि स्वास्थ्यविभागका तालुकवाला पू० क० ज० बबरशमशेरकहाँ बिन्ती चढाउन बबरमहल जानु-

भएको रहेछ। बाहिर उहाँसँग मेरो भेट भयो । टुँडिखेलको चक्कर खाई बबरशमशेर फर्कनुभयो । बबरशमशेरसँग मेरो परिचय थिएन। घोडामा चढेका बबरशमशेरले टाढैबाट ए खरीदार बाजे क्या हो भनी भन्नुभयो । खरीदार बाजे हात जोड्दै अगाडि जानुभयो । बबरशमशेर बिस्तारै घोडा चढी उहाँसँग कुरा गर्दै ढोकातिर लाग्नुभयो, खरीदार बाजे पनि सँगसँगै जानुभयो । म फर्कें ।

जर्नेल एकराजशमशेर (श्री ३ वीरका नाति) का छोरा श्रीसुवर्णशमशेर नेपालको इतिहास पढ्न चाहनुहुन्छ, बाबुराम कत्तिको जान्दछन् भनी एकदिन सरदार प्रिन्सिपल श्रीरुद्रराज पाँडेले मसँग सोध्नुभयो । मैले बाबुरामजीलाई नेपालको इतिहास राम्रोसँग आउँछ भनी भनें । त्यसपछि रुद्रराजजीको प्रबन्धबाट खरीदार बाजे उहाँ पढाउन जानुभयो । खरीदार बाजेलाई लिन दरबारबाट बग्गी आउँथ्यो । यस घटनाले खरीदार बाजे रुद्रराजजीसँग अत्यन्त प्रसन्न हुनुभएको रहेछ । माहिला गुरुज्यू जस्तै रुद्रराज पनि गुणज्ञ रहेछन्; माहिला गुरुज्यू अरूको उपकार पनि गर्दैनन् बिगार पनि गर्दैनन्; रुद्रराज त अरूको उपकार पनि गर्दा रहेछन् भनी मसँग खरीदार बाजेले भन्नुभएको थियो । यो घटना खरीदार बाजेको जागीर छुटिसकेपछि राणाशासनकालभित्रकै हो । तर अहिले मलाई संवत् र बाबुरामजीले पाउनुभएको वृत्ति पनि ठीक याद रहेन ।

वि. सं. २००५ को कुरा हो । नायबबडागुरुज्यू हेमराजको कोठामा उहाँ र म दुइजना मात्र थियौं । नेपालको इतिहासको चर्चा चलिरहेको थियो । यस विषयका विशेषज्ञ बाबुराम हुनुहुन्छ भनी मैले भनें । गुरुज्यू बाजेले हो उनी जान्दछन्; तर भनेको मान्दैनन्; उनको बुद्धि त्यस्तै छ; उनको आँखा पनि गयो; हामीले के गर्ने भनी आफ्नो हात आफ्नो निधारमा राख्नुभयो ।

यिनैताक अर्को दिन हेमराजज्यू र म बसी पुस्तक पढिरहेका थियौं । ढोकेले बाबुरामजीको हाजिरी ल्यायो । गुरुज्यू बाजेले तिमी अर्को कोठामा जाऊ भनी मलाई पुस्तककोठामा पठाइदिनुभयो । खरीदार बाजे आई गुरुज्यूको कोठामा पस्नुभएको मैले देखें । एक घण्टा जतिपछि खरीदार बाजे निस्कनुभयो । अनि मलाई गुरुज्यू बाजेले आफ्नो कोठामा बोलाउनुभयो र अघिको बाँकी रहेको काम पूरा गरियो ।

यति भन्नाको तात्पर्य राणाकालका शासकहरूलाई खरीदार बाजेको योग्यताको राम्रो परिचय थियो; ती शासकहरूसँग खरीदार बाजेको राम्रो सम्बन्ध पनि थियो; तर खरीदार बाजेमा चाटुकारता नभएकोले उहाँको योग्यताको उचित कदर हुन सकेन भन्ने हो ।

जसका सीता उसका गीता भन्ने सिद्धान्तलाई हाम्रो देशका बुज्रुगहरूले प्रतिपालन गरेका छन् (पूर्णिमा १३ अङ्कका ५९–६० पृ., २४ अङ्कका ३३१-३३५ पृ.) । यस्तो काम गरी उनीहरूले घर खेत पनि जोडेका छन् । यस्तो काम खरीदार बाजेले गर्नुभएन ।

भीमसेन थापाले राजालाई मन्दिरको देवता बनाई आफू पूजाहारी भई नेपालको हालिमुहाली चलाए । त्यही काम जङ्गबहादुरले गरे । परन्तु यहाँका इतिहासकारहरूले मौका हेरी भीमसेन थापालाई महात्मा र जङ्गबहादुरलाई स्वार्थी भनी लेखे । यस्तो काम ऐ. शि. ज्यूले कहिल्यै गर्नुभएन ।

श्री ५ रणबहादुरले डेढ वर्षका छोरा गीर्वाणयुद्धलाई राज्य दिएर आफ्नो, आपनो वंशको, आपनो राष्ट्रको समेत अत्यन्त अहित गरे । चाटुकार इतिहासकारहरूले रणबहादुरको यस कामको पनि समर्थन गरेका छन् । यस्तो काम पनि ऐ. शि. ज्यूले कहिल्यै गर्नुभएन ।

भएन केही पदवृद्धि, गेहमा खाने बढे, भाउ चढ्यो बजारमा ।
गार्हस्थ्यको बोझ असह्य झैं भयो, चिन्ता बढ्यो, चित्त उदास भैगयो ।।२६।।

बाबुरामजी वर्षको ८००। रु. को खरीदारीमा भर्ना हुनुभएको हो । त्यस वेला आधा खान्की (जग्गा) र आधा नगदी हुँदा वर्षको १२००। रु जति पुग्थ्यो । पछि खान्की खारेज भई ८००। रु. नगदी भयो । अन्त्यमा त्यही खरीदारीमा नै उहाँ खोसिनुभयो ।

यस्तो हुँदामा पनि धैर्यधारण गरेर लेख्थ्यौ श्रम नै गरीकन ।
यदाकदा शासक रुष्ट नै बनी प्रहार गर्थे यस काममा पनि ।।२७।।

उद्योगमा वि.सं. १९९२ मा छापिएको मुद्रासम्बन्धी लेखमा खरीदार बाजेलाई तात्कालिक हजुरिया जनरल उ. क. ज. बहादुरशमशेरको फँटाइ खानुपरेको थियो तथा उहाँलाई ५ रुपियाँ जरीमाना पनि भएको थियो । त्यस वेला मेरो मुख हेरेर यसको मुखै चोरको जस्तो छ भनी बहादुरशमशेर गर्जनुभयो भनी खरीदार बाजेले मसँग भन्नुभएको थियो ।

विस्तार आँखा पनि बन्द झैं भयो, खाईरहेको पनि वृत्ति खोसियो ।
स्वपुत्रलाई क्षयरोगले पिर्‍यो, मानूँ तिमीमाथि त वज्र नै पर्‍यो ।।२८।।

स्वपुत्र = जेठा छोरा गोपाल ।

यो घटना वि. सं. १९९८ तिरको हो ।

भयो बडो कष्ट, डगेन साहस, स्वाध्यायको तर्फ रहीरह्यो रस ।
सुनी अरूका मुखबाट पुस्तक, बढाउँथ्यौ ज्ञान तिमी यथाशक ।।२९।।
शिक्षाविभागाधिपको विवेकले यद्वा कुनै गूढ अदृष्ट हेतुले ।
तिमी भयौ ग्रन्थ बनाउनाकन नियुक्त, पायौ अतिथोर वेतन ।।३०।।

शिक्षाविभागाधिप = शिक्षाविभागका तालुकवाला जनरल शारदाशमशेर तथा जनरल मृगेन्द्रशमशेर ।

त्यस वेला खरीदार बाजेलाई प्रतिमहीना ३०। रुपियाँ मिल्थ्यो, पछि प्रतिमहीना ५०। रु. पुगेको थियो । यो काम हुनामा एउटा कारण ने. भा. प्र. स. का अध्यक्ष बालकृष्णशमशेरको विद्याप्रेम पनि थियो ।

**लेख्ने मिल्यो एकजना तिमीकन, लाग्यौ तिमी ग्रन्थ बनाउनाकन ।**
**निस्के दुई बाहिर, भित्र त्यो रह्यो, नेपालको जो इतिहास लेखियो ।।३१।।**

वि. सं. २००२ मा तुलनात्मक सुन्दरकाण्ड र वि. सं. २००३ मा पुराना कवि र कविता यी २ पुस्तक प्रकाशित भए । नेपालको इतिहास त्यसै रह्यो ।

**आयो प्रजातन्त्र, मिल्यो तिमीकन संमानको साथ अलीअली धन ।**
**परन्तु तिम्रो प्रतिभा पुरस्कृत भएन औ कष्ट थियो गृहस्थित ।।३२।।**

वि. सं. २००८ वैशाखमा प्रधान सेनापति श्रीकेसरशमशेरको उदारताले वा नेपाली काङ्ग्रेसलाई रिझाउने नीतिले नेपाल–सांस्कृतिक-परिषद् खुल्यो । त्यसबाट बाबुराम आचार्यलाई ५,६ महीनासम्म प्रतिमहीना १५०। रु. वृत्ति मिल्यो ।

यसै वर्ष श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवबाट आफ्नो जन्मोत्सवमा उहाँलाई इतिहासशिरोमणि (ऐतिहासिकशिरोमणि) पदवीसाथ मासिक डेढ सय रुपियाँको वृत्ति प्राप्त भयो । धेरै समयपछि श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको पछिल्लो शासनमा यो वृत्ति ३००। रु. पुगेको थियो ।

**विस्तार क्यै लेख भए प्रकाशित, चल्दै गयो कीर्तिकथा इतस्ततः ।**
**परन्तु जो न्याय्य थियो तिमीकन, त्यो प्राज्ञताको पद भो अरूकन ।।३३।।**

वि. सं. २०१३ पृथ्वीजयन्तीको दिन ऐतिहासिकशिरोमणिज्यू मकहाँ आउनुभयो । नेपालमा एकेडेमी खुल्ने भयो; म पनि त्यसमा हुने भएको छु; तिम्रा विद्यार्थीलाई पनि म काम दिलाइदिन्छु; तिमी हामी मिली काम गरौँ भनी उहाँले मसँग भन्नुभयो । म त इतिहास-संशोधनको काममा लागेको छु, यस विषयमा म तपाईँको सम्मति चाहन्छु भनी उहाँसँग मैले भनेँ । म त इतिहास-संशोधनको प्रशंसा गर्छु भनी उहाँले प्रशंसापत्र लेखिदिनुभयो । सो प्रशंसापत्र धनवज्र वज्राचार्यको इतिहास-संशोधन ७ सङ्ख्यामा वि. सं. २०१३ शिवरात्रिमा प्रकाशित भयो । त्यसपछि किन हो कुन्नि उहाँले एकेडेमीमा पद पाउनुभएन । यस घटनाले ऐतिहासिकशिरोमणिज्यूको मनमा चोट परेछ । मेरो सङ्गतले आफ्नो उन्नतिमा बाधा परेको उहाँले सम्झनुभएछ ।

दैवसंयोग यसको लगत्तै पछि अर्को घटना घट्यो । संक्षेपमा सो यस प्रकारको छ– भारतीय भगवान्लाल इन्द्राजी, अङ्ग्रेज सेसिल बेन्डाल, फरासिस सिलभेन लेवीले प्रकाश गरेका नेपालका लिच्छविअभिलेखहरूलाई उनीहरूकै नामसाथमा र हामी नेपालीहरूले प्रकाश गरेका लिच्छविअभिलेख-

लाई चाहिँ अप्रकाशित भनी रोमबाट निस्केको रेनिइरो नोलीको ग्रन्थमा लेखिएको रहेछ । सो ग्रन्थ वि. सं. २०१३ मा प्रकाशित भएको रहेछ, हाम्रो हातमा वि. सं. २०१४ मा पऱ्यो । नोलीले अप्रकाशित भनी छपाएका अभिलेखमा ऐ. शि. ज्यूको र मेरो संयुक्त परिश्रमबाट छापिएका अभिलेख पनि परेका थिए । नोलीलाई कोसेली पुऱ्याउने तात्कालिक शिक्षासचिव केशरबहादुरजी हुनुहुँदो रहेछ । यस राष्ट्रिय अपमानको विरोधमा हामीले बोल्नुपर्छ भनी मैले ऐ. शि. ज्यूसँग प्रार्थना गरेँ । आफ्नो मनको अस्थिरताले गर्दा ऐ. शि. ज्यूले विरोध गर्न सक्नुभएन । हामीले सावधान- पत्र २ सङ्ख्या, अभिलेख-सङ्ग्रह पहिलो भाग २०-२१ पृ., पूर्णिमा २३ अङ्क २२०-२२२ पृ. मा यसको विरोध गरी लेखेका छौँ । यस घटना-पछि ऐ. शि. ज्यूले यसको विरोध नगर्नुभएसम्म उहाँसँग मिली संयुक्त रूपमा काम गर्न मैले असमर्थता प्रकट गरेँ । किनभने स्वदेशीको पसिना विदेशीलाई खवाएर स्वदेशमा विद्याप्रचार गर्नु असंभव छ भन्ने मेरो पक्का विचार छ ।

श्रीसूर्यविक्रम ज्ञवालीज्यूसँग वि. सं. १९९१ मा मेरो परिचय भएको थियो (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीका २-४ पृ.) । उहाँले इतिहास-संशोधनलाई वि. सं. २०१३ मा दार्जिलिङबाटै प्रशंसापत्र पठाउनुभएको थियो (वि. सं. २०१४ ज्येष्ठमा प्रकाशित धनवज्रको इतिहास-संशोधन ८ सङ्ख्या) । पछि उहाँ एकेडेमीमा सदस्य हुनुभएपछि नेपालमा इतिहासविषयको काम गर्ने मान्छे थोरै छन्, तपाईं हामी मिली काम गरौँ भनी उहाँले मसँग भन्नुभयो । म इतिहास-संशोधन चलाउँदै आइरहेको छु, यस विषयमा एकेडेमीतर्फ-बाट तपाईंले स्पष्ट नीति लिनुपर्छ भनी मैले उहाँसँग भनेँ । ज्ञवालीज्यूबाट स्पष्ट जवाफ आएन । वि.सं. २०१९ मा एकेडेमीबाट उहाँको नेपाल उपत्यकाको मध्यकालीन इतिहास प्रकाशित भयो । त्यहाँ बालचन्द्र शर्माज्यूको र हाम्रो पनि मन राखिदिन इतिहासज्ञ ज्ञवालीज्यूले एउटै मानिस दुइ बाजि मरेको, एउटै मानिस एउठाको छोरा पनि भएको नाति पनि भएको आदि कुरा लेख्नुभएको छ (सावधान-पत्र ५ सङ्ख्या, ६ सङ्ख्या, ७ सङ्ख्या, ८ सङ्ख्या, ९ सङ्ख्या १० सङ्ख्या, ११ सङ्ख्या, १४ सङ्ख्या, १६ सङ्ख्या, इतिहास-संशोधन ५७ सङ्ख्या, ५८ सङ्ख्या, ५९ सङ्ख्या, ६० सङ्ख्या, ६३ सङ्ख्या) ।

वि. सं. २०२० तिर एकेडेमीबाट ऐ. शि. ज्यूले १० हजार रु. को त्रिभुवन-पुरस्कार पाउनुभयो ।

**पुग्दा असी वर्षनगीचमा तिमी पाण्डित्य तिम्रो युवराजमा पनि ।**
**पुगेछ, क्यै भो गुणको समादर, तिमा बने ग्रन्थ नयाँ मनोहर ।।३४।।**

ऐ. शि. ज्यू छयहत्तर वर्ष पुग्नुहुन्ज्यालसम्म उहाँले इतिहासविषयका ग्रन्थ प्रकाश गराउन सक्नुभएको थिएन । यसो हुनाको कारण आँखाको कमजोरीले गर्दा आफू एक्लै काम गर्न उहाँले नसक्नु तथा उहाँले बोलेको कुरा लेखी छापाखानासम्म पुऱ्याइदिने गतिलो नियत मानिस नहुनु र प्रकाशनको असुविधा पनि थियो । यस कुराले ऐ. शि. ज्यूको ज्ञान उहाँसँगै जान लाग्यो भनी म चिन्तित थिएँ । वि. सं. २०२० को अन्त्यमा मलाई शिक्षासहायकमन्त्रीज्यूकहाँसम्म ऐ. शि. ज्यूको

यथार्थ गुण निवेदन गर्ने मौका मिल्यो र "श्री ५ को सरकारले उहाँलाई विशेष सुविधा दिई केही मानिस उहाँले बोल्नुभएको ऐतिहासिक ज्ञानलाई टिप्न खटाओस् र तिनको संकलन गराई उहाँको नामबाट उहाँकै जीवनमा प्रकाश गराओस् भन्ने प्रार्थना मैले श्री ५ को सरकारसँग गरेको छु" भन्ने कुरा पारी वि. सं. २०२० फाल्गुन २६ गते शिक्षासहायकमन्त्रीज्यूकहाँ निवेदन चढाएको थिएँ (पूर्णिमा १५ अङ्कका ३२५-३२७ पृ.) ।

असी वर्षनगीचमा = ७७ वर्षमा ।

युवराज = तात्कालिक श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव ।

ग्रन्थ लेखनको लागि मासिक ५००। रु. को वृत्ति र अरू उपयुक्त सुविधा तथा सहायक राजदरबारबाट उहाँले पाउनुभयो ।

नेपालको संक्षिप्त वृत्तान्त वि. सं. २०२२ मा, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी पहिलो भाग वि. सं. २०२४ ज्येष्ठ ३० गते, दोस्रो भाग वि. सं. २०२४ विजयादशमीमा, तेस्रो भाग वि. सं. २०२५ मा, चौथो भाग वि. सं. २०२६ मा प्रकाशित भए ।

गुणज्ञताले अधिराजको भयो सन्मान तिम्रो, जुन योग्य नै थियो ।
बन्लान् नयाँ ग्रन्थ विचारपूरित भन्ने थियो धेर मनुष्यको मत ।।३५।।

अधिराज = वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव ।

सन्मान = राजकीय प्रज्ञाप्रतिष्ठानको प्रज्ञामानार्थ सदस्यता । मासिक ७००। रु. को वृत्ति । मासिक ३००। रु. खाने सहायक । वि. सं. २०२८ को अन्त्यमा यो प्राप्त भएको हो ।

लाग्यो कडा रोग, तिमी पछारियौ, हाहा भयो, औषधगेहमा पुग्यौ ।
खप्तै कडा रोग असह्यवेदन तिम्रा बिते हाय ! त्यहाँ निकै दिन ।।३६।।

औषधगेहमा = वीरअस्पतालमा ।

वि. सं. २०२९ श्रावण २७ गते वीरअस्पतालमा भर्ना ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान र श्री ५ को सरकारबाट १०००।, १०००। रु. औषधिखर्च प्राप्त भयो ।

तिम्रो हरे ! निष्क्रिय भो कलेवर, त्यो ज्ञानको राशि उड्यो कतातिर ।
यो रीतले नश्वर देह छोड्दियौ, भई पचासी परलोकमा पुग्यौ ।।३७।।

वि. सं. २०२९ भाद्र २१ गते मङ्गलवार राति साढे बाह्र बजे वीरअस्पतालमा मृत्यु ।

शोकार्त्त भै प्राज्ञ मिली गरे सभा, शोकार्त्त भै शासनले दियो बिदा ।
देखासिकी शोकसभा निकै भए, केहीनकेही गुणका कथा भए ।।३८।।

राजकीय प्रज्ञाप्रतिष्ठानमा शोकसभा भयो ।

वि. सं. २०२९ भाद्र २३ गते नेपाल अधिराज्यभर आधा दिन बिदा भयो ।

तिमी गयौ हुन्न अवश्य दर्शन विवेकले भन्छ यही किटीकन ।
परन्तु तिम्रै मुखलाई झल्झल देखीरहेको छु अहो सबैतिर ।।३९।।
तिम्रा कुरा फेरि म सुन्न खोज्दछु, प्रष्टव्य क्यै प्रश्न म सोध्न खोज्दछु ।
विवेकले अङ्कुश लाउनाकन तत्काल थाल्दिन्छ निजक्रियाकन ।।४०।।

वि. सं. २०२९।५।२४।६

वि. सं. २०२८ मार्ग १६ गते तात्कालिक श्री ५ नवयुवराज (वर्तमान श्री ५ युवराजाधिराज) दीपेन्द्रवीरविक्रम शाहदेवको पास्नीमा नारायणहिटी राजदरबारमा उहाँ र म दैवसंयोग सँगसँगै पस्यौँ । त्यहाँ बसुन्ज्यालसम्म उहाँका र मेरा कुरा भइरहे । तिनताका पूर्णिमा २५ अङ्क छापिँदै थियो । यसमा श्री ३ रणोद्दीपसिंहको विषयको कुरा छापिएको छ । रणोद्दीपसिंहको वधविषयको घटनामा १ जना स्वाँर भारादारलाई श्री ३ वीरले लेखेको पत्रको चर्चा त्यहाँ भयो । सो पत्रको प्रतिलिपि मैले ऐतिहासिकशिरोमणिज्यूबाट पाएको थिएँ । त्यसलाई उहाँको नामसाथ अभिलेख-सङ्ग्रह १ भागको १६ पृष्ठमा मैले प्रकाशित गराएको छु । त्यसमा स्वाँर भनेको के होला भनी मैले उहाँसँग सोधेँ । स्वाँर भनेको सवार हो भनी उहाँले जवाफ दिनुभयो । यस किसिमबाट त्यो भोजको अवसरमा मलाई उहाँको सङ्गतले अत्यन्त आनन्द मिलेको थियो । त्यसपछि राजदरबारबाट उहाँ र म सँगसँगै निस्क्यौँ । उहाँको र मेरो राम्रो अन्तिम भेट यही रहेछ । त्यसपछि वीरअस्पतालमा रोगशय्यामा पर्नुभएका उहाँको दर्शन गर्न म ५ पटक गएँ । पहिलो पटकमा पूर्णिमा २६ अङ्क लगी समर्पण गरेँ । अमरकोश प्रामाणिक छ भनी उहाँले भन्नुभयो, विशेष बोल्न सक्नुभएन । म दोस्रो पटक र तेस्रो पटक उहाँकहाँ जाँदा उहाँ बेहोश हुनुहुन्थ्यो । चारौँ पटक जाँदा आजभोलि के लेख्न लागेका छौ, के छपाउन लागेका छौ भनी उहाँले भन्नुभयो । अहिले पूर्णिमा २६ अङ्क निस्क्यो, पूर्णिमा २७ अङ्कको सम्पादन भइरहेछ भनेर मैले भनेँ । पूर्णिमा निस्क्यो र भनेर उहाँले भन्नुभयो । तिमीले महाभारत सम्पादन गर्न लागेको के भयो नि भनी उहाँले सोध्नुभयो । मैले महाभारतको सम्पादन त गरेको छैन भन्दा उहाँले गरेको छ, गरेको छ भनी भन्नुभयो । विशेष कुरा गर्न मैले उचित सम्झिनँ । पाँचौँ पटकमा मैले दर्शन गरेको कुरा उहाँको संमुखमा रहेका मनुष्यले भनिदिएपछि उहाँले नमस्कार भन्नुभयो । उहाँको अन्तिम दर्शन यही थियो ।

(७ श्लोकको टिप्पणी)

एकदिन हेमराजज्यूकहाँबाट विशेष कामको लागि मलाई बोलाहट आएको थियो । सो काम सिद्धिएपछि महाभारतमीमांसा म हेर्न पाऊँ भनी मैले भनेँ । अहिले त मलाई फुर्सद छैन, भरे आऊ भनी गुरुज्यूले भन्नुभयो । कुन वेला हाजिर होऊँ भनी मैले भनेँ । एकछिन घोरिएर ५ बजे आऊ भनी गुरुज्यूले भन्नुभयो । ठीक ५ बजे म ढोकामा पुगेँ । ५ बजेर ५ मिनेट जाँदा

हेमराजज्यू बाहिरबाट घरभित्र पस्नुभयो । उहाँ सरकारिया पोशाकमा हुनुहुन्थ्यो । माथि गई चिन्तामणि विनायक वैद्यको महाभारतमीमांसाको हिन्दी संस्करण गुरुज्यूले मेरो हातमा राखिदिनुभयो । मैले यो पुस्तक हेरेको छु, हजुरले लेखिबक्सेको पुस्तक मैले खोजेको भनी मैले भनें । त्यो त कहाँ छ; अहिले पाइँदैन; खोजेर म तिमीलाई दिउँला भनी गुरुज्यूले भन्नुभयो र महाभारतको विषयमा चर्चा शुरू गर्नुभयो । केही बेरमा ढोकेले आई प्राध्यापक तोत्रराज पाँडेको हाजिरी ल्यायो । उहाँलाई माथि बोलाहट भयो । विस्तारै गुरुज्यू उत्तेजित हुँदै जानुभयो र श्री ३ भीमशमशेरको पालाको पुस्तकचोरीपर्वको कुरा गर्न लाग्नुभयो– मैले के गरें । रण्डीबाजी गरिनँ । कसैको पैसा मारिनँ । दक्षिणाको पैसा ल्याएर पुस्तक किनेर पढेर बसें । बडागुरुज्यूसाहेब (तर्कराज) ले यो पुस्तक चोर्छ भनी मलाई झूटो चोरदोष लगाउनुभयो । पुस्तक यिनै (तोत्रराज)का बाबु (डिट्ठा पद्मराज) ले ल्याएका हुन् । ... तन्त्रको पुस्तक हो इत्यादि कुरा ऊँचो स्वरले गुरुज्यू गर्न लाग्नुभयो । तोत्रराज तथा म दुवैजना चूप लागेर बसिरहेका थियौं । गुरुज्यू यही भावको कुरा कुरा दोहऱ्याई तेहऱ्याई गरिरहनुभएको थियो । शास्त्रचर्चा गयो । १ घण्टा जति यसै गरी बित्यो । पछि लौ जाओ भनी विदा भयो । त्यसपछि तोत्रराज र म दुवैजना बाहिर निस्कयौं । यसको २, ४ दिनपछि गुरुज्यूकहाँको सिपाहीले वि. सं. १९९२ को यान्अल्ज् अफ् द् भाण्डार्कर् अरिइअन्टअल् रिसर्च् इन्स्टिट्युट् (भाण्डारकरको प्राच्यविद्यासम्बन्धी अन्वेषणसंस्थाको पत्रिका)मा छापिएको महाभारतसंबन्धे कश्चन विचारः भन्ने हेमराजज्यूको निबन्ध मलाई घरमा ल्याई दियो । यसको २, ४ दिनपछि फेरि कामविशेषमा गुरुज्यूकहाँबाट मलाई बोलाहट आयो । काम सिद्धिएपछि तिमीलाई मैले पुस्तक पठाइदिएको थिएँ, हेऱ्यौ भनी गुरुज्यूले सोध्नुभयो । हेर्न त हेरें, केही बुझें केही बुझिनँ भनी मैले भनें । मकहाँ आऊ, म बुझाइदिउँला भनी गुरुज्यूले भन्नुभयो । कहिले हाजिर होऊँ भनी मैले भनें । एकछिन घोरिएर उहाँले दिन तथा समय दिनुभयो । म ठीक समयमा सो पुस्तक लिई गएँ । ल पुस्तक बाँच भनी गुरुज्यूले भन्नुभयो । म बाँच्दै जान्थें । गुरुज्यू व्याख्यान गर्दै जानुहुन्थ्यो । मेरो कान अलि कम हुनाले गुरुज्यूलाई ठूलो स्वरमा बोल्नुपर्थ्यो । केही बेरमा उहाँका साना नातिले आई केही कुरा गुरुज्यूसँग भन्नुभयो । गुरुज्यूले कराउन्नँ कराउन्नँ जा भनी नातिलाई पठाई हाँस्तै भन्नुभयो–आजभोलि मलाई साइटिका (पुट्ठ र तिघ्रा दुख्ने रोग) भएको छ; धेरै कराउनु ठीक छैन भनी गुरुमाले भनेर पठाएको रहेछ; ल बाँच । अघिको जस्तै काम चल्दै गयो ।

अर्को एक दिन हेमराजज्यू, म, दुर्गादेव पाँडे तीन जना थियौं । पुस्तकालयको काम गर्ने हुनाले दुर्गादेव बराबर आउने जाने गर्नुहुन्थ्यो । नेपालको इतिहासको चर्चा चल्यो । मैले ठाउँठाउँका अभिलेखका श्लोक भनें । गुरुज्यू बाजे फेरि भन, फेरि भन भनी दोहऱ्याई तेहऱ्याई सुन्न लाग्नुभयो । यी जस्मैलाई सङ्ग्रह गरेर क्रम मिलाएर लेख्न पाए त राम्रो पुस्तक बन्थ्यो भनी गुरुज्यू बाजेले भन्नुभयो । यसै प्रसङ्गमा पृथ्वीनारायण शाहको वसन्तपुरको अभिलेख मैले सुनाएँ । २, ४ पटक मेरै मुखबाट सुन्नुभयो । त्यसपछि मलाई लेखेर देऊ भनी कागत र आफ्नो कलम गुरुज्यू

बाजेले मेरो अघिल्तिर राखिदिनुभयो । मैले सो अभिलेख लेखेर दिएँ । त्यो कागत लिएर गुरुज्यू बाजे निकै बेर घोत्लिनुभयो । पछिबाट अरु त सब ठीक छ; विधाय मन्मथोत्सवम् भनी यहाँ जो लेखिएको छ, यस्तो कुरो पृथ्वीनारायण शाह जस्ता राजाले बोल्ने कुरा होइन; यो अनुचित कुरा हो भनी गुरुज्यू बाजेले भन्नुभयो ।

अर्को दिन टल्मीको अल्माडेस्ट पढ्ने इच्छा मैले गुरुज्यू बाजेसँग गरेँ । उहाँले सूचीपत्र दिनुभयो । सूचीपत्रमा मैले सो पुस्तक भेट्टाउन सकिनँ । संयोगवश वेङ्कटेश केतकरको इन्डिअन् यान्ड् फरिन् क्रोनलजि (भारत र बाहिरका कालगणना) सूचीपत्रमा भेट्टाएँ । सो पुस्तक पढ्न पाऊँ भनी गुरुज्यूसँग मैले भनेँ । गुरुज्यूले सूचीपत्र यसो हेर्नुभयो र यो पुस्तक फलानो ठाउँमा रहेको फलानो दराजको फलानो तलामा छ भनी बताइदिनुभयो । मैले पुस्तक ल्याएर गुरुज्यूको अघिल्तिर राखिदिएँ । त्यस बेला त्यहाँ श्रीगुरु पं. सोमनाथ सिग्द्याल (पण्डितराज) पनि हुनुहुन्थ्यो । गुरुज्यू बाजेले तिमीले लगेर पढ्नू, अरु-लाई नदिनू भनी भन्नुभयो । श्रीगुरु सोमनाथले अरुलाई दिए पनि कसले हेर्ला र भनी भन्नुभयो । त्यो पुस्तक ल्याई मैले धेरैजसो भागको संस्कृतमा अनुवाद गरेँ । पछि त्यो अनुवाद गुरुज्यू बाजेलाई लगी सुनाएँ । गुरुज्यूले सुन्नुभयो तापनि गणितको विषय भएको हुनाले गुरुज्यूलाई विशेष रुचिकर हुन सकेन । यस्तो अनुवाद गर्नु बढिया हो भनी गुरुज्यूले भन्नुभयो । मैले त्यो पुस्तक आफूकहाँ राख्न बीचबीचमा स्याद थप्नुपरेको थियो । मैले त्यो पुस्तक धेरै कालसम्म आफूकहाँ राख्नुपर्‍यो भन्दा के भयो र, अरु पुस्तक पनि हेर्छौ भने हेर भनी गुरुज्यूले भन्नुभयो । यो घटना वि.सं. २००५ तिरको हो।

अर्को एकदिन पाठ्यक्रम कस्तो बनाए ठीक पर्ला, विचार गरन भनी गुरुज्यूले भन्नुभयो । नयाँ ढङ्गले संस्कृत पढाउने जोशमा त म लागेकै थिएँ, केही काम गरेको पनि थिएँ । एकदिन अष्टमी-को दिन पारी दिनभर लेखेर बेलुका घाम अस्ताउने वेला गुरुज्यूको ढोकामा गई हाजिर पुर्‍याएँ । ढोकेले आएर यस वेला किन आएको रे भनेर सोध्यो । मैले यो कागत चढाउन आएको भनेर भनेँ । ढोकेले माथि गएर आई कागत लिएर गयो । फेरि तल आएर माथि आउने भए आउनू रे भन्ने मर्जी भयो भनी भन्न आयो । गुरुज्यू बाजे डसनामा पल्टिरहनुभएको रहेछ । नजीकमा केसरिराज (हेमराजका जेठा छोरा) र दुर्गादेव हुनुहुँदो रहेछ । गुरुज्यू बाजेले यस वेला केको मनको दौड हो नि यो भनी भन्नुभयो । मर्जी भएको हुनाले पाठ्यक्रम विचार गरी ल्याएको भनेर मैले भनेँ । तिम्रो कागत यहीँ छ, ल बाँच्ने भए बांच भनी गुरुज्यू बाजेले सो कागत मेरो हातमा राखिदिनुभयो । म बाँच्तै गएँ । साँझ परेकोले दुर्गादेव विदा भई जानुभयो । केसरिराजजीले मेरो लेखको बीचबीचमा उपहास गर्नुभयो । गुरुज्यू बाजेले पनि त्यसमा सही थाप्नुभयो । मैले यो अनुभव गरी बनाएको कुरा हो, बुझनसुझसँग आलोचना गर्नु उचित हुँदैन भनी भनेँ । मेरो कुराले उत्तेजित भई केसरिराज जुरुक्क उठेर जानुभयो । गुरुज्यू बाजेले त्यो लेख जम्मै सुन्नुभयो । गुरुज्यूले फेरि भन फेरि भन भनी त्यो लेख दोहर्‍याई तेहर्‍याई सुन्नुभयो । यस्तो लेख त काम लाग्छ बुझयौ, ऊ त्यो छालाको सानो बाकस ल्याऊ भनी भन्नुभयो र मैले बाकस लगेर अघिल्तिर राखिदिएँ । त्या बाकस उहाँले खोल्नुभयो र तिमीले जस्तै मैले पनि लेखेको छु, ल हेर भनी सो कागत बाँचो

मलाई सुनाउनुभयो । नेपालमा संस्कृतमहाविद्यालय खोल्दा दिने भाषणको रूपमा उहाँले सो लेख्नु-भएको रहेछ । परन्तु सो अपूर्ण थियो । मैले थाहा नपाएका धेरै नेपाली विद्वान्हरूका नाम त्यहाँ थिए । यी को हुन्, यी को हुन् भनी मैले सोद्धै गएँ । तिनको परिचय गुरुज्यूले बताउँदै जानुभयो । मेरो लेखबाट पनि ठाउँठाउँमा आफ्नो लेखमा संशोधन गर्दै जानुभयो । त्यसो गर्दा गर्दै रातको ९ बज्यो । आज जाऊ; अबेर भयो; म पनि विचार गर्छु; तिमी पनि यसमा विचार गर है; बाहिर गएर अरूसँग यो कुरा नगरे नि भनी गुरुज्यूले मलाई बिदा दिनुभयो । त्यसको २, ४ दिनपछि काम-विशेषका लागि बोलाहट आयो र म गएँ । काम सिद्धिएपछि मैले यति थपें, ल हेर भनी थपेको भाग गुरुज्यूले सुनाउनुभयो । के गर्नु; बाथ भइरहेछ; हात दुख्छ; धेरै लेख्न सक्दिनँ भनी गुरुज्यूले भन्नुभयो । मैले पनि २, ४ वटा कुरा भनें । उहाँको स्वभाव अरूको कुरा झट्ट स्वीकार नगर्ने थियो । २, ४ बाजि त्यो कुरा भनेपछि उहाँमा लाग्थ्यो । यसै गरी त्यस दिन पनि उहाँले आफ्नो लेखमा केही थप्नुभयो । परन्तु त्यो लेख प्रकाशमा आएन ।

अर्को एक दिन म कौटलीय अर्थशास्त्र बाँचेर बसिरहेको थिएँ, गुरुज्यू बाजे व्याख्यान गर्न लाग्नुभएको थियो । गुरुज्यू बाजेलाई कौटलीय अर्थशास्त्र उपस्थित थिएन । तर तीक्ष्ण प्रतिभा भएको हुनाले भाव निकाल्न सक्नुहुन्थ्यो । मलाई पनि राम्रो अर्थ लाग्दैनथ्यो । यस कारण अति मन्दगतिले ग्रन्थको पाठ हुन्थ्यो । ढोकेले आएर खकुरेल कविराज (हरिप्रसाद) आउनुभयो भनी खबर ल्यायो । पख भन्दे भनी गुरुज्यूले ढोकेलाई भन्नुभयो । यसै गरी आधा घण्टा बित्यो । ढोकेले फेरि हाजिरी ल्यायो । पख भन्दे भनी गुरुज्यूले भन्नुभयो । फेरि आधा घण्टा बित्यो । घडी हेरी ल जाऊ; दरबारमा मेरो जाने बेला भयो भनी गुरुज्यूले मलाई विदा दिनुभयो । आफू पनि कोट लाएर तल ओर्लनुभयो ।

अर्को एक दिन हेमराजज्यू र म बसेर पुस्तक पढिरहेका थियौं । ढोकेले ल्याएर एउटा कागत गुरुज्यू बाजेको हातमा राखिदियो । गुरुज्यूले यसो हेरेर त्यो कागत मलाई हेर भनेर दिनुभयो । पं. दधिराम पौडेलका नाति (बाबुराम, आजभोलि उनी भूमिसुधारअधिकारी छन् ।) ले मेरा बाजेको स्वर्गवास भयो; मेरा बा पनि हुनुहुन्न; पाकशालामा भर्ना हुन पाऊँ भनी बिन्तीपत्र दिएका रहेछन् । गुरुज्यू बाजेले आफ्नो निधारमा हात राख्नुभयो, बोलाएर लिई आइज भनी ढोकेलाई अह्राउनुभयो । बाबुराम माथि आएपछि ए नानी पाकशालामा अहिले ठाउँ खाली छ कि छैन म बुझुँला; खालि भए भर्ना गरिदिउँला; नभए तिमीलाई म मेरो घरको सिदा दिउँला; तिमी राम्ररी पढ; ल जाऊ भनी विदा गरिदिनुभयो ।

वि. सं. २००९ मा नेपालका संवत्विषयको चर्चा चल्दा गुरुज्यू बाजेले यता आऊ भनी आफ्नो पुस्तकालयमा लगी यहाँ यस विषयका पुस्तक छन्; हेर; मसँग केही कागतपत्र पनि छन्; तिमीलाई म दिउँला; परन्तु चाँडै गर; अब मेरो धेरै समय छैन; ढीलो नगर भनी भन्नुभयो । मैले केही पुस्तक पढें । परन्तु एकलै काम गर्न गाह्रो हुँदा राम्रो फल निकाल्न मैले सकिनँ ।

(१० श्लोकको टिप्पणी)

लिच्छविकालभन्दा अघिका लेख हामीले पाउन सकेका छैनौं । त्यस वेला यहाँ पठनपाठन हुन्थ्यो वा हुँदैनथ्यो भन्ने विषयमा अहिले हामी केही भन्न सक्दैनौं । लिच्छविहरूले ढुङ्गामा रात्रा गद्य पद्य कुँदाएर राखेका हुनाले उनीहरूसँग पुस्तक पनि हुँदा हुन् भन्ने कुरा स्पष्ट छ । त्यसपछिका मल्ल, सेन, शाह इत्यादिका अभिलेख र पुस्तकहरू पनि पाइएकाले त्यस वेला केही पुस्तक सङ्ग्रह हुँदो हो भन्ने कुरा स्पष्ट छ । परन्तु त्यसको व्यवस्था कस्तो थियो, सो कुरो ठोकेर भन्न सकिंदैन । हामीलाई थाहा भएसम्म राजकीय पुस्तकालयको प्रमाण तल उद्धृत पत्र नै छ । यो पत्रको चित्र प्राचीन नेपाल १ अङ्कको फलकसङ्ख्या ८ को क चित्रमा छापिएको छ । त्यहीँबाट यो पाठ पढिएको हो —

श्रीदुर्गा १

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहसमसेरजंगदेवानां सदा समरविजयिनाम् —

आगे केदारनाथ प्या पंडितके हाम्रा दरबारका जती पुस्तक छ. तस्को चिताई तहबिल सम्वत १८६९ सालदेषी तिमिलाई बक्सौं. तिमीले आफ्ना षातिर्जामासीत पुस्तक सबैको सं भार गर्नु. विनाहुकुम पुस्तक कसैलाई नदिनु. दरबारमा काम लाग्या पुस्तकको काम चलाऊनु. पुस्तकको तहबिल आफ्ना जीम्मा गरी राषनु. असुद्ध भयाको पुस्तक सुद्ध गर्नु. टुट्याफाट्याको लीषाऊनु. मुसा कीरा पानी अरू बिगारन्यासीत बचाऊनु. दर्बारमा नभयाको पुस्तक काम लागन्या छ भन्या दर्बारबाट दाम ली हुकुमबमोजीम लीषाऊनु. कीन्नु. काम जाग्यामा पुस्तक हेर्नु. दोई दसमीमा भेटी बोक्या पुस्तकलाई वासा अरू पुजामा चाहिन्या सरजाम ली पुस्तककोठामा सरस्वतीको पुस्तक सबैको पुजापाठ गर्नु. ऐस कामको षानगी रुपैया १२५ सालबसाल् तिमीलाई गरी बक्सौं. त्यो षानगी षाई रातोदिन पुस्तकको काममा हाजीर रहनु ऐस काममा लेषक र टहलुआ मानिस जना २ जाचि बुझि राषनु. तस्को षानगी रुपैया ७० गरिबक्सौं. त्यो दी रातोदिन टहलमा रुजू राषनु. भितीरिया कामको सरहबमोजीम दसमी फागू संक्रराती वीवाह श्राध्य षर्च र पोषाक मामुली भयाको लीनु. पुस्तककोठामा रातिभरी बाती बालन्या तेल माना ।'— पुस्तक लेषन्या कागत मसी हरिताल सीमरिफ् लीनू. अरु चाहिन्या पुस्तकको कुरा विन्ती गर्नू. इति सम्वत १८६९ साल मिति भादौवदि ६ रोज ६ शुभम्

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८६९ भाद्रकृष्ण (पूर्णान्तिमानले)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| भाद्र १५ | शुक्र | षष्ठी | २। | ४६ |

(पात्रीबाट)

यी पुस्तक पछि श्री ३ जङ्गको दरबार थापाथलीमा रहन लागेका थिए । पछि श्री ३ वीरले नयाँ भवन बनाई यी पुस्तक लगी राखे । सो पुस्तकालयको नाम वीरपुस्तकालय रह्यो ।

(३४ श्लोकको बाँकी टिप्पणी)

वि. सं. २०२८ मा ऐ. शि. ज्यूले श्री ५ महेन्द्रबाट गोरखादक्षिणबाहु तक्मा पाउनुभयो ।

—नयराज पन्त

# नेपालमा भएको मुसलमानी आक्रमण

– बाबुराम आचार्य

[यो लेख मलाई सार्न दिँदा खरीदार बाबुराम आचार्यले तलको कुरा भन्नुभएको थियो–

शारदामा छपाउन भनी मैले यो लेख दिएको थिएँ । ने. भा. प्र. स. ले आज्ञा नदिई शारदाले नछपाउने हुनाले यो लेख समितिमा गयो । समितिले डाइरेक्टर जनरल (मृगेन्द्रशमशेर) सँग नसाधी हामी यस्तो लेख पास गर्न सक्दैनौं भनी जवाफ दियो । इतिहास मैले बुझेको छैन, साहिँला बुबा (द. क. ज. केसरशमशेर) कहाँ बिन्ती चढाऊ भन्ने मृगेन्द्रशमशेरको जबाफ मिल्यो । द. क. ज. साहेबबाट मलाई अहिले फुर्सद छैन; तिमी यो लेख छोडेर जाऊ; म बाहिरबाट आएपछि तिम्रो लेख हेरुँला भन्ने भयो । यसको केही महीनापछि काशीप्रसाद जायसवाल नेपालमा आए । उनले सिम्भूको शिलालेख जर्नल् अफ् बिहार् यान्ड् उडिसा रीसर्च् ससाइइटि (बिहार र उडिसाको खोजी गर्ने संस्थाको पत्रिका) मा छपाई नेपालमा भएको मुसलमानी आक्रमणको प्रचार गराए । केसरशमशेर बाहिरबाट आएपछि तिमीले यो लेख जायसवाललाई किन दियौ भनी मसँग सोधनी भयो । मैले दिएको होइन; मैले शिलालेख सार्दा देख्ने मान्छे (तिलकशमशेर थापा, घण्टाघरका गुभाजू आदि) अरू पनि थिए; उतैबाट गयो होला; मैले गोपालराजवंशावलीको पनि प्रयोग गरेको छु; जायसवालको लेखमा गोपालराजवंशावलीको प्रयोग भएको छैन भनी मैले भनें । तिमीले मलाई के संझेका छौ, तिमीलाई म खोस्न सक्छु बुझ्यौ भनी केसरशमशेरले भन्नुभयो । मैले पनि हजुरहरूमा यस्तै शक्ति रहेको हुनाले नै दार्जिलिङ त्यति आबाद भएको हो भन्ने जवाफ दिएँ । राहुलले आएर माहिला गुरुज्यू र केसरशमशेर दुवैजनाको प्रशंसा छपाएका थिए । केसरशमशेर बाहिर गएको बेला जायसवाल आएका हुनाले जायसवालले माहिला गुरुज्यूको मात्र प्रशंसा छपाए । यो कुरो केसरशमशेरलाई राम्रो लागेन । यसै कारण मेरो टाउकोमा रिस बज्रेको हो । यो लेख तिमी सार्छौ भने सारी राख । मकहाँ हराए पनि तिमीकहाँ रहन्छ, यति भनी उहाँले लामो सास फेरी मेरो हातमा यो लेख र सिम्भूको शिलालेखको उहाँले पढ्नुभएको पाठ दिनुभयो । सिम्भूको शिलालेखको मैले सारेको उतार भोलानाथ धनवज्र ज्ञानमणिलाई दिएँ । उनीहरूले ऐ. शि. ज्यूको नामसाथ वि. सं.२०१० मा संस्कृत-सन्देश १।१० मा सो शिलालेख मूलसँग रुजु गरी छपाए ।

-नयराज पन्त]

नेपालराजधानीमा मुसलमानको आक्रमण भएको थियो भन्दा यो लेख नपढंजेल कसैलाइ पनि विश्वास लाग्नेछैन । नेपालका इतिहासका विषयमा जो दस आठोटा किताप लेखिएका छन्, तीमद्धेका यौटामा पनि ती मुसलमानका आक्रमणको चर्चा नहुनाले सहसा पत्यार नलाग्नु पनि ठीक नै छ । तर विक्रमसंवत्का पन्ध्रौं शताब्दीका आरंभमा तिनीहरूको आक्रमण भएको थियो अवश्य । त्यो आक्रमण मामूली पनि थिएन, बडो भयंकर थियो । नेपालका पुराना लेखको छानबीन राम्रो नगरेका हुनाले कुनै इतिहासलेखकलाइ पनि यस घटनाको पत्ता हुन सकेको छैन ।

त्यस समयका नेपालका नेवार-राज्यका राजनीतिक इतिहासलाइ प्रकाशमा लिपाउने प्रशंसनीय प्रयत्न प्रोफेसर सेसिल बेन्डाल (युनिवरसिटी कालेज लन्डन) ले नेपाल दरबार पुस्तकालय-का सूचीपत्रमा हिस्टारिकल इन्ट्रोडक्सन (ऐतिहासिक परिचय) भन्ने प्रबन्धमा गरेका छन्[1] । यो प्रबन्ध लेख्दा तिनले चारौटा नेपालका वंशावली व्यवहार गरेका र तिनका कुनै कुनै पत्रका पाटी (प्लेट्) ‡ बनाएर पनि दिएका छन् । ती चारैओटा वंशावलीमा त्यस मुसलमानी आक्रमणको बयान अवश्य रहेको छ भन्ने मलाइ विश्वास छ । तिनले पाटी दिएका पत्रमा पनि त्यस आक्रमणको उल्लेख छ । त्यो देखेर पनि त्यस आक्रमणको चर्चा तिनले लेखेको प्रबन्धमा बिलकुलै नगरेको देख्दा जुन वाक्यमा त्यो आक्रमण बताएको छ, ती वाक्यको तिनलाइ अर्थ लागेको रहेनछ भनी बडो संकोच मानेर भन्नुपरेको छ[2] । यस आक्रमणको उल्लेख भएको अर्को लेख सिंभुमा रहेको राजहर्षले चैत्य बनाएका संकौनीका निमित्त राखेको संवत् १४२९ (नेपालसंवत् ४९२ आश्विनशुदि १५) को शिलापत्र छ । इनै दुइ लेखबाट यो आक्रमणको विषय प्रकाशमा आउन शक्दछ । बेन्डाल साहेबले दिएका वंशावलीका पत्र २८ (आठौं पाटी) का चौथो पाँचौ पंक्तिमा रहेका वाक्यको[3] अनुवाद यो हुन्छ— "त्यहि बीचमा पूर्वबाट सुरतान समसदिन नेपालमा आएर श्रीपशुपति तीन खंड गराए । जम्मै नेपाल भस्म भयो । दुनियामा हाहाकार चल्यो । संवत् ४७० मार्गशुदि ९ का दिन भक्तपुरमा महाकष्ट भयो ।" यो ४७० नेपालसंवत् हुनाले यसका मार्गशुदि ९ का दिन विक्रमसंवत् १४०६ मार्ग २१ गते र इसवी सन् १३४९ सेप्टेंबर महिनाको १९

---

१. पं हरप्रसाद शास्त्रीले बनाएको पहिला भागमा गाभिएको (कलकत्ता १९०५)

‡ यहाँ श्रीबाबुराम आचार्यले रोमन अक्षर लेख्नुभएकोमा हामीले देवनागरी अक्षर हालेका छौं ।

—सम्पादक

२. यो भन्नुपरेको इतिहासका खोजका निमित्त हो; ती विद्वान् लेखकलाइ दोष दिनाका निमित्त होइन । सात समुद्र पार रहेका मानिसलाइ यो अनकंतारमा रहेका देशका पुराना लेखको अर्थ नलाग्नु स्वाभाविक पनि छ ।

३ "तततरे पृव्व सुरतान समसदिनमागत्य नेपालं श्रीपशुपति त्रिखण्डीकृता नेपाले स्मस्त भस्मीभवत् । हाहाभवन्ति लोकश्च । संवत् ४७० मार्गसिरशुदि ९ महाकष्ट भवति भक्तपुरे" मसँग रहका यौटा वंशावलीमा अघिल्ला ६ अक्षरका ठाउँमा 'तदनतरे पूर्व' र अर्कामा 'तदनन्तर पूर्व्व' पाठ छ ।

तारिख पर्दछ ।

सिंभुमा रहेका शिलापत्र[४]को यो अनुवाद हुन्छ "दुइ धर्म (बौद्ध र पौराणिक) का खानिका यौटै समुद्र भएका राजा राजदेव नेपालमा प्रख्यात थिए । अधिका (मानिस)ले प्रख्यात गरिएको, सिद्धहरूका भुवनमा, सिंभुका टाकुरामा, मुनिको घर भएको, पवित्र स्तूप (चैत्य) थियो । तिनैले राज गरेमा नेपालसंवत् ४७० मार्गशुदि १० बिहिवारका दिन सूरत्राण समस्दीन धेरै बंगालका फौजका साथ नेपालमा आएर सबैतिर भत्काए, डढाए पनि । केही कालपछि ती बुद्धिमान राजा स्वर्ग गए । यस हिसाबले यवन (मुसलमान) ले डढाएको त्यो स्तूप तेसै रह्यो ।"

यो आक्रमण बंगालका मुसलमानबाट भएको भन्ने यस शिलापत्रबाट सूचना मिलेको हुनाले यस समयका बंगालका राजनीतिक इतिहासतिर दृष्टि फिराउन परेको छ । संवत् १२६१ वा ६२ मा हिन्दु राजा लक्ष्मण सेनका हातबाट दिल्लीका मुसलमान बादशाहका हातमा बंगाल पुगेको थियो । दिल्लीका बादशाह मुहम्मद तुगलक (१३८२–१४०८) को शासनको बागडोर छिन्दै जान लागेको मौका पाई बंगालका गवर्नर कदर खानलाइ तिनका हतियार बोक्ने नोकर फखरुद्दिनले संवत् १३९४ (हिजरी सन् ७३७–३८) मा मारी दखल जमाएर आफना नाउँका टक चलाई स्वतन्त्र बादशाह बनेका थिए[५] । संवत् १३९७ मा अलाउद्दीनले तिनलाइ मारी बादशाही ताज ओढे । अर्का साल हाजी इलियसले तिनलाइ पनि मारी सुलतान बनी शमसुद्दीन भन्ने खिताब लिए । इनको शासन १५ वर्ष रह्यो[६] ।

---

४. यो शिलापत्र संस्कृत पद्यमा लेखिएको छ । दस बाह्र वर्षअगाडि मैले सारेर लिएका संस्कृत पद्य र गद्यको उतार अगाडि दिइएको छ । दस बाह्र वर्षका बीचमा तेसका अक्षर अस्पष्ट हुँदै गएका पनि छन् । तेसका तेसरा पंक्तिदेखि यस आक्रमणको बयान सुरु हुन्छ–

आसीद्धर्मनिधिद्वयैकजलधिर्नेपालभूमण्डले
ख्यातः श्रीजयराजदेवनृपतिः ----- कृते ।
तस्मिन्नेव विराजति-विमलस्तूपो मुनेः केतनः
श्रीसाह्मे शिखरे सुसिद्धभवने प्रख्यापितः पूर्वकैः ।।
सप्तत्या चाधिके श्रीमन्नेपालाब्दे चतुःशते ।
मार्गशीर्षे सिते पक्षे दशम्यां गुरुवासरे ।।
सूरत्राणसमरदीनो बंगालबहुलैर्बलैः ।
सहागत्य च नेपालं भग्नो दग्धश्च सर्वशः ।।
कालेन कियता धीमान् स राजा त्रिदिवं गतः ।
एवं यवनदग्धस्तु......... .

५ ईश्वरीप्रसाद मेडियावल इण्डिया (इलाहाबाद १९२८) पृ. २४५

६. देवीप्रसाद यवनराजवंशावली (प्रयाग १९१०) पृ. ३०

मुहम्मद तुगलकपछि भएका दिल्लीका बादशाह फिरोज तुगलक (१४०८-४५) ले संवत् १४१० मा बंगालमा आक्रमण गर्दा शमसुद्दीनसँग जोर नचली सुलह भएको थियो[७]। यस कारणले दिल्लीबाट आक्रमण नहुँदै मुहम्मद तुगलक ज्यूँदा छँदै शमसुद्दीन इलियस शाहले नेपालमा आक्रमण गरेको देखिन आएको छ। नेपालका वंशावलीका सुरतान-शमसदिन र सिभुका शिलापत्रका सूरत्राण-समस्दीन इनै बंगालका सुलतान शमसुद्दीन हुनामा सन्देह छैन।

यस ठाउँमा त्यस समयका नेपालका नेवारराज्यका परिस्थितिको पनि विचार गर्न उचित छ। यो राज्य ओह्रालातिर लागेको निकै समय भएको थियो। राजा आनन्ददेव (१३५९–७७ अन्दाजी) का मरणपछि शासनको बागडोर तिनका वंशबाट छुटेर गयो। तिनका नातादार रुद्र मल्लले तिनका भाइ अरिदेव (१३७७–१४०४) लाइ राजगद्दीमा राखी उपराज बनेर सबै राजकाज आफना हातमा लिए। संवत् १३८३ मा ती परलोक हुँदा तिनकी रानी देवलदेवीले राजकाज आफ्ना हातमा राखिन्। अरिदेवको सारा जिन्दगी राजगद्दीको शोभा बढाउँदैमा बित्यो। रुद्र मल्लका मरणभन्दा ६ महिनाअघि दिल्लीका बादशाह गयासुद्दीन तुगलकले सिमरौनगढ तोडी तेह्रौत (मिथिला) को राज्य दखल गर्दा[८] त्यहाँका राजा हर्रासिहदेव नेपालमा आएर बसे[९]। यो राज्य नेपाल र बिहारका बीचमा संवत् ११५४ मा नान्यदेवले स्थापना गरेका थिए। हर्रासहदेव ता नेपालमा उत्रेर चाँडै नै परलोक भएको अनुमान हुन्छ। तर तिनको सन्तानको नेपालका राज्यमा आँखा गड्नु स्वाभाविक थियो। यता रुद्रमल्ल र देवलदेवीको एक मात्र सन्तान नायकदेवीको हरिश्चन्द्रसँग विवाह भएको थियो। देवलदेवीपछि राजकाज तिनैका हातमा आउने भएको थियो। संवत् १४०३ का आरम्भमा हरिश्चन्द्रदेव बिखद्वारा मरे वा मारिए। त्यस बखत नायकदेवी गर्भवती थिइन्। हरिश्चन्द्रका भाइ गोपाल भाउज्युको रक्षा गर्न वा कब्जामा लिन सजधजसँग आए। तर हर्रासहदेवका वंशका कुमार जगत्सिहले तिनलाइ लखेटी पछि कटाएर नायकदेवीलाइ कब्जामा लियाई राज्य गरे। तर थोरै महिनापछि जगत्सिह कैद भएका र दस दिनकी छोरी राजललाइ छोडी नायकदेवी पनि परलोक भएकी हुनाले यो गडबड ता मेटियो। तर सात महिनापछि नै संवत् १४०४ मा अरिदेव परलोक भएका हुनाले र ती निरसन्तान हुनाले राजगद्दीका निमित्त खलबल चल्यो। आनन्ददेवका छोरा राजदेव थिए। ती ल्याइतापट्टिका हुनाले पहिले तिनका काका गद्दीमा राखिएका थिए। ती काका अरिदेवका संतान नहुँदा सबैका सल्लाहले राजदेव नै गद्दीमा बसे। राजकाजमा देवलदेवी र राजदेव दुबैका हात रह्यो।

---

७. मेडियावल इण्डिया पृ. २४९

८. मेडियावल इण्डिया पृ. २२६

९. "श्रीहर्रासिहदेवनृपतिः ....
नेपाले पुनराढ्यवैभवयुते स्थैर्यं विधत्ते चिरम्"
भगवानलाल इन्द्रजी दासले छपाएको प्रताप मल्लको संवत् १७११ को पशुपतिको शिलापत्र बंबईबाट १८८५ मा प्रकाशित.

डेढ वर्षपछि संवत् १४०५ मा पशुपति मल्ल कैद भए । शायद यी देवलदेवीका हकवाला थिए । तिनले आफनी नातिनी राजलदेवीलाइ उपराजको गद्दी दिने भएकी थिइन् । यसै कारणले सात वर्ष पनि नपुग्दै संवत् १४११ का आश्विनमा स्थिति मल्लसँग बिबाह गरिदिइन् । यो विवाह हुनुभन्दा पौने चार वर्षअगाडि पशुपति मल्ल कैद भएका ठीक एक वर्षपछि, मुसलमानको आक्रमण भयो । त्यस बखत राजधानी भक्तपुर थियो । देवलदेवी मन्त्रीहरूका साथ त्यहिं रहन्थिन् । राजदेव शायद ललितपुरमा बस्दथे ।

यो आक्रमण पूर्वपट्टिबाट भएको कलक वंशावलीबाट पाइएको छ । पहिला दिन मार्ग २१ गते भक्तपुरको संहार भएको (वंशावली) र भोलिपल्ट पच्छिमपट्टिको सिंभुको चैत्य भस्मीभूत भएको (शिलापत्र) हुनाले पनि पूर्वपट्टिबाटै त्यो मुसलमानी फौज ली शमसुद्दीन आएको देखिन्छ । यस समयमा मकवानपुर आवाद नभएको हुनाले नेपालका राजधानीबाट विहारमा उत्रने आजकलको मूलबाटो खुलेको थिएन । बिहारबाट नेपालका राजधानीमा उत्रने उस बखत दुइ बाटा थिए । यौटा कमला नदीका तीरैं-तीर सिधुलि भएर भक्तपुरमा उत्रने थियो । अर्को बाग्मतीका तीरैंतीर हरिहरपुरबाट ललितपुर उत्रन्थ्यो। परन्तु हरिहरपुरबाट ललितपुर आउँदा बाटामा विकट जंगल पर्ने हुनाले पच्छिम विहारका जात्रु पनि सुविस्ताक निमित्त हरिहरपुरबाट सिधुलि पुगेर नेपालका राजधानीमा आउँथे । संवत् १८२४ मा बृटिश इस्ट इन्डिया कम्पनीको सैन्य लिइ मेजर किन्लाकले नेपालका राजधानीमा उत्रने उद्योग गर्दा हरिहरपुरबाट सिधुलितिरैं लाग्ने कोशिस गरेथे । बंगालबाट आउनालाइ सिंधुलिको बाटो सीधा पनि पर्ने हुनाले यतैबाट त्यो मुसलमानी सैन्य चढेको निश्चय हुन्छ ।

शमसुद्दीन यौटा राज्यस्थापक योद्धा थिए । तिनले नै बंगाललाइ पूरा स्वतंत्र राज्य बनाएका थिए । यो राज्य संवत् १६३२ सम्म रह्यो । त्यसमा शमसुद्दीनका वंशका चार पांच पुस्ताले शासन चलाएका थिए । यस कारण ती शमशुद्दीनको विचार ता नेपालको राज्य जितेर आफ्ना राज्यमा मिलाउने हुँदो हो । तर तिनका साथमा आएका मुसलमान सैनिक केवल लूटका लालचले आएका थिए । यस आक्रमणका ८६ वर्ष अगाडिसम्म बंगालमा हिन्दु धर्मका बौद्ध र पौराणिक दुवै संप्रदाय थिए, मुसलमानी धर्मको नामनिशान थिएन । त्यहाँबाट बौद्धहरू सिंभुमा आएर रहने गर्दथे । पौराणिक संप्रदाय मान्ने जति पशुपति-नाथका उपर भक्तिभाव प्रकट गर्दथे । हजारौं जात्रु शिवरात्रिमा दर्शन गर्न प्रतिसाल आउँदथे पनि । नेपालमा देवल, चैत्य धारा आदिमा तामाका पातामा सुनको मोलंबा गरी ढाक्ने चलन अघिदेखि थियो । ती मोलंबा भएका पाता परदेशी जात्रुलाइ सुनकै भान हुन्थ्यो र बंगाली विहारीहरूलाइ नेपाल धनी छ भन्ने विश्वास परेको थियो । मुसलमानको दखल जसेपछि बंगाली हिन्दुहरू मुसलमान बन्दै जान लागेका थिए । फखरुद्दीनका शासनमा हिन्दूहरूलाइ मुसलमान तुल्याउने बडो प्रबन्ध भएको थियो । तेस कामलाइ पचासौं मठ खडा भएका थिए । त्यहाँ रहेका फकिरहरू बडो चालाकीसँग हिन्दुहरूलाइ मुसलमान बनाउदथे । हिन्दुका पौराणिक संप्रदायमा सत्व बचेको हुनाले पौराणिक

हिन्दु मुसलमान हुने कम थिए । तर बौद्ध संप्रदायमा सत्व उडिसकेको हुनाले बौद्ध जति लगभग जम्मै मुसलमान बनेका थिए। शमसुद्दीन पनि पहिले यही मजहबको प्रचार गर्ने काम गर्दथे । यस कारणले ताजा मुसलमान नेपाल लूट गर्न आएका थिए । सिंभुका चैत्य र पशुपतिका मन्दिरको दर्शन गर्न आउदा तिनले बाटाघाटा जानेकै थिए । अब तिनै चैत्य र मन्दिरमा रहेका सुनका पाता लुट्न ती आएका थिए। यस कारणले ती लुटाहार सैन्यको संख्या बीस हजारभन्दा कम होवैन। अघिल्ला दिन भक्तपुरको संहार पारी भोलिपल्टै चार कोसपरका सिंभुको ध्वस्त गर्न त्यति जवानको जरूरत पनि पर्दथ्यो ।

यस मुसलमानी फौजले सिंभुका चैत्य भत्काई पोली साफ पारेको शिलापत्रले बताएकै छ (भग्नो दग्धश्च सर्वशः) । राजहर्षले बाइस तेइस वर्षपछि राजा अर्जुनदेव र उपराज स्थिति मल्लको आज्ञा लिई बनाइँदा पनि जीर्णोद्धार नगरी जगैदेखि नया बनाएको ( पुर्ननिर्माण गरेको ) देखिन्छ । पशुपतिनाथको मन्दिर तोडेको वंशावलीबाट देखिएको छ (पशुपति त्रिखण्डीकृत) । तलातलामा छाना भएको आजकालका पशुपतिनाथको मन्दिर जस्तो यौटा मन्दिर पनि हिन्दूस्थानमा देखिदैन । यस कारण त्यो तोडिएको मन्दिर नेपालैका मच्छिन्द्रनाथका रथका मन्दिरका आकारको अथवा उडिसा (पुरी) का जगन्नाथको मन्दिर जस्तो हुनुपर्दछ । त्यो मच्छिन्द्रनाथका रथको मन्दिर प्रतिसाल बनाउने चलन यस मुसलमानी आक्रमणभन्दा ४०० वर्ष अघिदेखि चलिआएको हुनाले पशुपतिनाथको पुरानो मन्दिर त्यस्तै हुनु स्वाभाविक छ । आजकलका जस्ता छाना भएका मन्दिर चीनमा देखिन्छन् । यस कारण पुरानो मन्दिर तोडिएपछि नयाँ बन्दा चिनिया ढाँचामा बनेको देखिन आएको छ [१०] ।

यस संहारकारी मुसलमान सैन्यले नेपालका मुख्य मन्दिर चैत्यको यो दुर्दशा पारेको थियो भने अरू शहर गाउँहरूका देवल, चैत्य, धारा, घर आदिको सत्यानाश पार्न बिन छोड्थ्यो ? लुट्नु,

---

१०. यस आक्रमणका करीब ३७ वर्षपछि संवत् १४४४ मा चीनबादशाहका दूत नेपालका राजा मदनसिंहका पासमा आए । त्यसपछि संवत् १४८१ मा अर्का चिनियाँ दूत नेपालमा आएर तिनका छोरा राजा शक्तिसिंहलाइ पदवी लियाएका थिए (सिल्वें लेवी, ली नेपाल २रो भाग पृष्ठ २२८–३०) मेरा विचारमा इनिहरू दोलखाका राजा थिए । जे भए पनि नेपालीको त्यस बखत चीनमा, कमसेकम भोटमा आवतजावत आजका सय वर्षअगाडिकै जस्तो थियो । यसै बीचमा भक्तपुरका राजा जोति मल्लले संवत् १४७९मा पशुपतिका मन्दिरमा सुवर्णकलश चढाएको तिनका शिलापत्र (भ. इ. दासका शिलापत्र नं. १६)बाट देखिन्छ । त्यसमा जोति मल्लले सिंभुका चैत्यको स्थापना गरेको उल्लेख गरेका छन् (श्रीपद्माचलशिखरोपरि धर्मास्थानाश्रितधर्मधातुवागीश्वरमूर्त्तिस्वयंभुचैत्यभग्नस्थापनमहाकीर्तिभरानन ....... श्रीश्रीजयजोतिमल्लदेवेन) । यस कारणले राजहर्षले बनाएको चैत्य ४० वर्षपछि यिनले फेरि बनाएको देखिन्छ र पशुपतिमन्दिर त्यस समयमा बनिसकेको देखिनाले चिनिया पहिला वकिल आएपछि अन्दाजी संवत् १४५० देखि १४६० सम्ममा स्थितिमल्लका अन्तिम समयमा वा ती परलोक भएपछि पशुपतिनाथको आजकलको मन्दिर बनेको देखिन्छ ।

मार्नु, तोड्नु, र पोल्नु ता त्यस समयका आक्रमण गर्ने मुसलमानको पहिला कामै थियो । नेपालका शहर गाँउहरू तोडी भस्म गराएको ता वंशावलीमा लेखिएकै छ (समस्त नेपाल भस्मीभवति) । भक्तपुरमा भयंकर मारकाट चलेको पनि त्यस वंशावलीबाट देखिएको छ (महाकष्टः महामरणं अभूत् भक्तपुरे) । यस हत्याकांडमा निर्धा नरनारी कति परे, त्यो पत्ता लाउने उपाय छैन । यो मुसलमानी शत्रुसैन्य आउँदा नेपाली नेवारले के गरे होलान् भन्ने विषय केवल अनुमानका आधारमा रहेको छ । यो आक्रमणभन्दा करीब साठि वर्षपहिले जुमलाका राजा जयतारिमल्लको आक्रमण हुंदा नेवारहरूले शहर गाँउहरू छोडी जंगलको आश्रय लिएर लड्थे[11] । यस पटक पनि पहिला शत्रुको मार भक्तपुरमा पर्दा त्यहाँका र अरू शहर र आसपासका गाँउका बासिन्दालाइ घरमा टिक्न असाध्य थियो । यस कारणले राजा रैयत सबैले नजीकका जंगलको आश्रय जरूर लिन पुगेको अनुमान हुन्छ । रित्ता घर देवल आदि पाएर नै शत्रुले आगो लगाई भस्म पार्ने मौका पाएको देखिन्छ । त्यस सिंघुका शिलापत्रमा राजहर्षले भाइहरूसमेत भई शत्रु-लाई हराएको चर्चा छ । मुसलमानलाइ नै हराए भन्ने अर्थ त्यस शिलापत्रबाट खुल्दैन तापनि तिनले जित्नुपर्ने अरू शत्रु को थिए ? राजहर्ष कान्तिपुरका यौटा रक्षक थिए । चैत्य बनाउँदा पनि राजा र उपराज दुइ जनाको आज्ञा लिएर बनाएथे भने त्यो चैत्य तोड्ने मुसलमानसिवाय अरू तिनका शत्रु को हुन्थे ? राजहर्ष जस्ता रक्षक पचासौ हुनु स्वाभाविक छ । यस कारण यहाँका बासिन्दाले पनि जरूर शत्रुसँग मुकाबिला गरेको देखिन आएको छ । शत्रुको जमात ठूलो हुनाले हाका-हाकी लड्न असाध्य थियो । जंगलका नजीकका बाटाघाटा रोकी हानि गराउन सजिलो थियो । उता जाडाका समय हुनाले बंगालका गर्मीमा रहेका मुसलमानलाई नेपालमा टिक्न साह्रै कष्ट पर्दथ्यो । यस कारणले एक महिना-भित्रै त्यो मुसलमानी फौज लिई शमसुद्दीन हटेर गएको अनुमान हुन्छ । ती जाडाले मात्र हटेर गएका होइनन्, नेपालीले मुकाबिला गरेर नै हटाएका थिए । त्यसो नभए अर्का साल मौसम मिलाई ती नेपाल दखल गर्न आउँथे । नेपालका राजा राजदेव वा देवलदेवीले तिनसँग सन्धि गरेको पनि अनुमान

---

११. नेपालका पुराना वंशावलीमा लेखिएका राजा जयतारि जुमलाका राजा हुनामा सन्देह छैन । इनका आक्रमणका विषयमा बेन्डाल साहेबले दिएका वंशावली (पाटी नं. ७) का वाक्यको "खसियाका राजा जयतारि संवत् ४०८ का पौषमा पहिले आएर सिंघुमा ८०० खसियाले मारे (अथवा मारिए ?) राजा प्रजा सबै जंगलमा पसे । त्यस कारणले खसिया भागेर दुनियाँ आफना आफना ठाउँमा आए" भन्ने अर्थ हुन्छ । मसँग अघि रहेका वंशावलीमा रहेको "खसियाले खान पाएनन्" भन्ने अर्थको यौटा वाक्य यसमा छुटेको छ । यस कारणले नेवारहरूले जंगलबाट बाटाघाटा रोकी रसद बन्द गरेर जयतारिमल्लका सैन्यलाइ हैरान गरेर हटाएको देखिन्छ । बेन्डाल साहेबले जंगलमा पस्ने खसियालाइ गराएका छन् (हि. इ. पृ. १४)। वंशावलीमा लेखिएका 'राष्ट्र' को अर्थ राजा प्रजा नै हुन सक्दछ । वन-बाट फर्केर आफना आफना ठाउमा रहने पनि तिनै हुन सक्दछन् । खसिया सैन्य थियो, राष्ट्र थिएन । वनबाट फर्केर खसिया आउने कारण केही छैन ।

हुँदैन । सुलह भएको भए यौटा मस्जिदका साथ केहि मुसलमान अवश्य रहन्थे औ मुसलमानको आवत-जावत पनि चल्दैंथ्यो । तर त्यस समयका मस्जिद र मुसलमानको पत्ता नेपालमा लागेको छैन । कान्ति-पुरको आजकलको मस्जिद यस आक्रमणका पौने दुइ सय वर्षपछि कश्मीरका एक फकीर आएर बनाएका हुन् ।

मुसलमानका आक्रमणको परिणाम सय वर्षभन्दा ज्यादा रहन पाएन । एक भयंकर आँधि आयो र उत्पात मचायो गयो । आँधि हटेपछि शान्त रहनु स्वाभाविक थियो । यस शान्तिका समयमा तोडेजलेका घर चैत्य देवलहरू क्रमैले बन्दै गए । जो अनावश्यक थिए, ती जमीनमा नै मिले । राजा स्थिति मल्ल (१४१८–५२) को शासन नेपाललाइ उन्नतिका मार्गमा उचाल्न समर्थ भएको हुनाले बिग्रेका इमारत त्यस समयसम्म पूरा भएको अनुमान हुन्छ । शहर र गाँउघर नयाँ चलनसँग बन्दा कौसी राख्ने चलन यसै समयदेखि भएको बुझिन्छ । यो चलन चीनको हो । कौसि शब्द पनि चिनिया भाषाको हो । यस कारणले वरिपरि चारपाटे छाना भएको देवल बन्ने चलनका साथ कौसी बन्ने चलन चलेको मेरो अन्दाज छ । स्थिति मल्लका छोरा ज्योति मल्ल(१४६३–८५) को राज्यकाल पनि उन्नतिको युग थियो । पशुपतिका मन्दिरमा कलश चढाई पूर्ण गराउने काम र सिंभुको चैत्य पूरा तवरसँग बनाउने काम तिनले[१२] गरेको देखिएको हुनाले रहेपहेका इमारत, देवल, चैत्य आदि पनि तिनका समयमा पूरा भएको निश्चय हुन्छ । जोति मल्लका छोरा राजा यक्ष मल्ल (१४८५-१५३७)का कालमा त्यों पुरानो नेपालराज्य पूर्ण कलामा पुग्यो । उत्तरपट्टी सीमाना[१३] आजकलका सीमानाभन्दा पर सिकार-जुंगसम्म पुगेको थियो । पूर्वपट्टि तमोर र पश्चिमपट्टि शायद भेरी नदीसम्म मात्र फैलिएको थियो । तर मधेस तराइपट्टि गंगानदी (शायद मुंगेर सहरपट्टि)सम्म यस राज्यको शासन थियो । विहार बंगाल प्रदेशको जो व्यापार भोटसँग हुन्थ्यो, त्यो सबै नेपालीका हातमा रहेको हुनाले राजधानी र आसपासका शहर धनधान्यपूर्ण भएका हुनाले त्यस आक्रमणको चिह्न बच्न पाएन । यस समयसम्म आक्रमण अनुभव गर्ने मानिसका ५ पुस्ता बित्न गएका हुनाले त्यस संहारकारी आक्रमणलाइ नेपालीले यसरी भुल्न गए कि आजसम्मका नेपालका इतिहासलेखकहरूलाइ यस आक्रमणको ज्ञान पनि रहेन ।

---

१२ आजकलको चैत्य संवत् १६५० तिर फेरि बनेको हो ।

१३ यो सीमाना नर्देर मोरिस साहेबले गुर्खा (लण्डन १९२७) पृ. २३ मा दिएका छन् । यस कुराका आधार संवत् १६७५ करिबमा लेखिएका नरपतिजयचर्यास्वरोदयदीपिकाको तल दिएका पद्य छन्(हरप्रसाद शास्त्रीका नेपाल दरबार लाइब्रेरीको सूचीपत्र १ ला भाग पृ . )

आसीद्विश्वविशोभिनिर्मलयशोराशौ रघोरन्वये
विख्यातो जययक्षमल्लनृपतिर्दातावदाताशयः ।
यो राज्यं मिथिलां विजित्य मगधं गत्वा गयां पौरुषाद्
यो नेपालमकण्टकं व्यरचयज्जित्वा नृपान् पार्वतान् ।।
प्राच्यां यो वङ्गदेशं तदनु सुरनदी दक्षिणे दिग्विभागे
विख्यातः पश्चिमायां प्रविलसदसिना गोरखापालपातः ।
भूमिं सप्ताहगम्यामपि धनददिशो यो वधीकृत्य भुक्त्वा
रेमे दोर्दण्डदण्डः प्रखरतरलसत्काण्डकोदण्डपाणिः ।।

# मनकामनाका पुजारी

—बाबुराम आचार्य

१ लखन थापा
२ जाधौ
३ धवनीत
४ भीकु
५ रामकंठ
६ दुर्ग
७ भीमसेन
८ बलभद्र
९ जगजीत
१० कुलमान
११ केदारमान (१९८५)

११ पुस्ताको सरदर वर्ष २५ × ११ = २७५ वर्तमान समयबाट कटाउदा लखन थापाको समय १९८९ — २७५ = १७१४ (अंदाजी)

राम शाहको समय १६६३ — १६९०

पृथ्वीपति शाहको समय १७२६ — १७५३

∴ राम शाहका अन्त्य समयमा लखन थापा भएको बुझिन्छ ।

परन्तु गोरखाका जनश्रुति अनुसार पृथ्वीपति शाहका उत्तरार्धकालमा भएका देखिन्छन् ।

०—०

# देवप्रयागका पण्डा तेवारीको खाताबहिमा

—बाबुराम आचार्य

शाके १५६६ (वि. सं. १७०१) मा—

गोरखामा डम्बर शाही
लमजुङमा नरेन्द्र शाही
तह्लौमा तुला सेन
नुवाकोटमा विश्राम शाही

शाके १५५१ (वि. सं. १६८६) मा सल्यानामा प्रताप शाही
शाके १५४४ (वि. सं. १६७९) मा ब्यांगलीकोटमा अचेन्द्र शाही
शाके १६८७ (वि. सं. १८२२) मा तह्लौमा त्रिविक्रम सेन
शाके १५४८ (वि. सं. १६८३) मा तह्लौमा हंमीर सेन
शाके १५४६ (वि. सं. १६८१) मा धुरकोटमा जोग मल्ल

०★०

# राजाहरूका गोत्र

–बाबुराम आचार्य

रजपूतका गोत्र
परमार = वसिष्ठ
चालुक्य = भारद्वाज
चौहान = वत्स
ठकुरीका गोत्र

१ शाह (साहि) गोरखाली = काश्यप
२ " " नुवाकोटे, लमजुंगे = भारद्वाज
३ शाह (साहि) जुमली =
४ मल्ल, परवते, गलकोटे आदि औ शाह, अछामी जाजरकोटे, सल्यानी समाल = आत्रेय
५ मल्ल धुर्कोटे =
६ सिंह बझांगी =
७ सिंह मुसीकोटे =
८ सेन पाल्पाली = काश्यप
९ साह डोटेल =
१० चन्द डोटेल =
११ मल्ल डोटेल =
१२ साह दुलाल = अत्रि
१३ चन्द प्यूठानी = कौशिक

# गोरखाविजयकालका घटना

–बाबुराम आचार्य

| संवत् | घटना |
|---|---|
| १७२८ | पाटन, भादगा, तन्हौं र गोरखा भई मकवानी शुभ सेनलाई हराए। जीतका भागमा १ हाती गोरखालीले लिए। (वंशा) |
| १७८२ भाद्र | भादगाउलाई गोरखालीले मदत दिई पाटनको विशंखु दखल गरे। (वंशा) |

| संवत् | घटना |
|---|---|
| १७८२ कार्तिक | पाटनलाई गोरखालीले मदत दिई भादगाउलाई हराई २४००० रुपया र २ हाती लिई पाटन, काठमाडौ र गोरखालीले बाडे । (वंशा) |
| १७८७ पौष | पाटनलाई गोरखालीले मदत दिई भादगाउमा सांगापूर्वपट्टि आक्रमण गरे । केहि-पछि तन्हौ र मकवानपुरको मदत लिई भादगाउलेले हराए । (वंशा) |
| १७९२ | गोरखालीको नुवाकोटमा आक्रमण । काजी महेश्वर पन्त काजी जयन्त राना हारी हटे । (वंशा) |
| १७९६ | भादगाउका राजा रणजीत मल्लले काठमाडौबाट पलांचोक आदि केही गाउ लिए । (वंशा) |
| १७९९ | पृथ्वीनारायण शाह गोरखाका गद्दीमा बसे । (वंशा) |
| १७९९ कार्तिक | गोरखालीले नुवाकोट आक्रमण गरे । काजी महेश्वर पन्त हारी फिरे । (वंशा) |
| " मार्ग चैत्र | पृथ्वीनारायण शाहको काशीयात्रा, गोमतीका चौकीदारसँगको कलह । |
| १८०० | तन्हौ लमजुङ आदिसंग सन्धि । लमजुङका सहायक भई कास्कीमा आक्रमण । कास्कीसंगको सन्धि । |
| १८०१ आश्विन१५गते | महामंडल ( नुवाकोट ) को लडाइं, गोरखालीको विजय, शंखमणि राना ( शत्रु ) मारिए । थोरै दिनपछि बेलकोट लडाइमा जयन्त राना पक्रिए । (वंशा तारा) |
| १८०२ वैशाख | हिलेगाउको लडाइ । गोरखाली विजयी ।काशीराम थापा हारे । (वंशा) |
| १८०३ श्रावण | जयप्रकाशले सिंरघा र दाटी प्रधानलाई मारे । तौढी भागेर पाटन गए । काशीराम थापालाई पनि मारिदिए । (वंशा) |
| १८०३ | राज्यप्रकाश मल्ल (जयप्रकाशका भाइ) पाटनका गद्दीमा बसे । (वंशा) |
| १८०३ भाद्र | भादगाउ र गोरखा मिली काठमाडौको नगरकोट लिए । |
| " आश्विन | गोरखालीले काठमाडौमा आक्रमण गर्न जांदा डाढीमा जयप्रकाश मल्ल हारी फर्के । तौढीले पाटनको मद्दत लिई जयप्रकाशलाई गद्दीबाट उतारी ज्योति-प्रकाश मल्ल(बालक) लाई राजा गराए । [ने. सं. ८६६(१८०३)को ज्योति-प्रकाशको मोहर पाइन्छ ।] |
| " कार्तिक | छालिंगका लडाइमा गोरखाली हारे । शिवराम बस्नेत परे । |
| १८११ श्रावण | यहांसम्म नगरकोट भादगाउ र गोरखाको कब्जामा थियो । अब गोरखालीले त्यहांबाट भादगाउलेलाई निकाले, दह्चोकको गढीबाट पनि काठमाडौका रक्ष-कलाई हटाई दखल गरे । ( तारा. वंशा) |

| संवत् | घटना |
|---|---|
| १८१२ श्रावण १४ गते | लमजुङ र पर्वत मिली गोरखा सिरांचोकमा आक्रमण गर्दा रगरुद्र शाहीले हटाए । (वंशा) |
| १८१४ ज्येष्ठ १९ गते | कीर्तिपुरमा गोरखालीको आक्रमण र भयंकर हार ।कालु पांडे परे।(वंशा. तारा) |
| १८१६ आषाढ | सिउपुरीको गढी काठमाडौंबाट गोरखालीले लिए । (तारा) |
| १८१६ माघ | काभ्रे पलांचोक (काठमाडो) मा चौ. दलजीत शाहको आक्रमण र दखल । |
| १८१८ ज्येष्ठ | चौकोट र धुलीखेल (भादगाउ)मा चौ. दलजीत शाहको आक्रमण र दखल । गोरखाली जसकर्ण खत्री र शत्रुपक्षका महीन्द्र राय र नर्सिंह राय दुइ भाइले बडो वीरता देखाए । महीन्द्र मारिए (वंशा. तारा) |
| १८१९ भाद्र ९ गते | मकवानपुरमा गोरखालीको आक्रमण । राजा दिग्बन्धन सेन भागे । |
| १८१९ आश्विन २ गते | सिंधुली विजय । आश्विन २ गते तिमाल विजय, यस लडाइमा ३०० गोरखाली परे । |
| १८१९ आश्विन २२ गते | हरिहरपुरमा गोरखालीको आक्रमण । दिग्बधन्न सेनका जहान पक्रिए । ती आफैं हाजीर भई गोरखामा नजरबन्द रहे । |
| १८१९ पौष २७ गते | मीरकासिमका सेनापति गुरविन खान मकवानपुरमा आए । मीरकासिम बेतियामा थिए । |
| १८१९ माघ १० गते | गोरखाली काजी वंशराज पाडे श्रीहर्ष पन्त र वख्शी रामकृष्ण राणाले शत्रुसैनिक १७०० मारी हटाए । (पद्‌म) |
| १८२० कार्तिक | दलजीत शाह धुलीखेलबाट बढी खड्पु पनौति बनेपा आदि दखल गरे । जहांगीर शाह नगरकोटबाट बढी नाला, सांगा दखल गरे । वस्ति वैरागीका चेला ५०० नागा सिधुलीतर्फबाट आई सांगामा आक्रमण गरे । सांगामा जहांगीर शाह आएकै दिन सांझका लडाइमा जहांगीर मरे, नागा लगभग जम्मै परे । (वंशा) |
| १८२२ चैत्र | लकांगमा लमजुङ र पर्वत मिली आक्रमण । काजी सुरप्रताप शाहले हराए । (पद्म) |
| १८२३ भाद्र | गोरखालीको कीर्तिपुरमा दोस्रो आक्रमण । सेनापति सुरप्रतापको हार । (पद्म) |
| १८२३ भाद्र १३ गते | लमजुङमा गोरखाको आक्रमण । चिहानडाडा दखल । |
| १८२३ आश्विन ६ गते | गोरखालीले लाखपुंगमा लमजुंगे शत्रुलाई हराए । लमजुंगे सरदार पारथ भडारीसमेत २५० पक्री गोरखा आए । |
| १८२३ माघ–चैत्र | गोरखालीले कीर्तिपुरमा घेरा दिए । चैत्रशुक्ल नवमी रातमा कीर्तिपुरले |

| संवत् | घटना |
| --- | --- |
| | आत्मसमर्पण गऱ्यो । (वंशा) सेनापति सुरप्रताप शाह । |
| १८२४ आश्विन | गोरखालीले पाटन राजधानी घेरे । सेनापति वंशराज पांडे । शहरको पश्चिम भाग केही दखल पनि भयो । ५ दिनको भाका पाटने प्रधानले मागेका थिए । तर सिंधुलीतर्फ जानुपर्दा घेरा उठ्यो । |
| १८२४ आश्विन ९ गते | कप्तान किनलकका साथ २ कंपनी अंग्रेजी सैन्य हरिहरपुरमा आयो । |
| १८२४ आश्विन २४ गते | गोरखाली सैनिकले हरिहरपुरबाट शत्रुलाई हटाए, ४–५ शय बंदूक लुटी ल्याए । (पद्म, अरू लेख) |
| १८२५ भाद्र २२ गते | ठवहेल(काठमाडौ राजधानीको उत्तरभाग)मा अधिकार, तर गोरखाली हटे । |
| १८२५ आश्विन १३ गते | रात्रिगतघटी २२।४५ मा काठमाडौका राजमहलमा आक्रमण र दखल । २०,२५ जना दोहरै परे । काजी तुलाराम पांडे घायल भई भोलिपल्ट आर्याघाटमा मरे । जयप्रकाश मल्ल बाहिर थिए, पाटन भागे । सेनापति काजी सुरप्रताप, तुलाराम, वंशराज । भोलिपल्ट अंवरसिंह थापा र रामकृष्ण राणाले स्दारी पाए । (पद्म वंशा) |
| १८२५ आश्विन २४ गते | पाटने प्रधानले पाटन राजधानी समर्पण गरे । राजा तेजनरसिंह मल्ल र जयप्रकाश मल्ल भादगाउं गए । |
| १८२५ कार्तिक | पाटनमा रहेका केथोलिक मिशनका साथ १५० इसाइ नेवार पनि निकालिए । |
| १८२६ कार्तिक २८ गते | भादगाउमा आक्रमण । ३ दिन लडाइ रह्यो । गोरखाली ५० जति र शत्रु १७०० परे । जनानासमेत घायल भए । जयप्रकाश मल्ल घायल हुँदा रणजीत मल्लले आत्मसमर्पण गरे । सेनापति सुरप्रताप वंशराज ।(पद्म) |
| १८२६ पौष २६ गते | भादगाउविजयको खिल्लत वंशराजलाइ मिल्दा सुरप्रताप शाहले देश छोडी मर्स्याङ्दी पार गए । साथीलाई पृथ्वीनारायण शाहले कडा दण्ड दिए ।(पद्म) |
| १८२७ फागुन १२ गते | गोरखालीको छांग (तह्नौ) मा आक्रमण र विजय । (पद्म) |
| १८२७ फागुन २२ गते | दुरुचुंगका शत्रुका आडमा गोरखालीको आक्रमण र विजय, ठाना ४ मा अधिकार । भोलीपल्ट मानमुल र पचमैयामा अधिकार । (पद्म) |
| १८२७ चैत्र ११ गते | मनपांगविजय गरे । (पद्म)[तर अड्न नसकी केही दिनपछि गोरखाली हटे । (अनु)] |
| १८२७ चैत्र ११ गते | विद्रोहबापत पाटनका ६ प्रधान र ३०० नगरकोटी काटिए । (पद्म) |
| १८२८ वैशाख २७ गते | किहुन गोरखालीले दखल गरे । ज्येष्ठ २५ गते गृहाकोटका लडाइमा भीरकोटका राजा हारी भागे। भोलिपल्ट क्यांग्मीमा गोरखालीको घेरा पर्दा भीर- |

| संवत् | घटना |
| --- | --- |
| | कोटेले आत्मसमर्पण गरे, ९६ काटिए । ३१ गतेमा भिर्कोट गऱ्हौं र पयूंका राजधानी गोरखालीले दखल गरे ।(पद्म) [पहिले तन्हौंसंग मेल राखी तन्हौंकै बाटो गोरखाली पसेथे । गूहाकोटका लडाइमा तन्हौंका सैनिक शत्रुसंग मिली लड्दा शत्रुभाव भयो ।] |
| १८२८ | गोरखालीले सतौंमा आक्रमण गर्दा सरदार केहरसिं बस्नेतसमेत ५०० गोरखाली परे । काजी वंशराजलाई पर्वतेले पक्री लगे । |
| १८२८ माघ १२ गते | शत्रुले ढोरमा रहेका गोरखालीलाई घेरे । ढोरका राजा पनि शत्रुपक्षमा मिले । गोरखालीले आत्मसमर्पण गरे । सरदार प्रभु मल्ल रणसूर पाडे आदि पक्रिए । परन्तु अरू सैनिक उम्केर आए । |
| १८२८ माघ १३ गते | गोरखालीले भीरकोट गऱ्हौं पयूं छोडिदिए । १४ गते अतिबल बिष्टले रिसिंग छोडे । १५ गतेमा रातारात गरी तन्हौं छोडी गोरखाली फौज मस्र्यांगदीवार आइ दम लिए । (पद्म) |
| १८२९ भाद्र १३ गते | गोरखाली सैन्य दुधकोसी पार भई चौदंडीराज्यमा घुसे । झावा, चिशंखु, दिंग्ला आदि अरुणवारका महाभारतउत्तरका बस्ति दखल गरे आश्विनमा । |
| १८३० श्रावण ४ गते | चौदंडी राजधानी गोरखालीले दखल गरे । |
| १८३१ श्रावण ५ गते | कोसीपार भई विजयपुर राजधानी दखल गरे । राजा कर्णसेन, चौ. बुधकर्णहरू भागे । सेनापति अभिमानसिंह, रामकृष्ण कुवर, अंबरसिंह थापा।(पद्म । अरू लेख) |
| १८३१ आश्विन १३ गते | सुखीमका राजाले इलामको कोट सौंपी सुलह गरे ।(पद्म)कनकाइको साध । |
| १८३१ माघ १ गते | पृथ्वीनारायण शाह परलोक भए । प्रतापसिंह गद्दीमा बसे । बहादुर शाह चौतरिया भए । [प्रतापसिंहले बहादुर शाह भाइलाइ कैद गरे । राजगुरु गजराज मिश्रले केही दिनपछि छुटाउदा भागे । पृथ्वीनारायण शाहका समयमा निकालिएका कीर्तिमहोद्दाम शाह आदि आए । खोसिएका वंशराज पाडे फेरि बहाल भएनन् (अनु) ] |
| १८३२ भाद्र | भोटसंग नया सन्धि भयो । ( वंशा ) [यसै साल स्वरूपसिंह कार्की सेनापति भई पल्लोकिरात मोरंग र सप्तरीको अधिकार मजबूत गराए (अनु) ] |
| १८३४ श्रावण ३ गते | गोरखालीले तन्हौं राज्यमा आक्रमण गरी सोमेश्वर र उपर्दांग दखल गरे । |
| १८३४ मार्ग ६ गते | प्रतापसिंह शाह परलोक भए । रणबहादुर शाह बालक गद्दिमा बसे । मजकु- |

| संवत् | घटना |
|---|---|
| | रकी आमा राजेन्द्रलक्ष्मी शासक भईन् । (पद्म) |
| १८३५ भाद्र १९ गते | राजेन्द्रलक्ष्मी नजरबन्दी भइन् । काजी सर्वजीत काटिए । ( पद्म ) [ शायद बहादुर शाह शासक भए ।] |
| १८३५ माघ २१ गते | गोरखालीले तन्हौंको राजधानी सूरमा आक्रमण गरेर सानो मुकाबिला गरी दखल जमाए । (पद्म) राजा कामारिदत्त सेनले आत्महत्या गरे । (दन्त्ये-कथा) |
| १८३५ फाल्गुन ३० गते | वलीथुममा तन्हौं र पालपाका सैनिक आए । हान्न गएका गोरखालीले हारी चैत्र ३ गते तन्हौं छोडिदिए । लडाइमा सरदार बलि वानियासमेत ६५ परे । (पद्म) [हरकुमारदत्त तन्हौंका राजगद्दीमा बसे । (अनुमान)] १० गते सुमेश्वर पनि गोरखालीले छोडे । (पद्म) |
| १८३६ वैशाख १३ गते | सोमेश्वरमा रहेका तन्हौं पालपा र पर्वतका सैन्यलाइ गोरखालीले हटाए । हरकुमारदत्त भागी तराइमा गए । तन्हौंको पहाड र चितौन गोरखालीले दखल गरे । (पद्म) |
| १८३६ आषाढ १० गते | राजेन्द्रलक्ष्मीले रिहाइ पाइन् । चौ. दलजीत शाह र श्रीहर्ष पन्त (काजी) निकालिए । (पद्म) काजी शिवनारायण खत्री भागी पटनामा बसे । (वंशा) [बहादुर शाह नजरबन्द भए । (अनु)] |
| १८३८ पौष २२ गते | लमजुंग पर्वत आदिले सिजुंग (तन्हों)मा ठाना हाले । गोरखाली एक परे । १०० जनाले आत्मसमर्पण गरी आए ।[यसै बखत बहादुर शाह छुटे ।(अनु)] |
| १८३८ माघ २५ गते | झिमन्याकमा चौबीसीले ठाना हाले । आड मिची चौ. बलभद्र शाह काजी दामोदर पाडेले फत्य गरे । शत्रु २०० र गोरखाली १५ परे । भोलिपल्ट सिजुंगमा रहेका शत्रु त्यसै हटे । ( पद्म ) यहाँदेखि चौबिसी राजाको मस्ति गल्यो । (घन) लमजुंगले कास्की दखल गर्दा गोरखालीले कास्किलाइ थामी आश्रित गराए । |
| १८३९ आश्विन १८ गते | वोरांग (लमजुंग) मा गोरखालीले ठाना हाले । २४ गते दामोदर पाडे पारथ भडारीहरूले लाखाजुंग रागिनास आदि २४ ठाना दखल गरे । |
| १८३९ कार्तिक १७ गते | चिति र चिसापानी चौ. जीव शाह वंशराज पाडेहरूले दखल गरे । १९ गते बिहान लमजुंगको राजधानी तार्कुमा अधिकार गरे । राजा वीरमर्दन शाह मनांगको बाटो गरी पर्वतमा भागे । (पद्म) |
| १८४० पौष १५ गते | काजी वंशराज पाडे बेतिया निकालिए । ( पद्म ) [ दामोदर पाडे खोसिए । यसभन्दा थोरैपछि बहादुर शाह भागी पालपा पुगे ।(अनु)] |

| संवत् | घटना |
|---|---|
| १८४० फागुन २० गते | काजी नरु शाहले वरपांग्मी (नुवाकोट) दखल गरे, २५ गोरखाली र ४५ शत्रु परे। नुवाकोट राज्य दखल भयो। (पद्म) |
| १८४० चैत्र १ गते | काजी अभिमानसिंह बस्नेतले सिलुवाचिलुवा (पालपा) दखल गरे, २५ थावा-ल्हुंको लडाइ जिती नाहुन, हुमिन, प्रभासमा अधिकार गरे। लडाइमा शत्रु ३० र गोरखाली १० परे। २६ गते विनालडाइले पालपाको राजधानी तानसेन दखल। राजा महादत्त सेन भागी बुटवल गए। |
| १८४१ ज्येष्ठ २५ गते | नरु शाहले नुवाकोट र ३० गते राति अभिमानसिंहले पालवा छोडी गोरखाली सैन्य लंजुङमा ल्याए। |
| १८४१ आषाढ १२ गते | कास्की र पर्वत मिली मकैडाडा (लंजुङ) मा आए, गोरखाली टिक्न नसकी भागे, पर्वतका सरदार... मल्ल पक्रिए। (पद्म) |
| १८४१ फागुन ३० गते | काजी वंशराज पांडे काठमाडौ आए। (पद्म) [यसै समयका लगभगमा बहादुर शाह दलजित शाह र स्वरूप कार्की पनि नेपाल आए। (अनुमान)] |
| १८४२ वैशाख १२ गते | रातमा भडारखालमा वंशराज पाडे काटिए। (पद्म) |
| १८४२ ज्येष्ठ ३० गते | दलजीत शाहले विनालडाइले रूपाकोट (कास्की) दखल गरे, ३१ गते विना-लडाइले अर्घौं दखल गरे, आषाढ १ गते सानो लडाइ जिती सरांकोट दखल गरे। राजा सिद्धिनारायण शाह भागी धुर्कोट गए। |
| १८४२ आषाढ २ गते | कास्की र नुवाकोटका संयुक्त सैन्यलाई हराई नुवाकोटको राजधानी दखल गरे। सतौंका राजा मात्र आउँदा ७ गते भारादार गएर बसे। १६ गते गऱ्हौ विजय। (पद्म) |
| १८४२ आषाढ २५ गते | नुवाकोटबाट गोरखाली हटे। |
| १८४२ श्रावण २४ गते | स्वरूप कार्की पोखरा (कास्की) मा काटिए। |
| १८४२ माघ १० गते | पालपामा महादत्त सेनकी बहिनीसंग बहादुर शाहको विवाह। त्यसै महिनामा गोरखामा रणबहादुरको व्रतबन्ध। |
| १८४३ ज्येष्ठ १० गते | काजी जीव शाहले रिढीघाट तरी गोरखाली सैन्य लगे। १७ गते जुम्ली दखल। (पद्म घन) |
| १८४३ आषाढ १६ गते | काजी दामोदर पाडे पर्वतमा आक्रमण गर्न गोरखाबाट रमाना भए। (पद्म वंशा) |
| १८४३ आषाढ २२ गते | बहादुर शाह निकाला भए, फर्पिङमा अडिए। |
| १८४३ श्रावण २ गते | राजेन्द्रलक्ष्मीको देहत्याग। |
| १८४३ श्रावण ११ गते | बहादुर शाह आई शासक बने। |
| १८४३ भाद्र २७ गते | जीव शाहले अर्घा दखल गरे। रात्रिका लडाईमा शत्रु धेरै परे। |

| संवत् | घटना |
|---|---|
| १८४३ आश्विन ४ गते | दामोदर पाडे मोदी पार भई पर्वतराज्यमा पसे । बाग्लुंगको लडाइ जिती कालीवार जति दखल गरे । |
| १८४३ आश्विन २ गते | जीव शाहले इस्माको लडाइ जिती त्यो राज्य दखल गरे । |
| १८४३ आश्विन १३ गते | जीव शाहले एकापट्टिबाट र दामोदर पाडेले अर्कापट्टिबाट आक्रमण गरी पर्वतको राजधानी दखल गरे । |
| १८४३ आश्विन १८ गते | गोरखाली सैन्यले वादीकोट (प्यूठाना) दखल गरे । १९ गते प्यूठानाको राजधानी दखल गरे । राजा मणिचन्द्र भागी स्यूराजमा गए । |
| १८४४ आषाढ १५ गते | काजी रणजीत पाडे स्यामर्पा लामा लिन काठमाडौबाट हिडे कार्तिक, २१ गते लामा लिई आइपुगे । |
| १८४५ आषाढ २४ गते | चौ. श्रीकृष्ण शाहले कुतीतर्फ सैन्य लगे । श्रावण १० गते कुती दखल भयो । |
| १८४५ श्रावण २ गते | काजी कीर्तिमानसिंह बस्नेत अम्बरसिंह थापाहरूले केरुङतर्फ सैन्य लगे । ११ गते केरुङ दखल । |
| १८४५ श्रावण ३२ गते | सिखार्जुनमा आक्रमण गर्दा गोरखाली सैन्य हारी हटेर कुतीसम्म आए । |
| १८४५ भाद्र ९ गते | झुंगाको लडाइ जिती त्यो किल्ला गोरखालीले दखल गरे । |
| १८४५ आश्विन १० गते | झुंगामा शत्रुको घेरा पऱ्यो । |
| १८४५ आश्विन २३ गते | झुंगाका मद्दतलाई चौ. बलभद्र शाहले गोरखाली सैन्य लगे । |
| १८४५ कार्तिक २ गते | केरुङका शत्रुका घेरामा आक्रमण हुँदा शत्रु ६५ परे, गोरखाली उक्से । |
| १८४५ कार्तिक ५ गते | झुंगाका घेरामा आक्रमण हुँदा शत्रु हटे, गोरखाली उक्से । |
| १८४५ कार्तिक २६ गते | गोरखालीले केरुङ छोडी मार्ग १२ गते काठमाडौ दाखिल । |
| १८४६ श्रावण ८ गते | बिहाउँदो राती काजी शिवनारायण खत्री जुमला हान्न हिडे मुक्तिनाथ तिब्रीकोटको बाटो । आश्विन ३ गते विजय ।(पद्म)१६ गते विजयादशमीका दिन छिनछिना दरबारप्रवेश । हरिबोधिनीका दिन करनाली सांध । (घन) |
| १८४७ भाद्र ५ गते | काजी जगजीत पाडे डोटी हान्न हिडे । भाद्र ३१ गते दीपायल विजय । |
| १८४७ चैत्र ११ गते | जगजीत पाडे अम्बरसिंह थापाहरूले अलमोडा दखल गरे । |
| १८४८ आषाढ १२ गते | काजी जगजीत पाडे अम्बरसिंह थापाहरूले गढको राजधानी श्रीनगर दखल गरे । |
| १८४८ चैत्र | सिद्धपोखरीका लडाइमा काजी देवदत्त थापाले सुखीमलाई हराए, ५०० शत्रु मारिए । (वंशा) |
| १८४८ चैत्र | अछामको विद्रोह । (चिठी) |

| संवत् | घटना |
|---|---|
| १८४९ वैशाख | सरदार कालु पाडेले अछामी विद्रोह दमन गरी बाटो खुलाए (चिठी) |
| १८४८ श्रावण ३० गते | अभिमानसिंह बस्नेत फ्लुंगा हान्न हिडे । भाद्र २६ गते बिहाउँदो रातमा आक्रमण । हार भई हटेर केराउबारीमा बसे । (पद्य) |
| १८४८ आश्विन १८ गते | गोरखाली सैन्य डिगर्चामा पसे । काजी बम शाह, दामोदर पाँडे, देवदत्त, सरदार प्रतिमनप्रभृति । |
| १८४८ माघ ५ गते | डिगर्चा जाने सैन्य काठमाडौ उत्रे । |
| १८४९ आषाढ १० गते | चिनिया सैन्य कुकुरघाट तरी बस्यो । |
| १८४९ आषाढ १५ गते | आधारातमा दामोदर पाडेले केरुङतर्फ सैन्य हिडाए । |
| १८४९ आषाढ १६ गते | केरुङमा रहेका गोरखाली चिनियाउपर चढ्दा चिनियाले हटाए । पीढवर लामा घायल भई १८ गते केरुङ छोडी आए । |
| १८४९ श्रावण १३ गते | देउरालीमा चीन र गोरखाको लडाइ । गोरखाली काजी दामोदर हारे । भास्कर रानासमेत २ सुबेदार धेरै सैन्य परे । |
| १८४९ भाद्र ८ गते | गेर्खुमा चिनियासंग लडाइ । चिनिया हटेर वेत्रावतीमा बगे । |
| १८४९ आश्विन ५ गते | देवदत्त थापा चीन गए । |
| १८४९ आश्विन २४ गते | धैबुंगबाट चिनिया तुंगथांग फर्के । ५०००० तिर्ने घा भयो । |
| १८४९ चैत्र २४ गते | मेजर कर्कपेट्रिक नुवाकोट ब्यासीका दरबारमा । १३ दिन बसी फिरे । |
| १८५१ ज्येष्ठ २७ गते | रणबहादुर शाह गद्दिमा । [१८५० फागुनदेखि राजकाज आफूले लिएर पजनि गरेका थिए । (अनु)] रणबहादुर शाहलाई १८ महिना बडो कष्ट भयो । (पद्य) |
| १८५० ज्येष्ठ | साखुमाथि भोटेले विद्रोह गर्दा तिलंगाले हटाए । श्रावण ११ गतेमा नर्जा कपिलास गोल्फु क्षेपारका रैतिले कुल गर्दा शत्रुसाल साही र अम्बरसिंह थापाले दबाए । |
| १८५३ फागुन ११ गते | राति बहादुर शाह कैद, १८५४ आषाढ १४ गते आर्याघाटमा परलोक । |
| १८५४आश्विनशुक्ल१२मा | गीर्वाणयुद्धविक्रमशाहजन्म । |
| १८५५ फागुन २८ गते | गीर्वाणयुद्धविक्रम शाह गद्दिमा । |
| १८५६ कार्तिक ४ गते | श्रीकृष्ण शाह भागे, ६० साल श्रावणमा हरिहरक्षेत्रमा देहत्याग । |
| १८५६ कार्तिक १९ गते | स्वामिनी आर्याघाटमा परलोक भइन् । |
| १८५६ माघ १० गते | रात्रि ५ घडीमा श्रीगीर्वाणयुद्धको नुवाकोट सवारी, २० गते दाखील । |
| १८५७ ज्येष्ठ ८ गते | रात्रि ५ घडी जादा पुलचोकबाट रणबहादुर शाह भागी काशी गए, १७ गते |

| संवत् | घटना |
|---|---|
| | काशी पुगे । पछि अंग्रेजले चौकी राखीदियो । ज्येष्ठ १० गते गीर्वाणयुद्धको सवारी फिऱ्यो । |
| १८५७ ज्येष्ठ १७ गते | कृतिमानसिंह बस्नेत मुख्यमन्त्री भई पजनि गरे । |
| १८५७ आश्विन १५ गते | राति कृतिमानसिंह मारिए । १८ गते रणजीत पाँडे रणकेशर पाँडे आदि कैद भए । २३ गते प्रतिमन काजी, गर्भु सर्दार, इन्द्रसिं थापा सरदार आदि काटिए । |
| १८५८ वैशाख ८ गते | कप्तान नाक्स काठमाडौं आए । |
| १८५८ मार्ग १४ गते | जेठी महारानी थानकोट दाखील । |
| १८५८ मार्ग २७ गते | सोमप्रभावती (सुवर्णप्रभा?) दरबार छोडी देउपाटन भागिन् । |
| १८५८ पौष ५ गते | जेठी महारानी दरबारमा प्रवेश । |
| १८६० श्रावण ५ गते | सोमप्रभा र बम शाह, १५ गते बक्तुवारसिंह बस्नेत कैद भए । |
| १८६० श्रावण १८ गते | कप्तान नाक्स मकवानपुर पुगे । |
| १८६० फागुन २ गते | रणजीत पाँडे, अम्बरसिंह थापा, त्रिभुवन भडारखालमा कैद भए । |
| १८६० फागुनमा | भीमसेन थापालाई रणबहादुरले काशीमा मुक्तियारीको जर्दमोहर गरिदिए । |
| १८६० फागुन २१ गते | रणबहादुर शाह थान्कोट उत्रे । दामोदर पाँडे पक्रिए । प्रबल राना भागे । लुमडीमा मुकाम । |
| १८६० फागुन २७ गते | रणबहादुरको दरबारप्रवेश । |
| १८६० चैत्र ६ गते | दामोदर पाडे लुमडीमा, रणकेशर पाडे जगकेशर पाडे टक्सारी भीम (खवास) इन्द्रमान, सपर्नसिंह विष्णुमतीमा काटिए । (पद्य) |
| १८६० चैत्र १६ गते | शत्रुसाल शाही र शिव शाहका रानी नेल परे । |
| १८६१ वैशाख ६ गते | अंबरसिं थापा गढ हान्न हिंडे । |
| १८६१ वैशाख २७ गते | दामोदरका जहान पालपाबाट पक्री आए । |
| १८६१ ज्येष्ठ ४ गते | पालपामा चढाइ गर्न अमरसिंह थापा र दलभंजन पाडे खटिए । |
| १८६१ चैत्र २३ गते | पाल्पाली राजा पृथ्वीपाल सेन कैद भई पाटनदर्बारमा बांस । |
| १८६१ चैत्र २५ गते | पालपा दखल गर्न अमरसिंह थापा र दलभंजन पाडे हिडे । |
| १८६१ आषाढ २१ गते | चौ. हस्तदल शाह काजी अम्बरसिं थापाहरूले श्रीनगर (गढ) दखल गरे । (पद्य) ६० साल भाद्रशु. १४ का रातमा श्रीनगरको राजमहल भूकंपले भत्की रानीसमेत थिचिएका थिए । (घन) |

| संवत् | घटना |
|---|---|
| १८६१ माघ २३ गते | ज्येठामहारानी (राजराजेश्वरी) कैद भई धोकलसिंह बस्नेतको नारायणहिटि घरमा वास । १८६२ ज्येष्ठ १० गते त्यहाँबाट नंगा पयर सिन्धुमा निकाला । (पद्म वंशा) |
| १८६१ फागु १८ गते | गजराज मिश्रज्यूका छोरा नन्दु मिश्र थुनिए । |
| १८६१ फागु २३ गते | दलमर्दन शाह, श्रीकृष्ण शाह, पहलवान शाहका छोरा भडारखालमा कैद । (पद्म) |
| १८६१ फागुन २८ गते | श्रीकृष्ण शाहको घर भीमसेन थापाले पाई बस्न गए । चैत्र १७ गते दलमर्दन शाहको घर रंगनाथ पंडितज्यूले पाई बस्न गए । |
| १८६२ वैशाख | बिफर नखोपाएका राजधानीका केटाकेटी कंपनी लगाई निकाला । |
| १८६२ पौष १८ गते | काजी अजंबर पन्त कांगडातर्फ हिडे । फागुन गते किल्ला दखल । |
| १८६२ चैत्र ३ गते | राति त्रिभुवन कैद । |
| १८६३ वैशाख १४ गते | राति रणबहादुर सख्त घायल । शेरबहादुर काटिए । भोलिपल्ट बिहान रणबहादुर परलोक । सोही दिन शेरबहादुरका छोराहरू, विदुर शाह र तिनका छोराहरू काटिए । |
| १८६३ वैशाख २० गते | त्रिभुवन, नर्सिह, पृथ्वीपाल सेन, खजाञ्ची जगत् पाडेसमेत १३ जना काटिए । यिनीहरूका उमेर पुगेका भाइ छोरासमेत काटिए, अरू जहान चांडाललाई दिए । |
| १८६३ ज्येष्ठ १४ गते | मैया विलासवती सल्यानामा निकाला । |
| १८६३ आषाढ ७ गते | बम शाह कुमाउका गवर्नरीमा गए । |
| १८६३ आश्विन ९ गते | नयनसिंह थापा टिहरा लडाइमा घायल भई १७ दिनपछि मरे । |
| १८६३ कार्तिक ११ गते | अमृतसिंह थापा दलभंजन पाडेहरू कांगडा हिडे । |
| १८६४ कार्तिक १३ गते | सरदार वंशराज खत्री, पर्शुराम थापा १० कंपनी लिई कांगडातर्फ रमाना । |
| १८६५ कार्तिक १३ गते | काजी पूरण शाही, सरदार वीरभद्र कुवर, रणवीर खत्रीहरू १७ कंपनी लिई ऐ . . . । |
| १८६५ कार्तिक २६ गते | आसापुरीको लडाइ गोरखालीले जिते. शत्रु ५०२ परे, ६०० घायल भए । शत्रुपक्षका ७००० मानीस थिए । |
| १८६६ ज्येष्ठ १० गते | रातमा मालकांगडा शहरमा गोरखालीको दखल । (पद्म) |
| १८६६ ज्येष्ठ २८ गते | रणजीतसिंह पठानकोटमा आए ।(रणजीवनी वही) श्रावणमा लाहोरबाट सिख चढ्यो । (घन) भाद्र २४ गते रणजीतसिंहले कांगडा किल्ला लिए । |

| संवत् | घटना |
|---|---|
| १८६६ कार्तिक ७ गत | अमृतसिं थापा, दलभंजन पाडे कांगडा रमाना । नालापानीबाट फिरे ।(पद्म चिठी) |
| १८६६ | पंथजडामा बाह्लठकुराइले चढाइ गरे । |
| १८६६ | शम्सेर रानाले पंथजडाको लडाइ जितो शत्रु धपाए । |
| १८६६ | सिरमोरका राजाले मोर्नीमा आक्रमण पर्दा संसेर रानाले हटाए । |
| १८६६ | रणजोर थापाले आक्रमण गरी सिरमोरको राजधानी नाहन दखल गरे । |
| १८६७ आषाढ १३ गते | काजी अंबरसिंह थापाले जुबल बिसहर दखल गरे । |
| १८६८ वैशाख ३० गते | रणजीत पाडे परलोक भए । |
| १८६८ मार्ग २० गते | गजराज मिश्रज्यू निकाला । |
| १८६८ | भीमसेन थापा र अमरसिंह थापा जनरल भए । कम्पू खडा भयो । |

⊛★⊛

# राजेन्द्रविक्रम शाहको शासन

—बाबुराम आचार्य

| | |
|---|---|
| १८८८ चैत्र | श्री ५ महारानी ललितत्रिपुरसुन्दरी परलोक (वंदि १०।२ महामारीका बेथाले वं) |
| १८९२ कार्तिक | ज. भीमसेन थापाले कम्यांडरइनचीफको खिताब लिए (१७ गते चिठी) |
| १८९२ मार्ग-चैत्र | मातवरसिंह थापा ईग्लेंड जाने उमेद गरी कलकत्ता पुगेर आर्डर नपाउँदा फिरे। |
| १८९३ वैशाख-भाद्र | भीमसेन थापा बोर्लाङमा बेरामी । कायम मुकायम रणवीरसिंह थापा। (अनु) |
| १८९३ माघ | राजेन्द्रविक्रम शाहले भीमसेन थापाका विरुद्ध पजनी गरी (घन) रणजंग पाडेलाई काजी र रणदल पाडेलाई पाल्पागौडा दिए। (अनु) |
| १८९३ फागुन | राजेन्द्रले भीमसेन थापाका विरुद्ध पल्टनीया अफसर सिपाहीको खानगी घटाउने अधिकार रंगनाथ पंडितज्यूलाइ दिए। (वदि ९ वंशा) |
| १८९४ श्रावण | देवेन्द्रविक्रम शाह (बालक) परलोक। भीमसेन थापा, रणवीरसिंह थापाहरू र एकदेव वैद्य आदि कैद, सर्वस्वरोक्का। (११ गते २ चिठी) रणजंग पाडे |

| | |
|---|---|
| | देवान भै मिनिष्टरी काम गर्ने भए । फत्यजंग शाह कम्यांडरइनचीफ काम गर्ने केही महिनापछि भए । (तारा) |
| १८९४ आश्विन | रणजंगले मिनिष्टरी चलाउन नसक्दा रंगनाथ पण्डितज्यूले मुखत्यारी पाए । (अनु) |
| १८९४ चैत्र | भीमसेन थापा र रणवीरसिंह थापा छुटे, जागीर अगाडि नै खोसिएको सदरै भयो, जायजात फिर्ता भयो । भीमसेन बोर्लाङ गए । रणवीरसिंह काठमाडौमा नै संन्यासी भए । (अनु) |
| १८९५ | रणजंग कम्यांडरइनचीफ काम गर्ने भए । (अनु) |
| १८९५ कार्तिक | हिन्दुस्थानी राजाहरू र आवा र पेकीनमा नेपालबाट खरीता गयो । (अनु) महाभारतका गढीहरूमा सैन्य लगी राख्दा बृटिशतर्फबाट कर्नल ओग्लेंडरले सीमानामा सैन्य ल्याए । (ओल्ड) |
| १८९५ माघ | लाहोरमा खरिता लिई मातवरसिंह थापा गए । (अनु) |
| १८९६ वैशाख | भीमसेन थापालाई राजेन्द्रले काठमाडौ झिकाए । |
| १८९६ आषाढ | भीमसेन थापा, उनका मुख्यानी र अरू जहानसमेत कैद । |
| १८९६ श्रावण | भीमसेन थापाले आत्महत्या गरे । (वदि २ मा सेरिए, वदि ५ मा मरे वंशा) थापाहरूको जनै झिकियो । भीमसेनका २ मुख्यानी हेलंबु निकाला । कान्छी मुख्यानी र शेरजंग थापा नेलमा । (अनु) |
| १८९६ मार्ग | मातवरसिंह थापा लाहोरबाट पक्रिएर लुधियानामा आए । |
| १८९७ वैशाख | पुष्कर शाह चीनबाट फर्केर मुखत्यार भए । रंगनाथले छोडिदिए । (अनु) |
| १८९७ ज्येष्ठ | नेपाली अफसरले रामनगरका केही गाउँ तहसील गरे । ( चिठी ) कर्नल ओलीवरले गोरखपुरबाट पैदल सबार अंग्रेजी सेना सीमानामा ल्याए । (अकेटा ओल्ड) |
| १८९७ आषाढ | सिपाही–विद्रोह । रंगनाथ आदि छ अफसरका घर लुटिए । रेजिडेन्सी लुट्न गएकोमा हाडसनले शान्तिपूर्वक फर्काए । (वदि ६ वंशा हाडसनको जीवनी २१ जून ओल्ड) |
| १८९८ वैशाख | कम्पनीका गवर्नरले हप्कीको पत्र पठाए । ज्येष्ठमा नेपालबाट लत्रेको पत्र गयो । (चिठी) अंग्रेजलाई शान्त पार्न रणजंग पाडे र निजका भाइहरू मन्त्रीमण्डलबाट झिकिए । त्यसै समय पुष्कर शाह परलोक भए । फत्यजंग मुखत्यार भए । गुरुप्रसाद शाहले पाल्पाको तैनाथ पाए । |
| १८९८ आश्विन | अभिमानसिंह राना र दलभंजन पाडे मन्त्रिमण्डलमा थपिए । |

१८९८ भाद्र भीमसेन थापाका परिवार कैदबाट छुटी जनै पाए । (वदि ३० वंशा) भीमसेनको कुशको मूर्ति बनाई बडो धूमधामसँग दाहक्रिया भयो । (शुदि ११।६ वंशा)

१८९८ आश्विन जेठी महा. साम्राज्यलक्ष्मीदेवी परलोक । (अधिक आश्विनवदि ६ वंशा)

१८९९ कार्तिक सुरेन्द्रविक्रम शाहले युवराजाधिराजको खिताप पाए । (शुदि चिठि)

१९०० वैशाख मातवरसिंह नेपाल उत्रे । माघमा राजेन्द्रले लिन मानिस जंगबहादुरसमेत पठाएका थिए । (१७ अप्रेलमा काठमाडौ ओल्ड)

१९०० वैशाख सुरेन्द्रविक्रम शाहको विवाह । त्यसै दिनदेखि रणजंग विक्षिप्त भए । रणदल पाडे पनि विवाहलाइ आइपुगेका थिए । (अनु)

१९०० श्रावण थापाहरूले विषमुद्दामा सफाइ पाए । (जितापत्र वदि २।५ मा) पाडेपक्षका मुखिया रणजंग पागल थिए । निजलाई विष खुवाई गल्लिगल्लि घुमाई मारे । निजका भाइ रणदल, करवीर र भैयाद कुलराज काटिए । किर्ते कायलनामा लेख्ने डिट्ठा कनकसिंह महत कुण्डचाइए । जगतबम पाडे चीनबाट फर्की लासामा रहेका थिए । तिनलाई पक्रन वीरकेसर पाडे सीमानामा पुगेका थिए । तर ती अर्कै बाटो भागी बेतिया पुगे । रणबम थापा र इन्द्रवीर थापा दुइ कप्तान काटिए । बौधमान कार्कीको नाक कान काटियो । गोरापाडेमा दलबहादुरको नाक कान छेडियो । यी नाक कानवाला थापाका जुवाइ भानीज थिए । चौ. कुलचन्द्र शाह नजरबन्द भए । सर्वस्व दण्ड कैदसमेत हुने गरी ५० जना जति ।

१९०० पौष मातवरसिंह प्राइम्‌मिनिष्टर भए । (१८ नोवेम्बर प. ले) सुरुदेखि नै सुरेन्द्रको पक्ष लिए । फत्यजंग शाहले काम छोडी गयाश्राद्ध गर्न गएका, वही बेरामीको बहाना गरी गोरखपुरमा बसे । केहीपछि अभिमानसिंह राना पनी भागेर वही पुगे ।

१९०१ वैशाख फत्यजंगलाई १२ लाखमा पक्राउ भई सर्वस्व भयो । त्यस बखत निजका छोरा खड्गविक्रम र भाइ गुरुप्रसाद पनि वहीं भागेर पुगेका थिए ।

१९०१ मार्ग राजेन्द्र सुरेन्द्र र मातवरसमेतको हेटौंडा सवारी । वहीं बाबु छोरामा कलह हुदा मातवरले छोराको पक्ष लिई सारा राज्याधिकार सुरेन्द्रलाई दिलाई राजेन्द्रका पक्षमा लागेका १५ सिपाहीलाइ ढुकुवावासमा कटाए । अँटन कविराज बस्नेतलाई कुंडचाए । (मार्गवदि १)

१९०१ पौष सारा पल्टन मातवरको अख्तियारको लालमोहर गराए ।

१९०२ वैशाख मातवर मारिए । (शुदि ११।७ वंशा १७ मई = ज्येष्ठ ६ गते ओल्डफील्ड)

१९०२ ज्येष्ठ — कान्छा महारानी लक्ष्मीदेवीलाई अधिकार। मन्त्रीकाम काजी गगनसिंहले चलाए। (अनु)

१९०२ आश्विन — मन्त्रिमण्डलमा चौ. फत्यजंग, ज. गगनसिंह, ज. अभिमानसिंह राना र काजी दलभंजन पाडे भए। तिनीहरूलाई पल्टनको तैनाथ पनि बाडियो। गुरुप्रसाद शाह पालपा।

१९०२ माघ — काजी जंगबहादुर जनरल भई ३ पल्टं तैनाथ। (वदि ९।४ चिठि)

१९०२ माघ — कम्पनी र सिखको युद्ध चलेको हुनाले सिखका विरुद्ध कम्पनीलाई मद्दत दिन चाहन्छौ भनि गवर्नरलाई राजेन्द्रबाट खरिता गयो।

१८९९ — कार्तिकशु ९ रोज ५ सुरेन्द्र श्री ५ महा. (युवराज ?)।

१९०१ — सुरेन्द्रको हुकुम। (मार्गवदि १ रोज ३ मा)

१९०२ — जेष्टवदि ५ मा कान्छा रानीलाइ बाबु छोराको सल्लाहले काज गर्नु।

१९०३ — आश्विनवदि ९ राति गगनसिंहको हत्या र कोतपर्व।(रातमा १४, १५ सेप्टेंबर ओल्ड = भाद्र ३१ गते) मारिने ३१। ओलिपल्ट मुडिने।

१९०३ साल — आश्विनवदि ११।४ = आश्विन २ गते जंगबहादुर प्राइम्मिनिष्टर र कम्याण्डर-इनचीफ।

१९०३ कार्तिक — भडारखालपर्व मारिने १२।(कार्तिकशुदि १२।७ को चिठी ३१ अक्टो = कार्तिक १७ गते जंग)

१९०३ मार्ग — राजेन्द्र र कान्छा महारानीको काशीयात्रा (२३ नोवें = मार्ग १० गते जंग)

१९०३ चैत्र — सुरेन्द्र कायममुकायम भई गद्दीमा टकढक राजेन्द्रकै थामी। (२५ मार्च ओल्ड)

१९०४ ज्येष्ठ — (अ. ज्येष्ठशुदि १३।४ का राति ३ घडी जाँदा वंशावली १२ मई जंग) सुरेन्द्र राजगद्दीमा। अभिषेक। राजेन्द्र गद्दीबाट उत्रे। यसै दिन टुडीखेलमा भाषण भयो। अघिल्ला दिन पक्रिएका शेरमर्दन हमाल र डम्भर बिष्ट मारिए।

१९०४ श्रावण — (१८ जुलाइ जंग) सनकसिंह खत्रीले अलौमा छापा। रातमा ३ बजे राजेन्द्रलाई पक्रे। राजेन्द्रका पक्ष लिई मारिने कप्तान कीर्तिवीर थापा सं. १८८२ मा लेफटन छन्।

१९०५ ज्येष्ठ — राणाजीको पदवी र रजपूतसंग विवाहको अधिकार। (वदि २ को लालमोहर)

१९०५ आश्विन — सुरेन्द्रबाट सर्वाधिकार जंगलाई दिए। (लालमोहर वदि ८।३ को)

१९०५ हिउँद — सुरेन्द्र र जंगको तराई सवारी। सुरेन्द्रको केहीअघि र जंगको केहीपछि सवारी फिर्‍यो। त्यस बखत सिखयुद्ध थियो।

★

# जङ्गबहादुर

**—बाबुराम आचार्य**

अहिराम

रामकृष्ण (सरदार)

रणजित (काजी) — नयनसिंह थापा (काजी)

बालनरसिंह (काजी) — गणेशकुमारी

जङ्गबहादुर

जनरली मान दफदरषाना श्रीकुमारीचोक वसन्तपुर तहबील भडारषाल गैन्हको अषत्यारी राजेन्द्रबाट १९०२ माघवदि ९ रोज ४ मा ।

मुषत्यारी कम्यांडरइनचीफको खिताब १९०३ आश्विनवदि ११ रोज ४ मा ऐ.बाट ।

१९०३ कार्तिकवदि ११ मा कंपु पल्टन भारदार गैन्हले जंगले अह्राएबमोजीम गर्नु. म काशी जान्छु. कान्छा रानी र छोराहरू फर्के आउन नदिनु. दगा गरे ठोक्नु. ऐ.बाट ।

१९०३ का. शु. १० रोज ५ मा काशी जान्छु. कैद भए तिमी बस. नभए मेरो ४० वर्ष पुग्दा तिमी बसे. राजेन्द्रबाट सुरेन्द्रलाई ।

# १९३८ सालको पर्व

**—बाबुराम आचार्य**

१९३३ साल फागुनमा श्री ३ जंगबहादुर रौतहटमा परलोक हुदा संस्कार गर्न श्री ५ त्रैलोक्य र श्रीजंगीलाठ धीरको समेत रातारात सवारी भै फिऱ्यो । दुइजनाको बाटामा चित्त फाटेछ र नेपाल आएपछि त्रैलोक्यले धीरका नाशको चेष्टा गरी जंगबहादुरका छोरा जगतजंगलाइ हात लिन

खोजे । होमनाथ दूत भई कुरा गर्दा बखिपछिलाई राजी भए । तर बखिका आसपासैमा त्रैलोक्य परलोक भए । यसका ४ मैनापछि श्रीधीर कम्यांडरइनचिफ भए । अब श्रीविक्रम संग्रामसूर आदिले धीरका साथ श्री ३ रणउद्दीपको समेत नाश गर्ने षड्यन्त्र तयार गरी इंविक्रमलाई समेत मिलाए । ३८ सालमा दुइ पटक नाशको चेष्टा गरे (श्री ५ पृथ्वीका राज्याभिषेकमा ?) । दुवै पटक विफल भए । तेस्रा पटक पौष मसान्तको दिन निश्चय गरे । त्यस कामलाई लेफटेन उत्तरध्वजलाई समेत साथमा मिलाए । उत्तरध्वजले सारा कुरा श्रीधीरलाइ खोलिदिए । श्रीविक्रम र उत्तरध्वजको पुस्तैनि शत्रुभाव थियो ।

रणउद्दीपको सवारी तराइमा थियो । एकै रातमा वहां रहेका र नेपालमा रहेका अपराधीलाइ पक्रने हिसाबसंग धीरले पत्र लेखे । बमविक्रमको मद्दत लिई माघवदि २ का रातिमा यहां रहेका अपराधीलाई धीरले पक्रे; उसै रातमा सवारिमा रहेका अपराधी पनि पक्रिएर आए । माघवदि ४ मा, भागेका सुबेदार सिंहजंग पाडेले जहर खाई वाग्मती (टेकु) मा मरे । खारखेर हुदा संग्रामसूरले अघि त्रैलोक्य छदा भएको षड्यन्त्र पनि प्रकट गरे । त्यसमा लिप्त भएका इंविक्रम, नरेन्द्रविक्रम (साहेबज्यू) आदि पनि पक्रिए । अमृतसिंले सारा वृत्तान्त प्रकट गरिदिए । माघवदि ११ रातमा श्री ३ रणउद्दीपको सवारी फिऱ्यो ।

भोलिपल्ट काटिने–

| | |
|---|---|
| १. कर्णेल श्रीविक्रमसिं थापा | ११. केसरका भाई |
| २. कर्णेल अमरविक्रमसिं थापा | १२. सुबेदार पहलमान कार्की |
| ३. मेजर संसारविक्रमसिं थापा | १३. अैटन बांका अधिकारी |
| ४. मेजर संग्रामसूर विष्ट | १४. कप्तान फेदिसिं गुरुङ |
| ५. कप्तान समरविक्रमसिं थापा | १५. सुबेदार जंगविक्रम पाडे |
| ६. कप्तान नरबहादुर बिष्ट | १६. इन्सायन रणदल कार्की |
| ७. कप्तान भोजराज बिष्ट | १७. कप्तान बख्तुवार साही |
| ८. कप्तान शंसेरजंग थापा | १८. कर्णेल इन्द्रसिं टंडन |
| ९. लेफटें सूर्यप्रताप बिष्ट | १९. लेफटेन छत्रध्वज साही |
| १०. लेफ्टें केसर बिष्ट | २०. (नाम थाहा नभएका) |

माघशुदि ५ मा इनीहरूका बदमासी स्पीच टुडीखेलमा पल्टनमा भयो ।

माघशु. १४ मा मुडिने–

| | | | |
|---|---|---|---|
| सर्दार शिवप्रसाद अर्ज्याल | १ | मुलुकी सुब्बा दिग्विजय उपाध्या | ४ |
| सुब्बा होमनाथ | २ | काना भट्ट | ५ |
| सुब्बा टंकनाथ | ३ | | |

फागुनवदि २ का दिन काटिने–

कर्णेल वीरमानसिं बस्नेत (दबीरहेका) १

कर्णेल अमृतसिं अधिकारी (अघि २ पटक काट्न लगी फर्काइएका) २

सुबेदार लोकबहादुर थापा क्षत्री (पछि पक्रिएका) ३

६ वर्ष कैद हुने–

| | | | |
|---|---|---|---|
| सुब्बा शालिग्राम | १ | धनसानध्वज थापा छेत्री | ४ |
| जोगबहादुर खत्री | २ | कप्तान इन्द्रनाथ उपाध्या | ५ |
| छेत्रबहादुर बिष्ट | ३ | | |

६ मैन्हा कैद हुने–

सुबेदार रामविक्र सिं थापा

निकाला हुने–

| | | | |
|---|---|---|---|
| सुबा इन्द्रध्वज लोहिनी | १ | रुद्रनाथ पाध्या | ३ |
| बिरुज्यू | २ | | |

भागी फेला नपरेका–

| | | | |
|---|---|---|---|
| मे. क. दीपबहादुर साह | १ | कप्तान भैरवबहादुर खत्री | ३ |
| कप्तान संसेरजंग पाडे | २ | | |

फागुनवदि १२ का दिन भारादारी हुँदा अपराधी ठहरिएका ।

❋

## परिशिष्ट

# सङ्घर्ष केको लागि

—नयराज पन्त

सबैको विचार एकैनासको हुँदैन । विचारमा फरक आएपछि काममा पनि फरक आउँछ । आँखाले नदेखिने विषयमा त विचारको विभिन्नताले लिइएका बाटा कन् कन् फाट्तै जान्छन् ।

मानिस मर्दछ अर्थात् हातखुट्टा आदि चलाउनु आदि क्रिया गर्ने मानिस निष्क्रिय बन्दछ, निष्क्रिय भएको मानिसलाई अर्थात् मुर्दालाई त्यसै राखिछोड्यो भने केही दिनमा दुर्गन्ध बढ्दै गई कुहिन थाल्दछ । जीउँदो मानिसमा सक्रियता रहेको हुन्छ, मरेको मानिसमा सक्रियता रहेको हुँदैन । यसको कारण के हो भन्ने विचारले धेरै अगाडिदेखि बुद्धिमान्‌हरूलाई चिन्तित पारेको छ । एकथरीका बुद्धिमान्‌हरूले महाभूत (पृथ्वी जल तेज वायु) को विशेष संयोगले शरीर बन्दछ र त्यसमा क्रिया पनि आउँछ, दैबसंयोग शरीरमा केही खराबी पैदा हुन्छ र शरीर निष्क्रिय हुन्छ भन्ने उत्तर दिए । अर्काथरीका बुद्धिमान्‌हरूले महाभूत जड छन्; चेतन पदार्थ अर्कै छ; सो पदार्थ शरीरमा रहेसम्म शरीर सक्रिय हुन्छ; सो पदार्थले शरीरलाई छोडिदिएपछि शरीर निष्क्रिय हुन्छ भन्ने उत्तर दिए ।

येयं प्रेते विचिकित्सा मनुष्ये
ऽस्तीत्येके नायमस्तीति चैके ।

(कठोपनिषद् १।१।२०)

आत्मा कदापि मर्दैन यो शरीर मरे पनि ।
भन्ने कुरा कुनै गर्छन् यै हो सिद्धान्त नै भनी ।।४५।।

मरेपछि कुनै भन्छन्, सिद्धियो सब्र टुङ्गियो ।
आत्मा त्यो कल्पना नै हो, जो गयो, त्यो गयो गयो ।।४६।।

(वि. सं. २००७ आश्विनको पुरुषार्थमा छापिएको कठोपनिषद्को प्रस्तावनानामक मेरो निबन्धबाट)

यही विचारको भिन्नताले गर्दा आफ्ना आफ्ना विचारको समर्थनको लागि विद्वान्हरूले तर्क गर्दै ग्रन्थ लेख्तै गए र अहिले दर्शनशास्त्र परिष्कृत रूपमा संसारमा विभिन्न शाखाको रूपमा विकसित भएको छ ।

यहाँसम्मका कुराबाट परलोक आदिको अस्तित्व स्वीकार गर्ने वा नगर्ने भन्ने गम्भीर प्रश्न उहिलेदेखि नै चलिआएको छ भन्ने कुरा स्पष्ट हुन्छ । परन्तु एउटै मानिस परलोकको अस्तित्व स्वीकार गर्ने तथा नगर्ने दुवै पक्षमा जान लाग्यो भनेचाहिँ कुरो केही पनि हुँदैन भन्ने देखिन आउँछ ।

अहिले यहाँ परलोकविषयको कुरा गरियो । यस्ता कुरा सबैतिर पर्छन् ।

ग्रहणहरू आँखाले प्रत्यक्ष देखिन्छन् । संवत्सरहरू आँखाले प्रत्यक्ष देखिँदैनन् । यस कारण ग्रहणहरू दृष्ट र संवत्सरहरू अदृष्ट कहाउँछन् । ग्रहणहरूमा विशेष संस्कार दिनुपर्छ, अन्यत्र विशेष संस्कार दिनुपर्दैन भनी केही ज्योतिषी भन्दछन् ।

जस्तै–

तिथ्यन्तनाडीनतबाहुमौर्व्या लघ्व्यार्कशीतांशुफले विनिघ्ने
क्रमेण भक्ते नखगोसमुद्रैः ४९२० क्वङ्गाग्निवेदैः ४३६१ फलहीनयुक्तः।।६८।।

प्राक्पश्चिमस्थस्तरणिर्विधुः प्राग्गृणे फले युक्त इतोऽन्यथोनः ।
मुहुः स्फुटातो ग्रहणे रवीन्द्वोस्तिथिस्त्विदं जिष्णुसुतो जगाद ।।६९।।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार)

[चन्द्रग्रहणमा र सूर्यग्रहणमा पनि जो तिथ्यन्त घडी आएका छन्, तिनलाई ६ ले गुन्नू, नतकालांश आउँछन् । नतकालांशको लघुज्या ल्याउनू । त्यस लघुज्याले सूर्यको भुजफललाई गुनी ४९२० ले भाग लिनू । त्यही लघुज्याले चन्द्रको भुजफललाई गुनी ४३६१ ले भाग लिनू । सूर्यको

भुजफलको लब्धि सूर्य पूर्व कपालमा भए सूर्यबाट घटाउनू, सूर्य पश्चिम कपालमा भए सूर्यमा जोड्नू। चन्द्रमाको भुजफलको लब्धिचाहिँ चन्द्रमा पूर्व कपालमा छन् र भुजफल पनि ऋण छ भने चन्द्रमामा जोड्नू, नत्र चन्द्रमाबाट घटाउनू। अहिले ल्याइएका सूर्य र चन्द्रमाबाट फेरि तिथि ल्याउनू। फेरि नतकर्म गर्नू। एउटै फल नआएसम्म यो काम वारंवार गर्दै जानू। ब्रह्मगुप्तज्यूले यसरी असकृद्कर्म गरी ग्रहणमा स्पष्ट तिथि ल्याउनुपर्छ भनी बोल्नुभएको छ।]

ब्रह्मगुप्तले ग्रहणमा तिथिमा विशेष संस्कार दिनुपर्छ भनी बोलेका र भास्करले त्यसलाई उद्धरण गरेका छन्।

ब्रह्मगुप्तले बताएअनुसारको संस्कार दिई ग्रहणको निमित्त स्पष्ट तिथि ल्याउनुपर्छ भनी भास्करले अन्यत्र स्पष्ट गरी बोलेका छन्। जस्तै-

नतविहीनहतैः खगुणैर्हृताः खशरभानुभुवो दशवर्ज्जिताः।
रविहरः स विधोर्विदशांशको निजफलं निजहारहृतं क्रमात् ॥१॥
धनमृणं परपूर्वनते रवौ शशिनि पूर्वनते स्वमृणे फले।
इतरथोभयतोऽपि फलक्षयः स्फुटतरौ ग्रहणे च ततस्तिथिः ॥२॥

(करणकुतूहल चन्द्रग्रहणाधिकार)

सिद्धान्तशिरोमणिमा भनिएको रीतिलाई नै यहाँ प्रकारान्तरले लेखिएको छ। अर्थ बुझ्न सजिलो होस् भनी समीकरणमा अर्थ दिइन्छ। यी समीकरण सुधाकरको टीका १९ पृष्ठबाट लिइएका हुन्।

$$\text{सूर्यको नतसंस्कार} = \frac{\text{रफ}}{\dfrac{११२५०}{(३०\text{-न})\,\text{न}} - १०}$$

$$\text{चन्द्रको नतसंस्कार} = \frac{\text{चफ}}{\dfrac{९}{१०}\left(\dfrac{११२५०}{(३०\text{-न})\,\text{न}} - १०\right)}$$

यताबाट ग्रहणको निमित्त तिथिमा विशेष संस्कार दिने पक्षमा भास्कर सहमत थिए भन्ने स्पष्ट छ।

यस किसिमको विचार भएका ज्योतिषीहरू दृष्टादृष्टवादी कहाउँछन्।

कमलाकरले यस विषयमा तलको कुरा बोलेका छन्–

अदृष्टफलसिद्ध्यर्थं यथार्काद्युक्तितः कुरु ।
गणितं यद् हि दृष्टचर्थं तद् दृष्टच्युद्भवतः सदा ।।३२६।।

(सिद्धान्ततत्त्वविवेक मध्यमाधिकार)

[अदृष्ट फलको लागि सूर्यसिद्धान्तमा बताएअनुसारको गणित गर । दृष्टको लागि देखिए-अनुसारको गणित गर ।]

केही ज्योतिषीहरू सबैतिर देखिएअनुसार नै गणित गर्ने पक्षमा छन् तथा आफूलाई दृग्गणितवादी भन्छन् ।

दुर्भाग्यले गर्दा दृग्गणितवादीहरू एक मतमा पुग्न सकेका छैनन् । कोही दृग्गणितवादी सायनवादी छन् । कोही दृग्गणितवादी निरयणवादी छन् । कोही दृग्गणितवादी स्थिर तथा चल दुइ-थरीका अयनांश मान्दछन्, कोही दृग्गणितवादी यो कुरो मान्दैनन् । अयनांशकै विषयमा पनि कोही दृग्गणितवादी चैत्रपक्षको अयनांश मान्दछन्, कोही दृग्गणितवादी रैवतपक्षको अयनांश मान्दछन् ।[१]

वि. सं. २०२० मा सूर्यसिद्धान्तअनुसार आश्विनमा अधिमास परेको थियो । पञ्चाङ्ग-विवेचकसमितिले (सो समितिले गणितविषयको काम म र मेरा सहचर रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशीको जिम्मा लाएको थियो ।) भदौमा सोह्रश्राद्ध, कार्तिकमा दशैं हुने गरी नेपालमा पञ्चाङ्ग प्रकाश गर्न लाएको थियो । भारतका विश्वपञ्चाङ्ग (काशी हिन्दूविश्वविद्यालयको पञ्चाङ्ग) आदिमा पनि भदौमा सोह्रश्राद्ध कार्तिकमा दशैं परेका थिए । दृग्गणितवादी बापूदेव शास्त्री आदिका पञ्चाङ्गमा चाहिँ आश्विनमा अधिमास परेको थिएन र ता पञ्चाङ्गमा आश्विनमै दशैं लेखिएको थियो ।

मन्त्रीज्यूकहाँ पहुँच पुगेका आफूलाई दृग्गणितवादी भन्ने केही मानिसले हाम्रो विरोधमा ठूलो हल्ला मच्चाए, श्री ५ महाराजाधिराजको हजुरमा सम्म बिन्तिपत्र चढाई ठूलो सभा गराए । सभामा पराजित भएपछि पनि आफूले आश्विनमै दशैं गरे, मन्त्रीज्यूकहाँ रहेको आफ्नो प्रभावले पञ्चाङ्गसुधारसमिति बसाए ।[२]

वि. सं. २०२८ मा नेपालका पञ्चाङ्गमा आश्विनशुक्लमा टूटबढ केही थिएन ।

जस्तै–

| गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|
| ४ | सो. | १ | ३६। ५८ | नवरात्रारम्भः |
| ५ | मं. | २ | ४२। ८ | |

१. विद्या-रक्षा १३, १४, १५ सङ्ख्या ।

२. विद्यारक्षा १५ सङ्ख्या, पूर्णिमा १५ अङ्कका २७६–२७८ पृष्ठ ।

| गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|
| ६ | बु. | ३ | ४७। ८ | |
| ७ | बृ. | ४ | ५१। ३३ | |
| ८ | शु. | ५ | ५५। ५ | |
| ९ | श. | ६ | ५७। २९ | |
| १० | आ. | ७ | ५८। ४१ | |
| ११ | सो. | ८ | ५८। ३५ | महाष्टमी ८ व्रतम् सरस्वत्यावाहनं |
| १२ | मं. | ९ | ५७। १२ | महा ९ |
| १३ | बु. | १० | ५४। ४२ | विजया १० |
| १४ | बृ. | ११ | ५१। ९ | पापाङ्कुशा ११ व्रतम् |
| १५ | शु. | १२ | ४६। ४३ | |
| १६ | श. | १३ | ४१। ३८ | शनिप्रदोषव्रतम् |
| १७ | आ. | १४ | ३६। ० | कोजाग्रत्व्रतम् |
| १८ | सो. | १५ | ३०। ३ | पूर्णिमाव्र. १५ कार्तिकस्नान |

यस कारण आश्विन १३ गते बुधवार विजयादशमी परेको थियो । भारतको विश्वपञ्चाङ्ग आदिमा पनि यस्तै थियो ।

दृग्गणितवादी बापूदेव शास्त्री आदिको पञ्चाङ्गमा चाहिँ चौथी बढेको र द्वादशी टुटेको थियो ।

जस्तै–

| वार | तिथि | घडी पला | |
|---|---|---|---|
| चं. | १ | ४२। १३ | नवरात्रारम्भः |
| मं. | २ | ४८। ३० | |
| बु. | ३ | ५४। ३६ | |
| गु. | ४ | ६०। ० | |
| शु. | ४ | ०। २० | |
| श. | ५ | ५। १९ | |
| र. | ६ | ९। १६ | |
| चं. | ७ | ११। ४५ | सरस्वत्यावाहनम् |
| मं. | ८ | १२। ३४ | महा ८ महा ९ |
| बु. | ९ | ११। २९ | |
| गु. | १० | ८। २३ | विजया १० पापाङ्कुशा ११ व्रतं स्मार्तानाम् |

| वार | तिथि | घडी पला | |
|---|---|---|---|
| शु. | ११ | ३ । २६ —— —— ५३ २१ | पापाङ्कुशा ११ व्रतं वैष्णवानाम् |
| श. | १३ | ४८। ४१ | शनिप्रदोष १३ व्रतम् |
| र. | १४ | ३९। ३५ | कोजागरी १५ |
| चं. | १५ | २९। २३ | व्रताय १५ कार्तिकस्नानारम्भः |

यस कारण ती पञ्चाङ्गमा आश्विन १४ गते बृहस्पतिवार विजयादशमी परेको थियो । महाष्टमीहरूमा पनि यी दुइथरी पञ्चाङ्ग बाझिएको स्पष्ट देखिन्छ ।

भारतका दृष्टादृष्टवादी तथा दृग्गणितवादीहरूको बीचमा सङ्घर्ष पनि चलेको थियो[३] ।

हाम्रो यहाँका दृग्गणितवादीहरूले यस विषयमा केही हल्ला गरेको सुनिएन । सबै दृष्टादृष्टवादकै प्रवाह्मा बगेका देखिए ।

यसो हुनाको कारण दृग्गणितवादिब्रुव ( तथाकथित दृग्गणितवादी) हरूका आप्तजन नै पञ्चाङ्गनिर्णायक[४] हुनु हो कि जस्तो देखिन्छ ।

यताबाट वि. सं. २०२० को दृग्गणितवादको सङ्घर्ष केको लागि उठेको थियो भन्ने स्पष्ट हुन्छ ।

दुर्भाग्यले गर्दा हाम्रो देशमा सबैतिर यस्तै सङ्घर्ष चलिरहेछन् ।

पञ्चायती शासनका थिए जुन प्राणप्रतिष्ठापक झैँ बडा जन ।
अहो उनै नै त्यसको विरोधमा बोलीरहेछन् अति उच्च शब्दमा ।।१।।
यही अवस्था अहिले अगाडि छ, यल्ले मलाई पनि क्यै सिकाउँछ ।
यथार्थमा वादविशेषखातिर चल्दैन सङ्घर्ष यहाँ परस्पर ।।२।।
रहेर आफू पदमा प्रतिष्ठित आफन्तलाई पनि क्यै प्रतिष्ठित ।
गराउने औ धनमानसङ्ग्रह गर्ने छ खाली मनभित्र आग्रह ।।३।।

वि. सं. २०२९।५।१५ जनैपूर्णिमा

---

३. वि. सं. २०२८ आश्विन ९ गते (ई. सं. १९७१ सेप्टेम्बर २५) को नवभारत–टाइम्स ।

४. वि. सं. २०२६ देखि हामीहरूको हातबाट पञ्चाङ्गसंशोधनको काम गएको हो (पूर्णिमा १९ अङ्कका २३२–२३३ पृ.) ।

# हाम्रो वक्तव्य

नेपालमा इतिहास लेख्ने चलन प्राचीनकालदेखि थियो भन्ने कुरालाई गोपालराजवंशावली आदि वंशावलीले देखाउँछन् । भारतमा यस्तो चलन खालि काश्मीर र गुजरातमा मात्र चलेको प्रमाण पाइन्छ[1] । भारतमा अङ्ग्रेजी राज्य खडा भएपछि वि. सं. १८४० मा एशियाटिक सोसाइटी अफ् बङ्गाल् ( एशियासम्बन्धी बङ्गालको संस्था ) को स्थापना भएपछि मात्र पुरातत्त्व इतिहास आदिको शोध गर्ने प्रथा भारतमा चलन गएको हो ।

वि.सं. १८४९ मा ब्रिटिश इस्ट इन्डिया कम्पनीको दूतको रूपमा नेपाल आएका विलियम कर्कप्याट्रिकले नेपालको इतिहास भाषा आदिमा चाख लिई यो शोधको थालनी गरेका हुन् । तर कर्कप्याट्रिक राजदूत भएका हुनाले र आगामी लडाइँको लागि उपयोगी बाटाघाटा बुझ्नेतिर नै उनी ज्यादा लागेका हुनाले उनको पुस्तक नेपालको राजकाज बुझ्न खोज्ने अङ्ग्रेज अधिकारीहरूको लागि अधिक उपयोगी छ। फ्रान्सिस बुचनान ह्यामिल्टन, ब्रायन हृघ्टन हड्सन, हेन्री एम्ब्रोस ओल्डफील्ड, डेनियल राइट पनि यही परम्परामा हिँडेका छन् ।

गुजराती पण्डित भगवान्‌लाल इन्द्राजीले वि. सं. १९३७ मा नेपाली अभिलेखहरूको ग्रन्थ प्रकाश नगरेसम्म नेपालको इतिहासको अन्वेषण प्रामाणिक रूपमा शुरू भएको थिएन ।

---

१. स्वदेशी इतिवृत्तहरूमा राजतरङ्गिणी निकै प्रसिद्ध छ । वि. सं. १२०७ तिर कल्हणले पद्यमा लेखेको यो ग्रन्थ काश्मीरको इतिहास हो । जोनराज ( मृत्यु–वि. सं. १५१६ ) ले कल्हणको रीतिको अनुकरण गरी जेन–उल–आबिदीनको पालासम्मको ऐतिहासिक वर्णन लेखे । जोनराजका चेला श्रीवरले लेखेको जैनराजतरङ्गिणीमा वि. सं. १५१६ देखि १५४३ सम्मका घटना परेका छन् । त्यस पछिका प्राज्यभट्ट र उनका चेला शुकले अकबरको काश्मीरविजय भएको केही वर्षपछिसम्मको घटनाको वर्णन गरेका छन् ।

काश्मीरभन्दा पछि गुजरातमा पाइने निकै इतिवृत्तको उल्लेख गर्नु योग्य छ । रासमाला, सोमेश्वरको कीर्तिकौमुदी अरिसिंहको सुकृतसङ्कीर्तन, मेरुतुङ्गको प्रबन्ध–चिन्तामणि, राजशेखरको प्रबन्धकोश, जयसिंहका हम्मीरमदमर्दन र वस्तुपाल–तेजःपालप्रशस्ति, उदयप्रभको सुकृतकीर्तिकल्लोलिनी, बालचन्द्रको वसन्तविलास आदि प्रसिद्ध ग्रन्थ गुजराती इतिवृत्तमा पर्छन् ।

(बम्बईस्थित भारतीय विद्याभवनद्वारा प्रकाशित द् वैदिक् एज् ( वैदिककाल ) नामक ग्रन्थमा छापिएको रमेशचन्द्र मजुमदारको सोर्स् इज् अफ् इन्डियन् हिस्टरि ( भारतीय इतिहासका उपकरण) नामक निबन्धको एक अंशको अनुवाद, सो ग्रन्थका ४९–५१ पृ.)

भगवान्लालको नेपालविषयक ग्रन्थ प्रकाशित भएको ७ वर्षपछि जन्मेका बाबुराम आचार्यले भगवान्लालले गरे जस्तै कामको प्रारम्भ नेपालमा गर्नुभयो । यस काममा नेपालीहरूमा उहाँ अग्रणी हुनुहुन्छ ।

सरकारी पुस्तकालयको पुस्तक हेर्न पनि श्री ३ महाराजको विश्वासपात्र हुनुपर्ने राणाशासनमा[२] बाबुराम आचार्यले गर्न सक्ने जति शोध गर्न सक्नुभएन भन्ने कुरामा कुनै आश्चर्य छैन । प्रजातन्त्र-शासन शुरू भएपछि प्रकाशनस्वातन्त्र्यको नेपालीहरूले उपभोग गर्न पाए तापनि ६३ वर्ष पुगिसक्नुभएका प्रज्ञाचक्षु बाबुराम आचार्यले खास सुविधा नपाउनुभएकोले खास काम गर्न सक्नुभएन ।

पछि वि. सं. २०२१ तिर तात्कालिक श्री ५ युवराजाधिराज (वर्तमान श्री ५ महाराजाधिराज) वीरेन्द्रवीरविक्रम शाहदेवबाट ऐ. शि. बाबुराम आचार्यलाई इतिहास लेख्ने सुबिधा जुटाइदिइबक्सेकोले उहाँले ५ वटा उत्तम ग्रन्थ प्रकाश गराउन सक्नुभयो ।

वि. सं. २०२८ को अन्त्यमा राजकीय प्रज्ञाप्रतिष्ठानको प्रज्ञामानार्थ सदस्य हुनुभएपछि बाबुराम आचार्यज्यू ८४ वर्षको उमेरमा फेरि ग्रन्थ लेख्ने काममा लाग्नुभएको थियो । तर दुर्भाग्यवश चाँडै नै उहाँ परलोक हुनुभयो ।

पूर्णिमाको २७ अङ्कको लागि अरू नै लेख तयार भइसकेका थिए । तिनलाई अहिले रोकी अपशोचसाथ बाबुराम–आचार्य–श्रद्धाञ्जलि–अङ्कको रूपमा यो अङ्क प्रकाशित गरिएको छ ।

\+ \+ \+

सूचना— वि. सं. २०२७ कार्तिक मार्ग पौषको यो अङ्क हाम्रो कमजोरीले अहिले वि. सं. २०२९ आश्विनमा मात्र निस्क्यो ।

---

२. राणाशासनमा विद्याविकासको लागि धेरै बाधाहरू थिए तापनि राणाशासकहरू पुस्तक बेची पैसा कमाउने चक्करमा नलागेका हुनाले विद्वान्हरूलाई शासकले आफ्नो ग्रन्थ चोरी छपाउलान् भन्ने भय हुँदैनथ्यो । प्रजातन्त्र आएपछि नेताजीहरू मौका परे मन्त्री भई हालिमुहाली चलाउने, मौका नपरे हाटहुट गरी विद्वान् बनी धनमान कमाउने चेष्टामा लागेका हुनाले विद्याको क्षेत्रमा चोरी बढ्न गएको छ । उदाहरणको लागि भू. पू. मन्त्री डिल्लीरमण रेग्मीको कामकार्वाईलाई औंल्याउन सकिन्छ । (विद्यारक्षा ३ सङ्ख्या, सावधानपत्र १७ सङ्ख्या, इतिहास-संशोधन ६४ क्रमागत सङ्ख्या, ६५ क्रमागत सङ्ख्या, ६६ क्रमागत सङ्ख्या, ६७ क्रमागत सङ्ख्या, ६८ क्रमागत सङ्ख्या, पूर्णिमा ११ अङ्कका १७-२४ पृ., १०१–११८ पृ,. १३ अङ्कका ९१–९८ पृ., २२ अङ्कका १५४–१६८ पृ.,)

# विह्वलता

-नयराज पन्त

जन्मन्छ जो मर्छ उही भनीकन
यथार्थ जाहेर छ यो सबैकन ।
परन्तु आफ्ना जनको वियोगमा
यथार्थ यो ज्ञान रहन्न चित्तमा ॥१॥
गयो गयो त्यो अब फर्कंदैन त्यो
यो सम्झँदा विह्वल हुन्छ चित्त यो ।
जस्तोसुकै विह्वलता भए पनि
चिम्लेर आँखा सब खप्नुपर्छ नि ॥२॥

२०२९।६।२४।३

⊛★⊛

## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १४० | ११ | पढाई | पढाउनै |
| १४२ | ४ | स्पष्ठ | स्पष्ट |
| १४९ | २ | मुखलाई | मुखलाइ |
| १५० | २४ | (पुट्ठ र तिघ्र दुख्ने रोग) | (पुट्ठा र तिघ्रा दुख्ने रोग) |
| १६१ | २८ | विरख्यातो | विख्यातो |
| १६५ | १२ | दिग्बधन्न | दिग्बन्धन |
| १६८ | १७ | (तन्हो) | (तन्हौ) |

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

# संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल काठमाडौं नेपाल

## वि.सं. २०२६ आश्विन

यस अङ्कको मूल्य रु. ३।५०

मुद्रक–
युनिभर्सल प्रेस गङ्गापथ, काठमाडौं
फोन — १३८७७